# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८१/८२ - २०८३/८४) तथा

# आ.व. २०८१/८२ को वार्षिक विकास कार्यक्रम

Medium-Term Expenditure Framework & Annual Development Program

(Fiscal Year 2024/25 – 2026/27)


**लुङ्ग्री गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**वडाचौर, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**



२०८०

## विषय सूची

**परिच्छेद: परिचय....... १**

१.१ पृष्ठभूमि ....... १

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ....... १

१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य ....... २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ....... २

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ....... २

**परिच्छेद २ : मध्यमकालीन खर्च संरचना ....... ५**

२.१ पृष्ठभूमि ....... ५

२.२ चुनौती तथा अवसर ....... ५

२.३ सोच, उद्देश्य तथा रणनीति ....... ५

२.४ मध्यमकालीन आर्थिक खाका ....... ६

२.५ मध्यमकालीन नतिजा खाका ....... ७

२.६ मध्यमकालीन बजेट खाका ....... ८

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ....... १०

२.८ विषय उपक्षेत्रगत बाँडफाँट ....... १२

**परिच्छेद ३: आर्थिक वर्ष २०८१/८२ को विकास कार्यक्रम तथा बजेट ....... १४**

३.१ आर्थिक वर्ष २०८१/८२ विकास कार्यक्रम बजेटको बाँडफाँट ....... १४

३.२ उपक्षेत्रगत विकास कार्यक्रम तथा आयोजनाको विवरण ....... १५

**परिच्छेद ४ : आर्थिक क्षेत्र....... १८**

४.१ कृषि, खाद्य सुरक्षा तथा सिंचाइ ....... १८

४.२ पशुपन्छी विकास....... २०

४.३ पर्यटन तथा सम्पदा ....... २३

४.४ उद्योग, व्यापार तथा व्यवसाय ....... २५

४.५ भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा ....... २७

४.६. श्रम, रोजगारी तथा गरिबी निवारण....... २९

**परिच्छेद ५ : सामाजिक क्षेत्र....... ३२**

५.१ स्वास्थ्य तथा पोषण ....... ३२

५.२ शिक्षा विज्ञान तथा प्रविधि ....... ३५

५.३ खानेपानी तथा सरसरफाई....... ४०

५.४ महिला, बालवालिका तथा लक्षित वर्ग....... ४२

५.५ युवा खेलकुद तथा नवप्रवर्तन....... ४४

**परिच्छेद ६ : पूर्वाधार क्षेत्र....... ४७**

६.१ आवास, भवन तथा शहरी विकास....... ४७

६.२ सडक, पुल तथा यातायात ....... ४९

६.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा....... ५२

६.४ सूचना तथा सञ्चार प्रविधि ........ ५४

**परिच्छेद ७ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ५७**

७.१ वन, हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण ........ ५७

७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ५९

७.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन ........ ६१

**परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६४**

८.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६४

८.२ संगठन,मानव संसाधन र सेवा प्रवाह ........ ६६

८.३ राजस्व तथा स्रोत परिचालन ........ ६७

८.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ७०

## तालिका सूची


तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य ........ ६

तालिका २. २: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) ........ ७

तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ........ ८

तालिका २.४: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा) ........ १०

तालिका २.५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ १०

तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)........ ११

तालिका २.७: लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ ११

तालिका २.८: जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)........ ११

तालिका २.९: स्थानीय गौरवको आयोजनाको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण........ १२

तालिका २.१०: आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)........ १२

# परिच्छेद: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework-MTEF) सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो। यसले स्थानीय सरकारले अबलम्बन गरेका नीति तथा योजनाहरुले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न मद्दत गर्दछ। मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरूलाई आत्मसात गरेको हुन्छ। यसले सरकारले लिएको नीति, आवधिक योजना र वार्षिक नीति कार्यक्रम र बजेटबिच सामञ्जस्यता कायम गराउँछ। जसबाट उपलब्ध सिमित स्रोतको अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउँछ। यसले आगामी दिनमा पर्ने दायित्वको पूर्वानुमान तथा स्रोतको सुनिश्चितता समेत गर्दछ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। यसले त्रिवर्षीय चक्रीय योजनाका रुपमा आगामी तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलाप समावेश गरेको हुन्छ। यसका अतिरिक्त कार्यक्रम तथा आयोजनाको प्रति एकाई लागत, खर्च गरिने क्षेत्र, कार्यक्रम र आयोजनाहरूको प्राथमिकीकरण र खर्चका स्रोत समेत समाविष्ट गरिएको हुन्छ। उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

नेपालमा सर्वप्रथम दशौं राष्ट्रिय आवधिक योजनासँगै मध्यमकालीन खर्च संरचना तर्जुमाको अभ्यास शुरुवात भएको थियो। सङ्घीय शासन व्यवस्थाको थालनीसँगै मध्यमकालीन खर्च संरचना नेपालमा कानूनी रुपमा सरकारको अनिवार्य दायित्वका रुपमा रहेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नु पर्ने प्रावधान रहेको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रकृयालाई स्पष्ट पारेको छ। प्रचलित कानुनी र दिग्दर्शनको व्यवस्था, गाउँपालिकाको आवधिक योजना, विकास कार्यक्रम तथा आयोजना प्राथमिकता तथा स्रोत लगानीको आवश्यकताबमोजिम यस मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा मुलभुत पक्षहरुलाई समावेश गरेको हुन्छ। मध्यमकालीन वित्त खाकालाई आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजनाको लक्ष्य उद्देश्यको आधारमा उत्पादन, रोजगारी र आय लगायतका परिसूचक समावेश गरी तयार गरिन्छ। मध्यमकालीन बजेट खाका स्थानीय तहलाई सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी खर्चको अनुमान तथा प्रक्षेपण तयार गरिन्छ। मध्यमकालीन नतिजा खाकालाई बजेटको कार्यान्वयनबाट आगामी तीन वर्षमा प्राप्त हुने प्रतिफलको अनुमान गरी तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनाले चक्रीय रुपमा हरेक आर्थिक वर्षमा तीन आर्थिक वर्षको बजेटको आँकलन गर्दछ। यसमा पहिलो आर्थिक वर्षमा खर्च र स्रोतको अनुमान गरिएको हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि खर्च तथा स्रोतको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिएको हुन्छ। मध्यमकालीन खर्च संरचनाले खर्च तथा स्रोतको यथार्थपरक विश्लेषणबाट बजेट तर्जुमा प्रक्रियालाई वस्तुनिष्ठ बनाउन मद्दत गर्दछ। यस खर्च संरचनाले स्रोत साधनको विनियोजन कुशलता (बढी प्रतिफल), कार्यान्वयन दक्षता (कार्यान्वयन गर्न सकिने) र वित्तीय सुशासन (विनियोजनको पालना) कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा सहयोग गर्दछ।

## १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

मध्यमकालीन खर्च संरचना तयारीको मुख्य उद्देश्य विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गर्नु रहेको छ। यसका विशिष्ट उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

१. वार्षिक बजेटलाई आवधिक योजनासँग जोडनु र स्रोत विनियोजनलाई उपलब्धिमूलक बनाउनु,
२. प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,
३. स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु,
४. मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाउनु,

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लेखित विषयलाई प्रमुख आधारको रुपमा लिइएको छ :

१. नेपालको संविधान
२. दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५–२०३०)
३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
४. राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८१/८२)
५. सोह्रौं राष्ट्रिय योजना (२०८१/८२–२०८६/८७) को अवधारणा पत्र
६. कर्णाली प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७–२०८०/८१)
७. नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
८. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
९. स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
१०. स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९
११. स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९
१२. गाउँपालिकाको आवधिक तथा विषय क्षेत्रगत रणनीतिक/गुरूयोजना (शिक्षा क्षेत्र योजना)
१३. गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
१४. वस्तुस्थिति विवरण अथवा स्थितिपत्र (प्रोफाईल)
१५. गाउँपालिकाको गत विगत आर्थिक वर्षहरूको नीति कार्यक्रम, स्वीकृत, प्रगति प्रतिवेदन आदि।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्थाबमोजिम देहाय अनुसारको मध्यमकालीन खर्च संरचना तर्जमा विधि तथा प्रक्रिया अबलम्बन गरी वार्षिक विकास कार्यक्रमसँगै यस मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ।

*चरण १: तयारी कार्य*

गाउँपालिकामा मध्यमकालीन खर्च संरचना नयाँ अभ्यास भएकोले पहिलो पटकका लागि विज्ञको सहयोग तथा सहजीकरणलाई अगाडि बढाइएको छ । विज्ञको सहयोग र सहजीकरण विशेष गरी गाउँपालिकाका पदाधिकारी र कर्मचारीलाई अभिमुखीकरण र वित्तीय विश्लेषण, आधार अवस्था तथा तथ्याङ्क विश्लेषण, साङ्केतीकरण र दस्तावेजीकरणमा योजना तथा सार्वजनिक वित्त व्यवस्थापनमा परिचालन गरिएको छ।

*चरण २: सन्दर्भ सामग्री सङ्कलन तथा समीक्षा*

यस मध्यमकालीन खर्च संरचना तयारीका लागि गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा विषय विज्ञबाट सान्दर्भिक सङ्घीय, प्रदेश एवम् स्थानीय तहका योजना, नीति, कानून, दिग्दर्शन र कार्यविधि सहितका दस्तावेज सङ्कलन एवं अध्ययन गरियो। यसका माध्यमबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा रहेका प्रावधान एवम् आवश्यक सूचना पहिचान तथा विश्लेषण गरियो।

*चरण ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

विज्ञको सहयोग र सहजीकरणमा मध्यमकालीन खर्च संरचना तयारीको प्रक्रिया, ढाँचा, औजार र कार्ययोजना तयार गरियो । स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी दिग्दर्शनको व्यवस्था र स्थानीय विशिष्टता एवम् आवश्यकता अनुकूल हुने गरी मध्यमकालीन खर्च संरचना तयारीको ढाँचा, विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा छलफल गरी समान बुझाई कायम गरियो । यस छलफलमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक लगायत कार्यपालिका पदाधिकारी र विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

*चरण ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

मध्यमकालीन खर्च संरचनाको अवधारण र तयारीका, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा कार्यपालिका सम्बन्धमा पदाधिकारी र कर्मचारीबिच समान बुझाइ कायम गर्ने उद्देश्यले २०८० साल चैत्र २२ गते एक दिवसीय मध्यमकालीन खर्च संरचना तयारी अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठीको सञ्चालन गरियो । यस कार्यशाला गोष्ठीमा गाउँ कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना तयारीको अवधारणा, विधि, औजार, संस्थागत व्यवस्था र कार्यसूचीलाई प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरूपता कायम गरियो । सो कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र कार्ययोजनाको स्वीकृति गरी जिम्मेवारी र भूमिका समेत स्पष्ट गरियो ।

*चरण ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना*

गाउँ कार्यपालिका कार्यालयको आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक/गुरूयोजना र वार्षिक नीति, कार्यक्रम तथा आयोजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति तथा शाखाबिच अन्तरक्रिया तथा रायपरापर्श गरियो । अन्तरक्रिया तथा परामर्शमा कार्यक्रममा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी र विषयगत शाखा एवम् एकाइका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो । यसबाट समष्टिगत तथा विषयगत प्रमुख उपलब्धि, चालु, क्रमागत र बहुवर्षीय आयोजना तथा कार्यक्रम, सालबसाली कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान तयार भएका कार्यक्रम तथा आयोजना पहिचान र लगानीको आवश्यकता पहिचान गरियो । यसै छलफलबाट स्रोत सुनिश्चतता गर्नुपर्ने कार्यक्रम तथा आयोजनाको सूची तयार गरी उपक्षेत्रगत रुपमा स्रोत आवश्यकता निर्धारणको प्रस्ताव तयार गरियो ।

*चरण ६: खर्च तथा स्रोतको अनुमान र त्रिवर्षीय प्रक्षेपण*

गत विगत आर्थिक वर्षहरूको स्रोतको उपलब्धता एवं आगामी वर्षहरूको सम्भाव्यताका आधारमा आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त स्रोत, अन्तर–सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त स्रोत लगायतका विभिन्न स्रोतको आगामी वर्ष (बजेट वर्ष) को लागि अनुमान तथा आगामी दुई आर्थिक वर्षको प्रक्षेपण गरियो । त्यसैगरी, विगत आर्थिक वर्षहरूको खर्चको प्रवृति, चालु तथा बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । विषय विज्ञको सहयोग र सहजीकरणमा कार्यदलले आगामी तीन आर्थिक वर्षहरूको खर्च तथा स्रोत प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण तथा आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तर्जुमा मार्गदर्शन तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत तयार गरी कार्यपालिकामा पेश गरियो । यस सम्बन्धमा कार्यपालिकामा छलफल तथा निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले सबै विषयगत शाखा तथा वडा समितिलाई आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तयारीका लागि उपलब्ध गराइयो । मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

*चरण ७ : विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत शाखाबिच छलफल, परामर्श र अभ्यास गरियत्त । यस छलफल तथा अभ्यासबाट सबै विषय क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना र कार्यक्रमको पहिचान, प्राथमिकता निर्धारण, लागत अनुमान एकिन र आगामी तीन आर्थिक वर्षको लागि स्रोत

आवश्यकता निर्धारण गरियो । त्यसैगरी, विषयगत रूपमा प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्य, लैंङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण प्रस्ताव तयार गरियो ।

*चरण ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

विषयगत समितिका पदिधकारी र विषयगत शाखा तथा एकाइका प्रमुख/प्रतिनिधिसँगको परामर्श र उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा तयार भएको विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । विषयगत क्षेत्र मध्यमकालीन संरचनाको दस्तावेजलाई विषयगत समितिमा थप छलफल तथा प्रमाणीकरणका लागि पेश गरियो । यस प्रक्रियामा विषयगत समिति तथा शाखाले विषय विज्ञको सहयोग लिएको थियो ।

*चरण ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी स्वीकृत ढाँचामा कार्यदलले मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज गर्यो । मस्यौदा दस्तावेजमा विषयगत समितिको छलफलको सुझाब तथा निष्कर्ष र मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग रायपरामर्श समेत आधार लिइएको थियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलबाट आवश्यक सहयोग एवम् बजेट सीमा तथा मार्गदर्शन अनुकूल भए नभएको रूजु गरियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा समष्टिगत मध्यमकालीन वित्त खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषय क्षेत्रगत रुपमा योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

*चरण १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमाथी सुझाब तथा पृष्ठपोषण हासिल गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना दस्तावेज कार्यपालिकाको नियमित बैठकमा प्रस्तुत गरियो । उक्त कार्यपालिका बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो । बैठकमा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना, प्राथमिकता, स्रोत बाँडफाँट, स्रोत विनियोजन तथा साङ्केतीकरण र मध्यमकालीन खर्च संरचनाको समग्र मस्यौदा दस्तावेजमाथी सुझाब र पृष्ठपोषण हासिल गरिएको थियो ।

*चरण ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा परिमार्जन गरी अन्तिम दस्तावेजका रुप प्रदान गरियो । यसका लागि विषयगत शाखाहरूबाट आवश्यक थप सूचना तथा विवरण सङ्कलन तथा विश्लेषण गरिएको थियो । यसरी तयार भएको मस्यौदालाई विषय विज्ञको सहयोग र सहजीकरणमा अन्तिम रुप प्रदान गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरियो ।

# परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारको समग्र विकास, समृद्धि र जनताको आर्थिक–सामाजिक रुपमान्तरणको आकांक्षालाई मुर्त रुप दिनका लागि सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी गराउनु आवश्यक हुन्छ । मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्न मद्दत पुऱ्याउँछ । यसका अतिरिक्त प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गरी सरकारले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न उपयुक्त परिवेश तयार गर्दछ । दीर्घकालीन तथा आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजनको सुनिश्चितता र सो अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु जरुरी हुन्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली लगायतका सङ्घीय कानूनले सङ्घ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिका पदाधिकारी तथा कर्मचारीको सहभागितामा यस गाउँपालिकाको प्रथम आवधिक योजना, विषय क्षेत्र रणनीति तथा गुरूयोजना र गत विगत वर्षहरूको वार्षिक नीति तथा कार्यक्रम र उपलब्ध सूचनालाई आधार मानी आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना (२०८१/८२–२०८३/८४) तयार गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

जलवायु परिवर्तनको प्रभाव न्यून गर्नु, ग्रामीण पूर्वाधार, सेवा तथा सुविधामा पहुँच तथा सहजता वृद्धि गर्नु, ग्रामीण बसाँईसराइ तथा जनशक्ति पलायन कम गर्नु, स्थानीय अर्थतन्त्र सुदृढ तथा क्रियाशिल बनाउनु, तापमान वृद्धिको असर कम गर्नु, बाढी पहिरो तथा नदी कटानको जोखिम कम गर्नु, वातावरणीय स्वच्छता कायम गर्नु, विपद् जोखिम न्यूनीकरण गर्नु र विकासमा अन्तरसरकार, निजी क्षेत्र तथा गैसससँगको साझेदारीमा वृद्धि गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन् ।

सडक यातायातका माध्यमबाट सङ्घीय राजधानीसँग अन्तर–आवद्धता विस्तार हनु, राजनीतिक संक्रमण तथा कोभिड-१९ को महामारी कम भइ आर्थिक गतिबिधिहरू वृद्धि हुँदै जानु, सङ्घ तथा प्रदेश सरकार र विकास साझेदारबाट पूर्वाधार विकास, सामाजिक तथा आर्थिक र वातावरण व्यवस्थापनको क्षेत्रमा लगानी विस्तार हुँदै जानु, गाउँपालिका क्षेत्रको विकासमा सङ्घीय तथा प्रदेश सरकार, गैसस तथा निजी क्षेत्रबाट लगानी विस्तार हुँदै जानु, सांस्कृतिक तथा प्राकृतिक अनुपम सम्पदा क्षेत्रका रुपमा प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो बढदै जानु यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन् ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

कृषि, पर्यटन, उद्योग तथा व्यवसाय, शिक्षा, स्वास्थ्य, तथा पूर्वाधार क्षेत्रलाई गाउँपलिकाको प्राथमिकता तथा तुलनात्मक लाभका रूपमा मनन गरी प्रथम आवधिक योजना प्रमुख लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमलाई यस मध्यमकालीन खर्च संरचनाको आधारको रुपमा लिइएको छ । साथै गाउँपालिकाको चालु एवम् विगत वर्षहरूको नीति तथा कार्यक्रममा समावेश विकासको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई पनि आधार मानिएको छ । त्यसबाहेक सोह्रौ योजनाको अवधारणा-पत्र, लुम्बिनी प्रदेशको दोस्रो योजना आधार-पत्र समेतका आधारमा यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहायबमोजिम प्रस्तुत गरिएको छ ।

### २.३.१ दीर्घकालीन सोच

समृद्ध लुङग्रीः सुखी लुङ्ग्रीबासीको दीर्घकालीन सोच सहितको गाउँपालिकाका प्रथम आवधिक योजना, गत विगत आर्थिक वर्षहरुको नीति तथा कार्यक्रम, शिक्षा तथा सडक क्षेत्र योजना लगायतका विषयगत योजना, क्रमागत आयोजना तथा कार्यक्रम, विकास प्राथमिकता तथा तुलनात्मक लाभको क्षेत्रको आधारमा राष्ट्रिय सोच तथा लुम्बिनी  प्रदेश सरकारको सोचसँग तादाम्यता हुने तयार गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छः

"**समृद्ध लुङ्ग्रीः सुखी लुङ्ग्रीबासी**"

दीर्घकालीन सोचको व्याख्या: "गुणस्तरीय शिक्षा र प्रतिष्पर्धी जनशक्ति, स्वास्थ्य, सडक, विद्युत र सूचना प्रविधिमा सहज पहुँचको स्थापनाबाट पर्यटन, कृषि तथा पशुपालन मार्फत व्यापक आर्थिक अवसरको सिर्जना भई स्वस्थ, सुसंस्कृत र सुखी नागरिक बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपले समुन्नत लुङ्ग्री गाउँपालिका"

### २.३.२ लक्ष्य

आर्थिक तथा सामाजिक रुपले समुन्नत लुङ्ग्रीको आधार तयार गर्ने।

### २.३.३ उद्देश्य

१. स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि गर्नु,
२. सुशिक्षित, स्वस्थ र आत्मनिर्भर जनशक्ति तयार गर्नु,
३. सडक यातायात तथा सूचना प्रविधिमा पहुँच विस्तार र सार्वजनिक निर्माण व्यवस्थित गर्नु,
४. जमिन, हरियाली र जलस्रोतको दिगो व्यवस्थापन र समुत्थानशीलता सुनिश्चित गर्नु,
५. गाउँपालिका र स्थानीय सरोकारवालाको कार्यसम्पादन र सेवा प्रवाहको स्तर वृद्धि गर्नु।

### २.३.४ समष्टीगत रणनीति

१. कृषि, पशुपन्छी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने,
२. पदयात्रा र ग्रामीण पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने,
३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधामा सबैको पहुँच सुनिश्चित गर्ने
४. सहज यातायात, व्यवस्थित बजार तथा बस्ती, सुरक्षित आवास, स्वच्छ उर्जा र संचारको विस्तार तथा स्तरोन्नती गर्ने
५. विकास प्रकृयालाई वातावरणमैत्री, दिगो, विपद् उत्थानशील तथा समतामूलक तुल्याउने
६. सङ्घ, प्रदेश, छिमेकी गाउँपालिका, स्थानीय समुदाय, सहकारी, निजी क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय, साझेदारी र सहकार्यलाई विस्तार गर्ने

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, लुम्बिनी प्रदेशको "समृद्ध प्रदेशः सुखी जनता" को सोच र गाउँपालिकाको "समृद्ध लुङ्ग्रीः सुखी लुङ्ग्रीबासी" को सोच, लक्ष्य तथा उद्देश्य अनुरुप आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ।

आर्थिक खाका तर्जमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्यायिक, नतिजामूलक व्यवस्थापन, निजी, समुदाय तथा सहकारी क्षेत्रको लगानी, उत्पादन, रोजगारीमा प्रोत्साहन सहित सबल स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइएको छ। यस अवधिमा राजनीतिक अस्थिरता कोभिड-१९ विश्वव्यापी महामारी तथा आर्थिक मन्दीको कारण मुलुकको राजस्व तथा अर्थतन्त्रमा पर्ने असरलाई मध्यनजर गर्दै आगामी आ.व. २०८१/८२ को स्थानीय अर्थतन्त्र अवस्था अनुमान गरी सोबमोजिम लक्ष्य निर्धारण गरिएको छ। सो अनुसार उत्पादन, रोजगारी र आय लगायतका आर्थिक सूचकहरूको लक्ष्य निर्धारण गरिएको छ। दोस्रो तथा तेस्रो वर्षको लक्ष्य प्रथम आवधिक योजनाको अधारमा लक्ष्य उल्लेख गरिएको छ। सो अनुसार आगामी ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल वार्षिक उत्पादन | रु. लाखमा | १८७९ | ४३८९ | ४९८६ | ५५६८ | ६०९८ |
| *१.१* | *कृषि क्षेत्र* | रु. लाखमा | ५११ | २८९४ | ३३२३ | ३७३० | ४०७८ |
| *१.२* | *गैर कृषि (उद्योग र सेवा) क्षेत्र* | रु. लाखमा | १३६८ | १४९५ | १६६३ | १८३८ | २०२० |
| २ | औषत पारिवारिक वार्षिक आय | रु. लाखमा | ०.३४ | ०.७८ | ०.८६ | ०.९३ | ०.९९ |

| क्र.सं. | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३ | उद्योग, व्यापार र व्यवसाय | सङ्ख्या | ३०४ | ३२५ | ३५० | ३७५ | ४०० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी श्रृजना | सङ्ख्या | ५०००० | ५७९०० | ६५९०० | ७३९०० | ८२००० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७७ | ८० | ८४ | ८८ |

*स्रोत:* गाउँ कार्यपालिका कार्यालय, २०८०

## २.५ मध्यमकालीन नतिजा खाका

नेपालको सोहौं योजनाको अवधारणा-पत्र, लुम्बिनी प्रदेशको दोश्रो योजनाको आधार-पत्र तथा गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०८०/८१ को अनुमानित उपलब्धिको आधारमा आ.व. २०८१/८२ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य विषय क्षेत्र योजना, वार्षिक नीति तथा कार्यक्रम, विद्यमान अवस्था र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २.२ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)

| क्र.सं. | सूचक लक्ष्य | एकाई | २०७९/८० सम्म को वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २५ | ३५ | ३७ | ३९ | ४१ |
| २ | पशुपालनमा संलग्न कृषक | सङ्ख्या | २१६५० | २३३४३ | २५००० | २५००० | २५००० |
| ३ | पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | ० | ० | १५ | ३० | ५० |
| ४ | उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ७०४ | १००० | ११०० | १२०० | १३२० |
| ५ | वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या | सङ्ख्या | १०० | २०० | ५०० | १००० | २००० |
| ६ | रोजगारी सिर्जना (१०० दिनको रोजगारी) | जना | ५०० | ५७९ | ६५९ | ७३९ | ८२० |
| ७ | बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिला | प्रतिशत | ८० | ८२ | ९० | ९५ | १०० |
| ८ | ५-१२ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिका | सङ्ख्या | ५६ | ५० | ४० | ३० | २० |
| ९ | ४-५ वर्ष उमेर समूहका बाल विकास केन्द्रमा भर्ना हुने बालबालिका | सङ्ख्या | १४०४ | १४५० | १५०० | १५५० | १६०० |
| १० | कक्षा १२ पुरा गर्ने विद्यार्थी | सङ्ख्या | २२३ | २२३ | २४० | २५० | २६० |
| ११ | एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | १६.७२ | २० | ३० | ४५ | ७० |
| १२ | सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ९५ | ९७ | १०० | १०० |
| १३ | सिपमुलक तालिम प्राप्त महिला | सङ्ख्या | १४० | १५९ | २७० | २८० | ३०० |
| १४ | अन्तराष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १० | १० | १५ | २० | २५ |
| १५ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण आवास घर | प्रतिशत | ० | ०.५ | २ | ३ | ४ |
| १६ | कुल सडक लम्बाई | कि.मि. | ९९.५ | १०४.१ | ११० | १२० | १५० |
| १७ | विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ७० | ७२ | ७५ | ८५ | ९५ |
| १८ | कम्प्युटर, इन्टरनेट लगायत सूचना प्रविधिमा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ५० | ६० | ६५ | ७० | ७५ |
| १९ | वनले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | ६६८५ | ६६८५ | ६६८७ | ६६८७ | ६६८७ |
| २० | सार्वजनिक शौचालय | सङ्ख्या | २ | ३ | २ | ४ | ८ |
| २१ | नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ८५ | ८७ | ८८ | ९० |
| २२ | संस्थागत स्वमूल्याङ्कनको प्राप्ताङ्क प्रतिशत | प्रतिशत | ६४.२५ | ७४.२५ | ७८ | ८१ | ८३ |
| २३ | वार्षिक आन्तरिक आय रकम | रुलाखमा. | ४३७२ | ७३०० | ७०२६ | ७९६१ | ९०२५ |
| २४ | समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७८ | ८९ | ९० | ९२ | ९५ |
| २५ | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २५ | ३५ | ३७ | ३९ | ४१ |
| २६ | पशुपालनमा संलग्न कृषक | सङ्ख्या | २१६५० | २३३४३ | २५००० | २५००० | २५००० |

## २.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित प्रथम आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय तुलनात्मक लाभका क्षेत्र तथा प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ । गाउँपालिकामा पहिलो पटक तयार भएको यस मध्यमकालीन खर्च संरचनामा पर्यटकीय सेवा तथा सुविधा, स्थानीय उत्पादन, रोजगारी, तीव्र आर्थिक सामाजिक र सन्तुलित विकासका लागि सो अनुरूपका विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लेखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रुपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ ।

गाउँपालिका गौरवका आयोजना, चालु तथा क्रमागत आयोजना, विस्तृत अध्ययन भइ तयारी अवस्थामा रहेका, स्रोत सुनिश्चितता भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुनेगरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड-१९ लगायत महामारी र अन्य विपद् तथा आर्थिक सङ्कटबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची १** मा प्रस्तुत छ ।

आर्थिक वर्ष २०७९/८० को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलब्धिका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम, आयोजना तथा क्रियाकलापले हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था गरिएको छ । आन्तरिक स्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक स्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ ।

आन्तरिक आयको तथ्याङ्क विश्लेषणका लागि गाउँपालिकाको राजस्व सुधार योजनालाई आधारको रुपमा लिइएको छ । त्यस्तै गाउँपालिकाको राजस्व परामर्श समितिको प्रतिवेदन तथा SuTRA मा प्रविष्ट सूचनालाई आधार मानी आन्तरिक आयको विवरण विश्लेषण गरी स्रोत अनुमान तथा प्रक्षेपण गरिएको छ । उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा गाउँपालिकाको कुल बजेट रु. १ अर्ब ५१ करोड ९९ लाख ६४ हजार हुने अनुमान तथा प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.सं. | विवरण | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | तीन वर्षको कुल |
| १. | **खर्च अनुमान** | ३५०४०३ | ३१०६३२ | ४५०९७५ | ४२८९०७ | ४६७१६५ | ५०५५९१ | ५४७२०७ | १५१९९६४ |
| | चालु खर्च | २०३४२८ | २२२४४१ | २५५२७५ | २८८१८१ | ३००८३४ | ३१२९९२ | ३२७१८६ | ९४१०१२ |
| | पुँजीगत खर्च | १४६९७५ | ८८१९१ | १९५७०० | १४०७२६ | १६६३३२ | १९२५९९ | २२००२२ | ५७८९५२ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २. | **आय अनुमान** | २९५९२६ | ४३४२५२ | ४७०८३८ | ४१८९०७ | ४६७१६५ | ५०५५९१ | ५४७२०७ | १५१९९६४ |
| २.१ | आन्तरिक आय | ३३८३ | ३०९५ | ४३७२ | ७३०० | ६८४३ | ७७५८ | ८८०१ | २३४०२ |
| | सम्पत्ति कर | ० | ० | ० | ० | २३३२ | २५६५ | २८२१ | ७७१७ |
| | भूमिकर/मालपोत | १३०३ | ८०४ | १३६२ | ० | १५६६ | १८०१ | २०७१ | ५४३९ |
| | वहाल कर | ३ | ३ | ६५ | ० | १०४ | ११४ | १२६ | ३४४ |
| | वहाल विटौरी शुल्क | १८४ | ० | ० | ० | ० | ० | ० | ० |
| | साना सवारी कर | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क.सं. | विवरण | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | तीन वर्षको कुल |
| | जडिबुटी, जीवजन्तु र कवाडी कर | ६१५ | १४४५ | ३४१ | ० | ४२६ | ४६९ | ५१६ | १४११ |
| | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | पर्यटन शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | अन्य विक्रीबाट प्राप्त रकम | ० | ० | ९६३ | ० | ३९० | ४६८ | ५६२ | १४२० |
| | अन्य सेवा शुल्क तथा विक्री | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | न्यायिक दस्तुर | ० | ० | ५ | ० | ० | ० | ० | ० |
| | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | परीक्षा शुल्क | ४९ | ८२ | १२८ | ० | १४१ | १५५ | १७० | ४६६ |
| | अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | पार्किङ शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | नक्शापास दस्तुर | ४३ | ५६ | १७१ | ० | २०५ | २४६ | २९५ | ७४७ |
| | सिफारिश दस्तुर | ५०२ | ३४० | ८२२ | ० | १०२८ | १२३३ | १४८० | ३७४० |
| | व्यक्तिगत घटना दस्तुर | २२३ | ३०३ | ४१८ | ० | ४३९ | ४६१ | ४८४ | १३८४ |
| | नाता प्रमाणित दस्तुर | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | अन्य दस्तुर | २७० | ८ | ० | ० | ० | ० | ० | ० |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९१ | ५४ | ५१ | ० | ६० | ७१ | ८४ | २१५ |
| | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | व्यवसाय कर | १०० | ० | ४६ | ० | १५२ | १७५ | १९२ | ५१९ |
| | बेरुजु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | राजस्व बाँडफाँटबाट प्राप्त आय | ६०३२१ | ९०००० | ५९३७२ | ९७८२८ | १०७७९४ | ११८७८३ | १३०९०४ | ३५७४८१ |
| | नेपाल सरकार (भ्याट र अन्तशुल्क) | ५५९१९ | ८५२७९ | ५४७९४ | ९४१७० | १०३५८७ | ११३९४६ | १२५३४० | ३४२८७३ |
| २.२ | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | ४४०२ | ४७२१ | ४५७८ | ३६५८ | ४२०७ | ४८३८ | ५५६३ | १४६०८ |
| | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | वन रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २.३ | खानी तथा खनिज रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | नेपाल सरकार वित्तीय हस्तान्तरण | १७७०९४ | २८१८२५ | २९८११७ | २६८२०० | २९७९९२ | ३२५८९१ | ३५५४८० | ९७९३६४ |
| २.४ | वित्तीय समानीकरण अनुदान | ६७१२५ | ९०६०० | ८९९१० | ८६६०० | ८८००० | ९६८०० | १०६४८० | २९१२८० |
| | सशर्त अनुदान | १०७४७७ | १९१२२५ | १९८२०७ | १६१६०० | १८०९९२ | १९९०९१ | २१९००० | ५९९०८४ |

| क.सं. | विवरण | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | तीन वर्षको कुल |
| | समपुरक अनुदान | ० | ० | ० | ५००० | १०००० | १०००० | १०००० | ३०००० |
| | विशेष अनुदान | २४९२ | ० | १०००० | १५००० | १९००० | २०००० | २०००० | ५९००० |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | २७८९४ | ३६३३२ | ३३९२५ | २२५७९ | ३३८३७ | ३४५२९ | ३५२५५ | १०३६२१ |
| | वित्तीय समानीकरण अनुदान | ३८१८ | ४२८८ | ५१९८ | ५९२९ | ६५२२ | ६८४८ | ७१९० | २०५६० |
| | सशर्त अनुदान | १११३८ | ८५४४ | १४००० | ६६५० | ७३१५ | ७६८१ | ८०६५ | २३०६१ |
| | समपुरक अनुदान | ८४३८ | १५००० | १४७२७ | १०००० | १०००० | १०००० | १०००० | ३०००० |
| | विशेष अनुदान | ४५०० | ८५०० | ० | ० | १०००० | १०००० | १०००० | ३०००० |
| २.६ | अन्य अनुदान | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २.७ | अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २.८ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २.९ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | बचत (-) न्यून (+) | -५४४७७ | १२३६२० | १९८६३ | -१०००० | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

### क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

यस गाउँपालिकाको आवधिक योजनामा तय गरिएका रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

| रणनीतिक स्तम्भ | कार्यक्रम सङ्ख्या | २०८१/८१ को अनुमान | | २०८२/८३ को प्रक्षेपण | | २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कृषि, पशुपन्छी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने, | ११ | ३८५८३ | ८.२६ | ४२४४३ | ८.३९ | ४६७४५ | ८.५४ |
| पदयात्रा र ग्रामीण पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने, | ३ | ५३३१ | १.१४ | ५८६४ | १.१६ | ६४६७ | १.१८ |
| गुणस्तरीय शिक्षा, स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधामा सबैको पहुँच सुनिश्चित गर्ने | २२ | २६०७९५ | ५५.८३ | २७७४४ ३ | ५४.८७ | ३०६१८१ | ५५.९५ |
| सहज यातायात, व्यवस्थित बजार तथा बस्ती, सुरक्षित आवास, स्वच्छ उर्जा र संचारको विस्तार तथा स्तरोन्नती गर्ने | १४ | ६६११९ | १४.१५ | ७७१८९ | १५.२७ | ७८९०४ | १४.४२ |
| विकास प्रकृयालाई वातावरणमैत्री, दिगो, विपद् उत्थानशील तथा समतामूलक तुल्याउने | ६ | ७१७५ | १.५४ | ८५७३ | १.७० | ९८४२ | १.८० |
| सङ्घ, प्रदेश, छिमेकी गाउँपालिका, स्थानीय समुदाय, सहकारी, निजी क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय, साझेदारी र सहकार्यलाई विस्तार गर्ने | ४ | ८९१६२ | १९.०९ | ९४०८० | १८.६१ | ९९०६७ | १८.१० |
| **जम्मा** | ६० | ४६७१६५ | १०० | ५०५५९१ | १०० | ५४७२०७ | १०० |

### ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रमबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम | २०८०/८१ को खर्च अनुमान | २०८१/८२ को खर्च प्रक्षेपण | २०८२/८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|

| | सङ्ख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| प्राथमिकता पहिलो (P1) | ४६ | ३१६६३२ | ६६.७४ | ३३९८३५ | ६६.२४ | ३७५३९१ | ६७.१६ |
| प्राथमिकता दोश्रो (P2) | १४ | १५०५३३ | ३३.२६ | १६५७५६ | ३३.७६ | १७१८१६ | ३२.८४ |
| **जम्मा** | ६० | ४६७१६५ | १०० | ५०५५९१ | १०० | ५४७२०७ | १०० |

### ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्यबमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नम्बन २.६ मा प्रस्तुत गरिएको छः

तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम सङ्ख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४ | १०८५० | २.३२ | ११३३६ | २.२४ | ११८४७ | २.१६ |
| २ | शून्य भोकमरी | ५ | २५७६८ | ५.५२ | २८९४५ | ५.७३ | ३२५२० | ५.९४ |
| ३ | स्वस्थ जीवन | ७ | ६००१९ | १२.८५ | ७८४९६ | १५.५३ | १०१६६१ | १८.५८ |
| ४ | गुणस्तरीय शिक्षा | ७ | १७०५४६ | ३६.५१ | १७२२५२ | ३४.०७ | १७५७२२ | ३२.११ |
| ५ | लैङ्गिक समानता | १ | ४७४८ | १.०२ | ५२२३ | १.०३ | ५७४६ | १.०५ |
| ६ | स्वच्छ पानी र सरसफाइ | ४ | १७३३१ | ३.७१ | १२४२७ | २.४६ | १२८८५ | २.३५ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | २ | ६४६ | ०.१४ | ७६३ | ०.१५ | ९०६ | ०.१७ |
| ८ | समावेशी आर्थिक वृद्धि,मर्यादित काम | ६ | ८०७६ | १.७३ | ८८९९ | १.७६ | ९८४९ | १.८० |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | १० | ४१७८६ | ८.९४ | ५४६४० | १०.८१ | ६०५५५ | ११.०७ |
| १० | असमानता न्यूनीकरण | १ | ४२५४ | ०.९१ | ४६७९ | ०.९३ | ५१४७ | ०.९४ |
| ११ | दिगो शहर र बस्ती | ३ | २९५८५ | ६.३३ | २८५३५ | ५.६४ | २४६९४ | ४.५१ |
| १२ | दिगो उपभोग र उत्पादन | २ | १०५० | ०.२२ | १२६० | ०.२५ | १५७५ | ०.२९ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ३ | २८४५ | ०.६१ | ३४३० | ०.६८ | ४२५१ | ०.७८ |
| १५ | भूसतह स्रोतको उपयोग | १ | ५०० | ०.११ | ६२५ | ०.१२ | ७८२ | ०.१४ |
| १६ | शान्ति, न्याय र सबल संस्था | २ | ८६३१२ | १८.४८ | ९०७२० | १७.९४ | ९५३७० | १७.४३ |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | २८५० | ०.६१ | ३३६० | ०.६६ | ३६९७ | ०.६८ |
| **कुल जम्मा** | | ६० | ४६७१६६ | १०० | ५०५५९१ | १०० | ५४७२०७ | १०० |

### घ. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

लैङ्गिक सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

तालिका २.७ : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| लैंङ्गिक सङ्केत | आयोजना/कार्यक्रम सङ्ख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १४ | ६४४८८ | १३.८० | ६२३७३ | १२.३४ | ६५८७६ | १२.०४ |
| सहयोगी | ३२ | ३३९४९२ | ७२.६७ | ३७१८५९ | ७३.५५ | ४२१९९० | ७७.१२ |
| तटस्थ | १४ | ६३१८६ | १३.५३ | ७१३५९ | १४.११ | ५९३४२ | १०.८४ |
| **जम्मा** | ६० | ४६७१६५ | १०० | ५०५५९१ | १०० | ५४७२०७ | १०० |

### ङ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

जलवायु सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

तालिका २.८ : जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| जलवायु परिवर्तन सङ्केत | कार्यक्रम तथा आयोजना सङ्ख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | १२ | १५६२८ | ३.३५ | १७४९९ | ३.४६ | २२१५५ | ४.०५ |

| जलवायु परिवर्तन सङ्केत | कार्यक्रम तथा आयोजना सङ्ख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| सान्दर्भिक | २० | २११९०३ | ४५.३६ | २११७५१ | ४१.८८ | २१६२८६ | ३९.५३ |
| तटस्थ | २८ | २३९६३४ | ५१.३० | २७६३४१ | ५४.६६ | ३०८७६७ | ५६.४३ |
| जम्मा | ६० | ४६७१६५ | १०० | ५०५५९१ | १०० | ५४७२०७ | १०० |

### च. गौरवको आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

यस गाउँपालिका गौरवका आयोजनाको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छः

तालिका २.९ : स्थानीय गौरवको आयोजनाको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| उपक्षेत्र | आयोजना तथा कार्यक्रम | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | २०८१/८२ को व्यय अनुमान | २०८२/८३ को खर्च प्रक्षेपण | २०८३/८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| पर्यटन तथा सम्पदा | लेक टु लेक पदमार्ग निर्माण आयोजना | | | २००० | २३०० | २६४५ |
| स्वास्थ्य तथा पोषण | आधारभूत अस्पताल निर्माण आयोजना | १८०००० | १०००० | १०००० | २५००० | ४०००० |
| शिक्षा, विज्ञान तथा प्रविधि | बराहक्षेत्र मा.वि. किलाचौर नमूना विद्यालय | | | ५९६९ | ६०२९ | ६०८९ |
| खानेपानी तथा सरसफाइ | बोज्याङखोला नम्जा लिफ्ट खानेपानी आयोजना | | | ६००० | ५००० | ५००० |
| सडक, पुल तथा यातायात | किलाचौर नम्जा जुतुङखोला हुँदै सुनिल स्मृती जोड्ने सडक निर्माण आयोजना | | | ४००० | ४००० | ५००० |
| वातावरण तथा फोहोरमैला | तल्लो सेरा सान्चौर तटबन्धन आयोजना | | | ३००० | ३५०० | ३५०० |
| **कुल जम्मा** | | **१८००००** | **१००००** | **३०९६९** | **२०८२९** | **२२२३४** |

## २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण सम्बन्धी विवरण **अनुसूची २** समावेश गरिएको छ।

तालिका २.१० : आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)

| उपक्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| कृषि, खाद्य सुरक्षा तथा सिंचाइ | १२०७० | ७८१४ | ४२५६ | १४२०८ | ९०६४ | ५१४४ | १६६५४ | १०४४४ | ६२१० |
| पशुपन्छी सेवा | १३६९८ | १०२९७ | ३४०० | १४७३७ | ११०९६ | ३६४१ | १५८६६ | ११९६४ | ३९०२ |
| पर्यटन, सम्पदा तथा संस्कृति | ५३३१ | ९९९ | ४३३२ | ५८६४ | १०६९ | ४७९५ | ६४६७ | ११४६ | ५३२० |
| उद्योग र व्यापार ब्यवसाय | १९६५ | १५१२ | ४५३ | २१६२ | १६६३ | ४९८ | २३७८ | १८३० | ५४८ |
| भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | १४१८ | १४१८ | ० | १४३२ | १४३२ | ० | १४४६ | १४४६ | ० |
| श्रम, रोजगारी तथा गरिबी निवारण | ९४३२ | ४७१६ | ४७१६ | ९९०४ | ४९५२ | ४९५२ | १०४०१ | ५२०० | ५२०० |
| जनस्वास्थ्य तथा पोषण | ६००१९ | ३२०१९ | २८००० | ७८४९६ | ३३६२१ | ४४८७५ | १०१६६१ | ३५३१७ | ६६३४४ |
| शिक्षा, कला, भाषा साहित्य | १७०५४६ | १४२६६३ | २७८८३ | १७२२५२ | १४४०९० | २८१६२ | १७५७२२ | १४६९९६ | २८७२५ |
| खानेपानी तथा सरसफाई | १७३३१ | ४८३ | १६८४८ | १२४२७ | ४९३ | ११९३४ | १२८८५ | ७८८ | १२०९६ |
| महिला बालिका समावेशी | ९००२ | ८५२७ | ४७५ | ९९०२ | ९३७९ | ५२२ | १०८९३ | १०३१९ | ५७५ |
| युवा तथा खेलकुद | ३८९८ | १४८१ | २४१७ | ४३६५ | १६५९ | २७०७ | ५०२१ | १९०८ | ३११३ |
| भवन, आवास तथा शहरी विकास | २९५८५ | ० | २९५८५ | २८५३५ | ० | २८५३५ | २४६९४ | ० | २४६९४ |
| सडक, पुल तथा यातायात | ३३०८५ | ७७९ | ३२३०६ | ४४९३७ | १२४७ | ४३६९० | ५०१९० | १३१० | ४८८८१ |

| उपक्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| जलस्रोत विद्युत् र स्वच्छ ऊर्जा | ८६६ | २७९ | ५८७ | १००५ | ३०७ | ६९९ | ११७२ | ३३७ | ८३५ |
| सूचना, सञ्चार प्रविधि | २५८२ | १५४९ | १०३३ | २७१२ | १६२७ | १०८५ | २८४७ | १७०८ | ११३९ |
| वन, हरियाली तथा भूसंरक्षण | ३५०० | १५० | ३३५० | ४१२५ | १८८ | ३९३८ | ४२८२ | २३५ | ४०४७ |
| वातावरण फोहोरमैला व्यवस्थापन | १०५० | ४२० | ६३० | १२६० | ५०४ | ७५६ | १५७५ | ६३० | ९४५ |
| विपद् तथा जलवायु परिवर्तन | २६२५ | ७८८ | १८३८ | ३१८८ | ९५६ | २२३१ | ३९८५ | ११९६ | २७९० |
| नीति, कानून, न्याय तथा सुशासन | १८४५ | १८४५ | ० | २०२९ | २०२९ | ० | २२३२ | २२३२ | ० |
| संगठन, जनशक्ति र क्षमता विकास | ८४४६७ | ८०२४४ | ४२२३ | ८८६९१ | ८४२५६ | ४४३५ | ९३१३८ | ८८४८१ | ४६५७ |
| राजस्व सुधार परिचालन | ६०० | ६०० | ० | ६६० | ६६० | ० | ७२६ | ७२६ | ० |
| तथ्याङ्क, योजना र विकास व्यवस्थापन | २२५० | २२५० | ० | २७०० | २७०० | ० | २९७१ | २९७१ | ० |
| कुल जम्मा | ४६७१६५ | ३००८३४ | १६६३३२ | ५०५५९१ | ३१२९९२ | १९२५९९ | ५४७२०७ | ३२७१८६ | २२००२२ |

आर्थिक वर्ष २०८१/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ४ देखि परिच्छेद ८ सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद ३: आर्थिक वर्ष २०८१/८२ को विकास कार्यक्रम तथा बजेट

समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका साथै आगामी आर्थिक वर्ष सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनालाई मध्यकालीन खर्च संरचनाको अभिन्न अङ्गको रूपमा वार्षिक विकास कार्यक्रम समावेश गरिएको छ। यसले मध्यमकालीन खर्च संरचना थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## ३.१ आर्थिक वर्ष २०८१/८२ विकास कार्यक्रम बजेटको बाँडफाँट

आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनाको बजेट बाँडफाँट देहायअनुसार प्रस्तुत गरिएको छः

### क) खर्चका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

आर्थिक वर्ष २०८१/८२ लागि प्रस्तावित बजेटको चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको विनियोजित बजेट विवरण तालिका ३.१ मा उल्लेख गरिएको छ । विकास कार्यक्रमको विषय क्षेत्रगत विवरण रणनीतिक स्तम्भ , दिगो विकास लक्ष्य लैङ्गिक सङ्केत, जलवायु सङ्केतका आधारमा विस्तृत विवरण **अनुसूचीमा** प्रस्तुत गरिएको छ।

| क्र.सं. | खर्च | बजेट (रू. हजारमा) | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १. | चालु | ३००८३४ | ६४.४० |
| २. | पुँजीगत | १६६३३२ | ३५.६० |
| ३. | वित्तिय व्यवस्था | ० | ०.०० |
| | **जम्मा** | ४६७१६५ | १०० |

### ख) रणनीतिक स्तम्भका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

प्रथम आवधिक योजनाको आधारमा विनियोजित बजेटको विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | रणनीतिक स्तम्भ | कार्यक्रम सङ्ख्या | बजेट (रू. हजारमा) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १. | कृषि, पशुपन्छी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने, | ११ | ३८५८३ | ८.२६ |
| २. | पदयात्रा र ग्रामीण पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने, | ३ | ५३३१ | १.१४ |
| ३. | गुणस्तरीय शिक्षा, स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधामा सबैको पहुँच सुनिश्चित गर्ने | २२ | २६०७९५ | ५५.८३ |
| ४. | सहज यातायात, व्यवस्थित बजार तथा बस्ती, सुरक्षित आवास, स्वच्छ उर्जा र संचारको विस्तार तथा स्तरोन्नती गर्ने | १४ | ६६११९ | १४.१५ |
| ५. | विकास प्रकृयालाई वातावरणमैत्री, दिगो, विपद् उत्थानशील तथा समतामूलक तुल्याउने | ६ | ७१७५ | १.५४ |
| ६. | सङ्घ, प्रदेश, छिमेकी गाउँपालिका, स्थानीय समुदाय, सहकारी, निजी क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय, साझेदारी र सहकार्यलाई विस्तार गर्ने | ४ | ८९१६२ | १९.०९ |
| | **जम्मा** | ६० | ४६७१६५ | १०० |

### ग) प्राथमिकताको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

प्राथमिकताको आधारमा गरिएको विनियोजित बजेत तालिकामा प्रस्तुत गरिएको छः

| प्राथमिकताक्रम | आयोजना/कार्यक्रम सङ्ख्या | २०८१/८२ को खर्च अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ४६ | ३१६६३२ | ६७.७८ |
| प्राथमिकता दोश्रो (P2) | १४ | १५०५३३ | ३२.२२ |
| **जम्मा** | ६० | ४६७१६५ | १०० |

**घ) दिगो विकास लक्ष्यको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

दिगो विकास लक्ष्यको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम सङ्ख्या | २०८१/८२ को व्यय अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४ | २.३२ | २.३२ |
| २ | शून्य भोकमरी | ५ | ५.५२ | ५.५२ |
| ३ | स्वस्थ जीवन | ७ | १२.८५ | १२.८५ |
| ४ | गुणस्तरीय शिक्षा | ७ | ३६.५१ | ३६.५१ |
| ५ | लैङ्गिक समानता | १ | १.०२ | १.०२ |
| ६ | स्वच्छ पानी र सरसफाइ | ४ | ३.७१ | ३.७१ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | २ | ०.१४ | ०.१४ |
| ८ | समावेशी आर्थिक वृद्धि,मर्यादित काम | ६ | १.७३ | १.७३ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | १० | ८.९४ | ८.९४ |
| १० | असमानता न्यूनीकरण | १ | ०.९१ | ०.९१ |
| ११ | दिगो शहर र बस्ती | ३ | ६.३३ | ६.३३ |
| १२ | दिगो उपभोग र उत्पादन | २ | ०.२२ | ०.२२ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ३ | ०.६१ | ०.६१ |
| १५ | भूसतह स्रोतको उपयोग | १ | ०.११ | ०.११ |
| १६ | शान्ति, न्याय र सबल संस्था | २ | १८.४८ | १८.४८ |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | ०.६१ | ०.६१ |
| | **कुल जम्मा** | ६० | ४६७१६५ | १०० |

**ङ) लैङ्गिक सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

लैङ्गिक सङ्केतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | लैंङ्गिक सङ्केत | आयोजना/कार्यक्रम सङ्ख्या | २०८१/८२ को व्यय अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १. | निर्दिष्ट | १४ | ६४४८८ | १३.८० |
| २. | सहयोगी | ३२ | ३३९४९२ | ७२.६७ |
| ३. | तटस्थ | १४ | ६३१८६ | १३.५३ |
| | **जम्मा** | ६० | ४६७१६५ | १०० |

**च) जलवायु सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

जलवायु सङ्केतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | जलवायु परिवर्तन सङ्केत | कार्यक्रम/आयोजना सङ्ख्या | २०८१/८२ को व्यय अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १. | अत्यन्त सान्दर्भिक | १२ | १५६२८ | ३.३५ |
| २. | सान्दर्भिक | २० | २११९०३ | ४५.३६ |
| ३. | तटस्थ | २८ | २३९६३४ | ५१.३० |
| | **जम्मा** | ६० | ४६७१६५ | १०० |

## ३.२ उपक्षेत्रगत विकास कार्यक्रम तथा आयोजनाको विवरण

आर्थिक वर्ष २०८१/८२ मा विभिन्न शाखा, उपशाखा, वडा कार्यालय र एकाइ केन्द्रबाट जम्मा ६० वटा आयोजना तथा कार्यक्रम सञ्चालन हुनेछन् । विषय उपक्षेत्रका आधारमा रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक र जलवायु सङ्केतअनुसार कार्यक्रम तथा आयोजनाको सङ्ख्यात्मक विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विषय उपक्षेत्र | रणनीतिक स्तम्भ | | | | | | प्राथमिकताक्रम | | लैङ्गिक सङ्केत | | | जलवायु सङ्केत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | P1 | P2 | १ | २ | ३ | १ | २ | ३ |
| १ | कृषि, खाद्य सुरक्षा तथा सिंचाइ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | ० | ३ | ० | ० | ३ | ० |
| २ | पशुपन्छी सेवा | २ | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | ० | ० | २ | ० |
| ३ | पर्यटन तथा संस्कृति | ० | ३ | ० | ० | ० | ० | ३ | ० | १ | २ | ० | १ | २ | ० |
| ४ | उद्योग र व्यापार ब्यवसाय | २ | ० | ० | ० | ० | ० | २ | ० | १ | १ | ० | ० | ० | २ |
| ५ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | ३ | ० | ० | ० | ० | ० | ३ | ० | २ | १ | ० | १ | २ | ० |
| ६ | श्रम, रोजगारी तथा गरिबी निवारण | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | १ | ० |
| ७ | जनस्वास्थ्य तथा पोषण | ० | ० | ७ | ० | ० | ० | ७ | ० | १ | ६ | ० | ० | ० | ७ |
| ८ | शिक्षा, कला, भाषा साहित्य | ० | ० | ७ | ० | ० | ० | ७ | ० | १ | ६ | ० | ० | ७ | ० |
| ९ | खानेपानी तथा सरसफाई | ० | ० | ४ | ० | ० | ० | ४ | ० | ४ | ० | ० | १ | ३ | ० |
| १० | महिला, बालबालिका र समावेशी | ० | ० | २ | ० | ० | ० | २ | ० | २ | ० | ० | ० | ० | २ |
| ११ | युवा तथा खेलकुद | ० | ० | २ | ० | ० | ० | १ | १ | १ | १ | ० | ० | १ | १ |
| १२ | भवन, आवास तथा शहरी विकास | ० | ० | ० | ३ | ० | ० | ० | ३ | ० | १ | २ | ० | ० | ३ |
| १३ | सडक तथा यातायात | ० | ० | ० | ७ | ० | ० | २ | ५ | ० | ० | ७ | ० | ० | ७ |
| १४ | जलस्रोत विद्युत् र स्वच्छ ऊर्जा | ० | ० | ० | ३ | ० | ० | ३ | ० | १ | २ | ० | ३ | ० | ० |
| १५ | सूचना तथा सञ्चार प्रविधि | ० | ० | ० | १ | ० | ० | ० | १ | ० | १ | ० | ० | १ | ० |
| १६ | वन हरियाली, भूसंरक्षण नदी | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | ० | २ | २ | ० | ० |
| १७ | वातावरण फोहोरमैला व्यवस्थापन | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | २ | ० | २ | ० | ० |
| १८ | विपद् तथा जलवायु परिवर्तन | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | १ | १ | २ | ० | ० |
| १९ | नीति, कानून, न्याय तथा सुशासन | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ | ० | ० | ० | १ |
| २० | संगठन, जनशक्ति र क्षमता विकास | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ | ० | ० | ० | १ |
| २१ | राजस्व सुधार परिचालन | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | १ | ० | ० | १ |
| २२ | तथ्याङ्क, योजना र विकास व्यवस्थापन | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | १ | ० | ० | १ |
| | **जम्मा** | ११ | ३ | २२ | १४ | ६ | ४ | ४६ | १४ | १४ | ३२ | १४ | १२ | २२ | २६ |

विषय उपक्षेत्रका आधारमा दिगो विकास लक्ष्य अनुसार कार्यक्रम तथा आयोजनाको सङ्ख्यात्मक विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विषय उपक्षेत्र | दिगो विकास लक्ष्य | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १५ | १६ | १७ |
| १ | कृषि, खाद्य सुरक्षा तथा सिंचाइ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | पशुपन्छी सेवा | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | पर्यटन, सम्पदा तथा संस्कृति | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | उद्योग र व्यापार ब्यवसाय | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | श्रम, रोजगारी तथा गरिबी निवारण | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | जनस्वास्थ्य तथा पोषण | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | शिक्षा, कला, भाषा साहित्य | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | खानेपानी तथा सरसफाई | ० | ० | ० | ० | | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | महिला बालिका समावेशी | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ११ | युवा तथा खेलकुद | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | आवास, भवन तथा बस्ती विकास | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० |
| १३ | सडक तथा यातायात | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | जलस्रोत विद्युत् र स्वच्छ ऊर्जा | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० |
| १५ | सूचना, सञ्चार प्रविधि | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | वन हरियाली, भूसंरक्षण नदी | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | ० |

| क्र.सं. | विषय उपक्षेत्र | दिगो विकास लक्ष्य | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १५ | १६ | १७ |
| १७ | वातावरण फोहोरमैला व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० |
| १८ | विपद् तथा जलवायु परिवर्तन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० |
| १९ | नीति, कानून, न्याय तथा सुशासन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| २० | संगठन, जनशक्ति र क्षमता विकास | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| २१ | राजस्व सुधार परिचालन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| २२ | तथ्याङ्क, योजना र विकास व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | **जम्मा** | ४ | ५ | ७ | ७ | १ | ४ | २ | ६ | १० | १ | ३ | २ | ३ | १ | २ | २ |

# परिच्छेद ४ : आर्थिक क्षेत्र

कृषि तथा खाद्य सुरक्षा, सिंचाई, पशुपन्छी विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी, श्रम रोजगारी तथा गरिबी निवारण जस्ता उपक्षेत्रहरु यस परिच्छेदमा समेटिएको छ। यस परिच्छेदमा आर्थिक क्षेत्र अन्तर्गतका हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण, अनुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन्।

## ४.१ कृषि, खाद्य सुरक्षा तथा सिंचाइ

### ४.१.१ पृष्ठभूमि

यस गाउँपालिकाको कुल क्षेत्रफल मध्ये ४२ प्रतिशत खेतियोग्य जमिन र कुल जनसङ्ख्याको ८० प्रतिशत जनसङ्ख्या कृषि पेशामा संलग्न छन्। गाउँपालिकामा कृषि, खाद्य सुरक्षा तथा सिचाई सम्बन्धमा कृषि तथा पशुपन्छी ऐन, २०७९; कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७९ र  कृषि पशुपालनसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ तयार भई कार्यान्वयनमा रहेका छन्। अनुदानमा उन्नत विउ वितरण, मौसमी बाली वस्तुमा स्थलगत घुम्ती तालिम मार्फत कृषकको क्षमता विकास गरी उत्पादन र उत्पादकत्वमा वृद्धि भइरहेको छ।

यस गाउँपालिकामा ४० जना कृषकहरु व्यावसायिक उत्पादनमा सक्रिय रहेका छन्। साथै गाउँपालिकामा ४० कृषक समूह, ७ कृषि सहकारी संस्था क्रियाशिल रहेका छन्। यसैगरी १२०० जना कृषकहरु कृषक समूह तथा सहकारीमा आबद्ध रहेका छन्। गाउँपलिकाको कूल वार्षिक खाद्यान्य बाली उत्पादन १८०००  क्विन्टल, तरकारी उत्पादन १३०० क्विन्टल, फलफूल उत्पादन  ७०० क्विन्टल र आलु उत्पादन १६०० क्विन्टल  रहेको छ।

### ४.१.२ समस्या तथा चुनौती

उत्पादन तथा ढुवानी लागत बढी हुनु, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन सम्बन्धी संरचना तथा पूर्वाधारको कमी हुनु, आधुनिक उपकरण तथा गुणस्तरीय विउविजन, मलखादमा पहुँच कम हुनु, निर्वाहामुखी खेती प्रणाली कायम रहनु, रैथाने बालीको बिउबिजन उत्पादनमा चासो कम हुनु, कृषिमा नवप्रवर्तन र सिर्जशीलताको कमी हुनु, कृषि उपज सङ्कलन, भण्डारण र बजारीकरणको सुविधा नहुनु, सिंचाई सुविधाको विकास विस्तार र स्तरोन्नती हुन नसक्नु, जग्गा बाँझिनु, सिंचाईको आवश्यकता र सम्भावना बारे अध्ययन नहुनु, आदि कृषिको विकास तथा व्यवसायीकरणका मुख्य समस्याहरु हुन्।

कृषि क्षेत्रमा लगानी वृद्धि गर्नु, कृषि उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगिकीकरण गर्नु, कृषि कार्यमा आधुनिकीकरण तथा यान्त्रीकरण गर्नु, कृषि उपज भण्डारण तथा प्रशोधन सम्बन्धी संरचना तथा पूर्वाधारको विकास र विस्तार गर्नु आदि यस क्षेत्रमा प्रमुख चुनौती हुन्।

### ४.१.३ सोच

"लुङ्ग्रीको खाद्यान्न, फलफूल र तरकारीः व्यावसायिक उत्पादन र स्वरोजगारी"

### ४.१.४ उद्देश्य

१. कृषि उपजको उत्पादन, विविधिकरण, व्यवसायीकरण र औद्योगिकीकरणमा वृद्धि गर्नु,

२. रैथाने तथा व्यावसायिक उत्पादन रोजगारी र आयमा दिगो वृद्धि गर्नु

३. सिंचाई सुविधाको विकास र विस्तार गर्नु,

### ४.१.५ रणनीति

१. कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
२. कृषक एवं कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने,
३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन गर्ने,
४. कृषि पूर्वाधारको विकास र विस्तार गर्ने,
५. रैथाने बालीको संरक्षण, प्रवर्द्धन तथा प्राङ्गारिक उत्पादनमा वृद्धि गर्ने,
६. स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने,
७. विद्यमान सिंचाई प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने,
८. सिंचाईका लागि नयाँ प्रविधिको विकास र प्रयोग बढाउने,

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २५ | ३५ | ३७ | ३९ | ४१ |
| साना किसानको औसत वार्षिक आय | रु. हजार | ३५ | ४० | ४५ | ५० | ५५ |
| कृषि व्यवसायमा संलग्न समूह र सहकारी | सङ्ख्या | ४० | ६० | ६५ | ७० | ७५ |
| कुल कृषि भूमि मध्ये खेति गरिएको भूमि | प्रतिशत | ४२ | ४२२. | ४२३. | ४२४. | ४२५. |
| खाद्यान्न उत्पादन | क्विन्टल | १८००० | २०००० | २२००० | २४००० | २६००० |
| तरकारी उत्पादन | क्विन्टल | १३०० | १३५० | १४०० | १५०० | १६०० |
| फलफुल उत्पादन | क्विन्टल | ७०० | ८०० | १००० | १२०० | १३५० |
| आलु उत्पादन | क्विन्टल | १६०० | १७०० | १७५० | १८०० | १८५० |
| अलैची उत्पादन | क्विन्टल | १ | २ | २५. | ३ | ३५. |
| दलहन उत्पादन | क्विन्टल | ५ | ७ | ८ | ९ | १० |
| तेलहन उत्पादन | क्विन्टल | ४ | ५ | ६ | ७ | ८ |
| व्यावसायिक उत्पादनमा संलग्न कृषक | सङ्ख्या | १४७२ | १५०० | १५३० | १५६५ | १६०० |
| कुल तरकारी उत्पादन प्रति हेक्टर | मे.टन | ८ | ९ | ९५. | १० | १०५. |
| १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ४० | ५८ | ९४ | १३० | १६६ |
| दर्ता तथा कृषि फर्म | सङ्ख्या | १५ | २२ | २६ | ३० | ३६ |
| सूचीकृत कृषक | सङ्ख्या | १४०० | २५०० | ३५०० | ५००० | ५६०० |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २५ | ३५ | ३७ | ३९ | ४१ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १२०७० | ७८१४ | ४२५६ | ० | १३५३ | १००४० | ६७७ | ० |
| २०८२/८३ | १४२०८ | ९०६४ | ५१४४ | ० | १४५२ | १२०६६ | ६९१ | ० |
| २०८३/८४ | १६६५४ | १०४४४ | ६२१० | ० | १५६५ | १४३८४ | ७०५ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि विकास साझेदारी कार्यक्रम | कृषि उत्पादन तथा व्यवसायमा वृद्धि गर्नु | सालबसाली | ४३९७ | ६५० कृषक परिवार लावान्भित हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| २ | कृषि प्रसार तथा विकास कार्यक्रम | दिगो कृषि विकास र खाद्य सुरक्षामा वृद्धि गर्नु | सालबसाली | | ८० जना कृषक व्यवससायिक कृषकमा रुपान्तरण हुने छन् ।<br>२.कृषक समूहमा आवद्ध कृषकको |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | अनुपात ५० प्रतिशत हुने। |
| ३ | सिंचाई सुविधा विकास तथा विस्तार कार्यक्रम | कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु | सालबसाली | | खेती गरिएको जमिन मध्ये ५ प्रतिशत जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुऱ्याईने छ। |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | कृषि विकास साझेदारी कार्यक्रम | ३२५ कृषक परिवार लाभान्वित भएको | ३२५ कृषक परिवार लावान्भित हुने | तरकारीको बिउ, प्लास्टिक टनेल, प्लास्टिक मलचिङ र ओखरको विउ वितरण, थोपा सिंचाई, क्रेट सहयोग, |
| २ | कृषि प्रसार तथा विकास कार्यक्रम | ४० जनालाई व्यावसायिक कृषकको रूपमा विकास गरिएको। | ३० जनालाई व्यावसायिक कृषकको रूपमा विकास गर्ने तथा कृषि उपजलाई बजारीकरण गर्ने। | कृषि औजार, तरकारी तथा खाद्यान्न बालीको उन्नत बिउ वितरण, जैविक विषादीको प्रयोगमा वृद्धि, पलास्टिक टनेल वितरण, कृषि उपज सङ्कलन केन्द्र स्थापना, माटो परीक्षण, डिजिटल प्रविधिमा आधारित सेवा प्रवाह, कृषि तथ्याङ्क व्यवस्थापन, रैथाने बाली प्रवर्द्धन |
| ३ | सिंचाई सुविधा विकास तथा विस्तार कार्यक्रम | १ प्रतिशत क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध भएको | ३ प्रतिशत क्षेत्रफलमा वर्षभरी सिंचाइ सुविधा उपलब्ध हुने | कुलो निर्माण तथा मर्मत, सिंचाइ पोखरी निर्माण मर्मत, मोटर/पाइप, पुनभरण पोखरी निर्माण, थोपा सिंचाइ प्रविधि, वर्षात पानी संक्लन (रेनवटार हार्वेष्टिङ) |

### १.१.९ जोखिम पक्ष र अनुमान

कृषि प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, बजार व्यवस्थापन, कृषि भूमिको संरक्षण र व्यवसाय, उद्योग कलकारखाना सञ्चालन व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन, भौगोलिक अवस्था र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ। सङ्घ, प्रदेशका कृषि कार्यालयसँग सहकार्य गरी कृषि विकास कार्यक्रममा टेवा पुग्नेछ। सो अनुसार काम हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम हुनेछ।

## ४.२ पशुपन्छी विकास

### ४.२.१ पृष्ठभूमि

मुख्य पेशा कृषि तथा पशुपालन रहेको यस लुङ्ग्री गाउँपालिकामा करीब ८० प्रतिशत जनसङ्ख्या यस क्षेत्रमा संलग्न रहेको पाईन्छ। पशु तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न समृद्ध लुङ्ग्री – सुखी जनताको दीर्घकालीन सोचलाई साकार पार्न लुङ्ग्री गाउँपालिकाले कृषि व्यवसायको प्रवर्द्धन ऐन-२०७४, कृषि तथा पशुपन्छी ऐन-२०७९ र कृषि तथा पशुपालनसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि– २०७८ कार्यान्वयनमा रहेका छन्।

उपरोक्त ऐन र कार्यविधि कार्यान्वयन भई रहँदा विगतका तुलनामा पशु उपचारको सेवा ९० प्रतिशत कृषकहरु सम्म पहुँच पुगेको छ। सुधारि एको खोर, भकारो सुधार र टोल बस्ती-बस्तीमा उन्नत जातका डाले घाँस रोपण भइरहेको छ। साथै ४५

प्रतिशत कृषकले जातीय गुण सुधार गरिएको बाख्रापालन गरिरहेका छन् । यसै गरी गाउँपालिकामा ३६ वटा व्यावसायिक कृषि तथा पशुपालन फार्म दर्ता भई सञ्चालनमा रहेका छन् । यसै गरेर ७ वटै वडाका ३६ उत्कृष्ट व्यावसायिक कृषकहरु मध्ये प्रत्येक वर्ष हरेक वडाबाट ३-३ जनालाई प्रोत्साहन तथा सम्मान स्वरुप पुरुस्कार प्रदान गरिदै आएको छ ।

### ४.२.२ समस्या तथा चुनौती

निर्वाहमुखी पशुपालनको अभ्यास गर्नु, पशु स्वास्थ्यका लागी पूर्वधार र पशु बिमाको कमी हुनु, पशु उपज विक्री वितरण गर्न प्रयाप्त मात्रामा बजारीकरण र सङ्कलन केन्द्र नहुनु, पशुपालन क्षेत्रमा आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, प्रर्याप्त बजेटको व्यवस्था नहुँदा समयमा उपलब्ध हुनु पर्ने खोप तथा औषधीहरु सहज रुपमा उपलब्ध नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । युवा जनशक्तिलाई कृषिमा पेशामा आकर्षित गर्नु र कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्नु तथा बजारसँगको अन्तरसम्बन्ध कायम गर्नु पशुपालन क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४.२.३ सोच

“गोठ देखी ओठः लुङ्ग्री बासीको घरमा नोटै नोट ”

### ४.२.४ उद्देश्य

व्यावसायिक पशुपालन एवम् पशुपन्छी जन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु,

### ४.२.५ रणनीति

१. पशुजन्य उत्पादनको व्यावसायिक पालनका लागी कृषकको क्षमतामा अभिवृद्धि गर्ने,
२. पशुपन्छीपालन तथा उप्पादन आय आर्जनको स्रोतको रुपमा स्थापित गर्ने,
३. स्थानीय पशुहरुको नश्ल सुधार गर्ने

### ४.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| पशुपन्छी विकास | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| पशुपालनमा संलग्न कृषकहरु | सङ्ख्या | २१६५० | २३३४३ | २५००० | २५००० | २५००० |
| व्यावसायिक फर्मको सङ्ख्या | सङ्ख्या | २९ | ३६ | ३८ | ४० | ४३ |
| वार्षिक दुध उत्पादन | लाख लिटर | १ | १ | २ | ३ | ४ |
| सुँगुर वा बंगुरको वार्षिक मासु उत्पादन | मे.टन | २५ | २८ | ३० | ३१ | ३२ |
| वार्षिक पन्क्षीजन्य मासु उत्पादन | मे.टन | ५० | ५५ | ५८ | ६० | ६२ |
| खसी, बोका, भेडाको वार्षिक मासु उत्पादन | मे.टन | ११२ | ११५ | ११६ | ११७ | ११८ |
| उन्नत घाँसको उत्पादन क्षेत्र | रोपनी | १०० | १०५ | ११५ | १२० | १२५ |
| नश्ल सुधारका लागी कृत्रिम गर्भाधान | सङ्ख्या | ३७ | ६५ | ८५ | १०५ | १३० |
| विभिन्न रोग विरुद्धका खोप | डोज | १५०७५ | २०९५० | २०९५० | २०९५० | २०९५० |
| समूहमा आवद्ध पशुपन्छीपालन कृषक | सङ्ख्या | ७०० | १४०० | १४०० | १४०० | १४०० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १३६९८ | १०२९७ | ३४०० | ० | ० | १३०२१ | ६७७ | ० |
| २०८२/८३ | १४७३७ | ११०९६ | ३६४१ | ० | ० | १४०४७ | ६९१ | ० |
| २०८३/८४ | १५८६६ | ११९६४ | ३९०२ | ० | ० | १५१६१ | ७०५ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपन्छी विकास साझेदारी कार्यक्रम | पशुपन्छीजन्य उत्पादन वृद्धिमा साझेदारी विस्तार गर्नु । | २०८००८१ / देखि २०८३।०८४ | ५६०० | १४०० घरधुरी परिवार लाभान्वित भई आर्थिक उन्नति भएको हुने |
| २ | पशुपन्छी सेवा सालबसाली कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान विस्तार गर्नु । | सालबसाली | | १. वार्षिक २५ हजार कृषकले सहज रुपमा पशुपन्छी उपचार सेवा प्राप्त गरी पशुपन्छीको स्वास्थ्य बारे सचेतना, २. ३५ वटा कृषि तथा पशुपन्छी व्यवसाय फार्म दर्ता भई सुचारु हुने, सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा वृद्धि हुने । |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | पशुपन्छी विकास साझेदारी कार्यक्रम | १ ४५ वटा कृषक महिला . समूहलाई तालिम दिएको, २४५ वटा सुधारीएको . खोर निर्माण भएको, ३ ८० वटा .उन्नत जातका प्रजन्न योग्य बाख्रा वितरण भएको, ४१९ वटा प्रजन्न योग्य . बोका वितरण भएको | उल्लेखित घर परिवार उद्यमी भई सहकारीमा परिणत हुने । | १. ५३ वटा कृषक महिला समूहलाई तालिम दिएको हुने, २. ८० वटा सुधारीएको खोर निर्माण गरिएको हुने, ३८० वटा उन्नत जातका प् .रजन्न योग्य बाख्रा वितरण गरिएको हुने, ४ १९ वटा प्रजन्न योग्य बोका वितरण . गरिएको हुने, ५१० रोपनी जमिनमा घाँसको वेर्ना रोपेको हुने . । |
| २ | पशुपन्छी सेवा सालबसाली कार्यक्रम | १. वार्षिक २३३४३ जना कृषकले सहज रुपमा पशुपन्छी उपचार पाएको, २. २९ वटा कृषि तथा पशुपन्छी व्यवसाय फार्म दर्ता भई सुचारु भएको, ३. गैसस क्षेत्रबाट लगानी र कार्यक्रम भएको । | १. वार्षिक २५ हजार कृषकले सहज रुपमा पशुपन्छी उपचार सेवा प्राप्त गर्ने, २. ३५ वटा कृषि तथा पशुपन्छी व्यवसाय फार्म दर्ता भएको हुने | १. पशुपन्छीको रोग तथा परजीवि नियन्त्रण, उपचार, बन्धाकरण, २. निशुल्क पशु स्वास्थ्य शिविर, पशुपन्छी दर्ता शुल्क, भ्याक्सिनेसन, कृतिम गर्भाधान, ३ कृषक प्रोत्साहन कार्यक्रम । |

### ४.२.९ जोखिम पक्ष र अनुमान

पशुपन्छी विकास क्षेत्रमा सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा वृद्धि हुने तथा बेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षित गराईने छ ।सो हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

### ४.३ पर्यटन तथा सम्पदा

#### ४.३.१ पृष्टभूमि

आन्तरिक तथा बाह्य पर्यटन मार्फत स्थानीय रोजगारीको अवसर सिर्जना गरी बेरोजगारी व्यक्तिहरुलाई स्वरोजगारी बनाउन र आन्तरिक स्रोत वृद्धिको रुपमा पर्यटन क्षेत्रलाई आन्तरिक आर्थिक वृद्धिको सम्वाहक मानिन्छ। पर्यटनको विकासमा संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धन मार्फत स्थानीय बासिन्दाहरुलाई पर्यटनको प्रतिफल उपलब्ध गराउन प्राथमिकता दिने नीति समेत रहेको छ। सोहि अनुरुप लुङ्ग्री गाउँपालिकाले स्थानीय पर्यटकीय क्षेत्रको पहिचान गरी श्रव्यदृष्य सामग्री समेत तयार पारी रोल्पा महोत्सवमा प्रदर्शनीमा समेत राखि प्रचार प्रसार गरेको छ।

#### ४.३.२ समस्या तथा चुनौती

युद्ध पर्यटन, प्राकृतिक, साँस्कृतिक तथा ग्रामीण पर्यटकीय गन्तब्य पहिचानमा कमी, युद्ध पर्यटन क्षेत्रमा शान्ति पार्क लगायतका पूर्वाधारको विकासमा कमी, प्राकृतिक गुफा, पोखरी र झरनाको संरक्षण र व्यवस्थापनसँगै पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास विस्तार एवं घरबास (होमस्टे) सञ्चालन हुन नसक्नु पर्यटन, संस्कृति, तथा सम्पदाको क्षेत्रका मुख्य समस्याको रुपमा रहेका छन्।

२०३५ सालमा नै सञ्चालनमा रहेको बडाचौर बिमानस्थल पुनः सञ्चालन गर्नु, पर्यटकीय गन्तव्य तथा सेवा सुविधा विस्तार गरी स्थानीय वेरोजगारीलाई स्वरोजगार सिर्जना गर्नु, बाह्य पर्यटक लाभान्वित हुने गरी प्राकृतिक स्थानहरुमा भौतिक संरचना निर्माण गर्नु पर्यटनको क्षेत्रमा मुख्य चुनौतीको रुपमा रहेका छन्।

#### ४.३.३ सोच

"ग्रामीण पर्यटनः लुङ्ग्रीको धन"

#### ४.३.४ उद्देश्य

१. आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउनु।
२. पर्यटकीय पूर्वाधार सेवा तथा विकास र विविधकरण गर्नु।
३. बेरोजगारी नागरिक तथा व्यक्तिलाई स्थानीय रोजगारीमा संलग्न गराउनु।

#### ४.३.५ रणनीति

१. पर्यटन, रैथाने संस्कार, संस्कृतिको उजागर गरी स्थानीय पहिचान, कला संस्कृतिको अभिवृद्धि गर्ने।
२. पदयात्री पर्यटकको आकर्षणमा वृद्धि गर्ने।
३. पर्यटकीय गन्तब्य स्थलको बजारीकरण गर्ने।
४. बडाचौर बिमानस्थल पुनः निर्माणमा सङ्घ तथा प्रदेश सरकार सँग समन्वय, पहल र साझेदारी गर्ने।
५. पर्यटन व्यवसायको विकास र विस्तार गर्ने।

#### ४.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| पर्यटन गुरुयोजना निर्माण | पटक | ० | ० | १ | २ | ३ |
| पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | ० | ० | १५ | ३० | ५० |
| लेक टु लेक पदयात्रा | जना | १० | २० | ५०० | १५०० | ३००० |
| आन्तरिक तथा बाह्य पर्यटक सङ्ख्यामा वृद्धि | जना | ५०० | १००० | १५०० | २००० | ३००० |
| पर्यटकीय सम्पदा र गन्तव्य स्थान | सङ्ख्या | २ | ३ | ५ | ७ | १० |
| घरबास सञ्चालन (होम स्टे) | सङ्ख्या | ० | ० | १ | २ | ३ |
| कृषि, युद्ध, बाल, ग्रामीण, पर्या पर्यटन सम्बन्धी खोज, अध्ययन र अनुसन्धान (वार्षिक) | सङ्ख्या | ० | ० | १ | २ | ३ |
| कला तथा संस्कृतिमा क्रियाशिल श्रष्टा पहिचान | जना | ० | ० | १०० | २० | ३० |

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| कृषि, युद्ध, ग्रामीण, ग्रामीण पर्यटनको संरचना निर्माण | वटा | ० | ० | २ | ४ | ७ |
| पर्यटन, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि अफलाइन वा अनलाइन माध्यायमबाट प्रचार प्रसार। | प्रतिशत | ० | १० | ३० | ६० | १०० |

## ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ५३३१ | ९९९ | ४३३२ | ० | ६७७ | ४३१६ | ३३८ | ० |
| २०८२/८३ | ५८६४ | १०६९ | ४७९५ | ० | ७२६ | ४७९३ | ३४५ | ० |
| २०८३/८४ | ६४६७ | ११४६ | ५३२० | ० | ७८२ | ५३३२ | ३५३ | ० |

## ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लेक टु लेक पदमार्ग निर्माण आयोजना | आन्तरिक तथा बाह्य पदयात्री पर्यटक आकर्षण गर्नु। | २०८०/०८१ देखि २०८३/०८४ सम्म | | वार्षिक १००० पर्यटकले लेक टु लेक पदमार्गमा पदयात्रा गरेको हुने। |
| २ | घरबास (होमस्टे) प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | रैथाने मौलिक कला, संस्कृति तथा सम्पदामा आधारित पर्यटकीय सेवा तथा सुविधा प्रदान गर्नु। | २०८०/०८१ देखि २०८३/०८४ सम्म | | ७ वटा वडाहरुमा कम्तिमा १/१ वटा घरबास (होम स्टे) सुचारु हुने। |
| ३ | एकीकृत पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धन कार्यक्रम | एकीकृत पर्यटन, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि पर्यटन हब निर्माण गर्नु। | सालबसाली | | ५००० आन्तरिक तथा बाह्य पर्यटकले लुङ्ग्रीको संस्कार संस्कृतिको अवलोकन पश्चात आन्तरिक स्रोतमा वृद्धि भएको हुने। |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | लेक टु लेक पदमार्ग निर्माण आयोजना | पदयात्रा मार्ग पहिचान भएको। | १. ३००० आन्तरिक तथा बाह्य पर्यटकहरुले पदयात्राको सुविधा प्राप्त गरेका हुने। २. १०० जना स्थानीय बेरोजगारीहरुले आन्तरिक रोजगारीमा संलग्नता भएको हुने। ३. ३ किलोमिटर पदमार्ग निर्माण भएको हुने। | १. पदमार्ग निर्माणका लागि प्राविधिक स्टिमेट सहितको सम्भाव्यता अध्ययन, २. पदमार्ग निर्माणको लागि बजेट साझेदारीको लागि छलफल तथा निर्णय, ३. लुङ्ग्री गाउँपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमको साझेदारीमा १ किलोमिटर पदमार्ग निर्माण, |
| २ | घरबास (होमस्टे) | छेडा लगायतका बस्तीमा | १३ वटा स्थानमा स्थानीय . | १. घरबास (होम स्टे) नसञ्चालनका लागि |

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | अव्यवस्थित घरवास सेवा सञ्चालन हुदै आएको | कला, संस्कृति, स्थानीय गास वास सहितको सुविधासम्पन्न घरबास सञ्चालन (होम स्टे) भएको हुने । | सम्भाव्यता अध्ययन,<br>२. घरबास सञ्चालन तथा व्यवस्थापन, तालिम, अनुगमन, नविनतम प्रविधि तथा अनुदान सहायता प्रदान,<br>३. घरबास (होम स्टे) सञ्चालन पश्चात विभिन्न अफलाइन तथा अनलाइन माध्यायमबाट प्रचार प्रसार |
| ३ | एकीकृत पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धन कार्यक्रम | १. १००० भन्दा बढी पर्यटकले अवलोकन गरी लुङ्ग्रीको संस्कार सस्कृतिको अनुभुति लिएका,<br>२. लुङ्ग्री क्षेत्र भित्र रहेका संस्कृति तथा सम्पदा संरक्षण तथा पर्वर्धनका लागि सम्भाव्य स्थानहरुको फोटो तथा भिडियो सङ्कलन गरी निजी तथा सार्वजनिक क्षेत्रबाट प्रसार प्रसार हुदै आएको । | १. ३००० आन्तरीक तथा बाह्य पर्यटकहरुले होम स्टे मार्फत स्थानीय उत्पादनमा आधारीत खान्य परिकार, स्थानीय कला संस्कृतिको अवलोकन गरेको हुने ।<br>२. साँस्कृतिक महोत्सवबाट ५००० भन्दा बढी व्यक्तिहरु लाभान्भित भएको हुने ।<br>३. ३००० बालबलिकाहरु बालउद्यनको अवलोकन गरेका हुने ।<br>४. ५००० आन्तरिक र ३००० बाह्य पर्यटकहरु युद्ध पर्यटन र प्राकृतिक गुफा क्षेत्रको अवलोकन गरेको हुने । | १. संस्कार, संस्कृति तथा सम्पदा संरक्षण तथा प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान, खोजी तथा प्रचार प्रसार,<br>२. पर्यटन गुरुयोजना निर्माण,<br>३. ग्रामीण तथा कृषि पर्यटन कार्यक्रम अन्तर्गत पर्यटन महोत्सव सञ्चालन,<br>४. बालउद्यान, युद्ध पर्यटन क्षेत्र, प्राकृतिक गुफाको अध्ययन,<br>५. १ वटा युद्ध पर्यटकीय पार्क र पायक पर्ने स्थानमा १ वटा बालउद्ययन निर्माण,<br>६. सम्भाव्यता अध्ययन गरी पायक पर्ने स्थानमा १ वटा स्थानीय होमस्टे निर्माण तथा सञ्चालन । |

### ४.३.९ जोखिम पक्ष र अनुमान

अन्तर सरकार, निजी क्षेत्र, विकास साझेदार तथा समुदायको सहयोग, सहकार्य तथा साझेदारीबाट गाउँपालिकामा पर्यटकीय पूर्वाधार सेवा सुविधा विकास विस्तार र स्तरोन्नती हुनेछ । भौगोलिक विकटता तथा यातायातको असहजताका कारण सरकार, सहयोगी निकाय, निजी क्षेत्र तथा जनताको साझेदारी नभएमा पर्यटन क्षेत्रको विकास र विस्तार नहुने जोखिम रहेको छ ।

## ४.४ उद्योग, व्यापार तथा व्यवसाय

### ४.४.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी युवा उद्यमशिलता विकास अनुदान सञ्चालन तथा कार्यान्वयन कार्यबिधि, २०८० जारी गरी लुङ्ग्री गाउँपालिका भित्रका युवाहरुलाई कृषि तथा पशु उद्यम विकास साना घरेलु उद्योग जस्ता क्रियाकलापमा आकर्षण तथा उत्प्रेरणा जगाउदै स्वरोजगार सिर्जना गरी सम्रग राष्ट्रनिर्माणको रणनीतिमा योगदान पुऱ्याउने ध्येय लिएको छ । सोही अनुरुप गाउँपालिकाले उद्योग व्यापार व्यवसाय दर्ता/ सूचीकरण, नविकरण खारेजी, अनुगमन तथा नियमन र प्रर्वद्धन सम्बन्धी कार्य गर्दै आएको छ । साथै यस गाउँपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम पनि सञ्चालनमा रहेको छ । युवा उद्यमी तथा साना उद्योग प्रवर्द्धन गर्ने कार्यक्रम अनुसार गाउँपालिकामा २० वटा उद्योग दर्ता भई सञ्चालन भएका छन् भने ३६० व्यवसाय सञ्चालनमा रहेका छन् । गाउँपालिकामा २४० जना लघु उद्यमी सिर्जना भई व्यवसायमा संग्लन भएका छन् । गाउँपालिका भित्र सञ्चालित व्यवसायबाट व्यवसाय करबाट वार्षिक ४९ हजार रकम सङ्कलन भइरहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्र भित्र उद्योगका लागि उर्जा तथा सडक पूर्वाधारको कमी, उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु उद्योग व्यवसाय विकासको प्रमुख समस्याका रुपमा रहेका छन्।

कृषि वन खनिजमा आधारित उद्योग व्यवसायको सिर्जना विकास र स्तरोन्नति गर्नु, औद्योगिक पूर्वाधार विकास तथा लगानी आकर्षण गर्नु ,औद्योगिक उत्पादन विविधीकरण विकास र विस्तार गर्नु बजार मुल्य श्रृङखला र बजार सञ्जाल विकास र विस्तार गर्नु, शुलभ कर्जा, प्रविधि तथा व्यवसाय विकास सेवा एकीकृत रुपमा उपलब्ध गराउनु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

### ४.४.३ सोच

"लुङ्ग्रीबासीको पहिचान र सम्पन्नताः सिप, पुँजी, प्रविधि, स्रोत सम्भाव्यता र उद्यमशिलता"

### ४.४.४ उद्देश्य

१. स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि गर्ने,
२. उद्योग व्यवसायको विकास तथा औद्यौगिक उत्पादनमा वृद्धि गर्ने,
३. कृषि तथा पशुजन्य उपजमा आधारित उद्योग तथा उद्यमशिलता वृद्धि गर्ने,
४. घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने।

### ४.४.५ रणनीति

१. स्थानीय कच्चा पर्दाथ साधन स्रोत र सिपको समुचित सदुपयोग गर्ने।
२. स्थानीय उत्पादनहरुको बजार प्रवर्द्धन गर्ने।
३. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धतामा जोड दिने।
४. स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको स्थापना तथा प्रर्वद्धन गर्ने।
५. स्थानीय श्रमिकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने।

### ४.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ७०४ | १००० | ११०० | १२०० | १३२० |
| कुल उद्यम, व्यापार तथा व्यवसाय | सङ्ख्या | ३०४ | ३२५ | ३५० | ३७५ | ४०० |
| गाउँपालिकामा दर्ता भएका उद्योग | सङ्ख्या | २० | ३५ | ४५ | ६५ | ८६ |
| गाउँपालिकाकामा दर्ता व्यापार व्यवसाय | सङ्ख्या | १२० | १६० | १९० | २२० | २६० |
| दर्ता प्रक्रियामा नआएका उद्यम, व्यापार तथा व्यवसाय | सङ्ख्या | १६४ | १३० | ११५ | ९० | ५४ |
| व्यावसायिक र प्राविधिक सिपयुक्त दक्षव्यक्ति | सङ्ख्या | ७२३ | ७६० | ८०० | ८४५ | ८९२ |
| व्यवसाय करबाट संकलित राजस्व | रू. हजारमा | ४६ | १२० | १५२ | १७५ | १९२ |
| उद्यम सिर्जना र विकासमा तालिम लिने उद्यमी | सङ्ख्या | ८०० | ८८५ | ९५० | १०३० | १०८५ |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्र वार्षिक कारोवार | रु. लाखमा | २४० | ३०० | ३२० | ३३० | ३५० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १९६५ | १५१२ | ४५३ | ० | ६७७ | १२८८ | ० | ० |
| २०८२/८३ | २१६२ | १६६३ | ४९८ | ० | ७२६ | १४३६ | ० | ० |
| २०८३/८४ | २३७८ | १८३० | ५४८ | ० | ७८२ | १५९६ | ० | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, व्यापार, व्यवसाय तथा बजार प्रवर्द्धन कार्यक्रम | सेवा, उत्पादन र रोजगारी वद्धि गर्नु | सालबसाली | | वार्षिक १२०वटा उद्यम व्यापार तथा व्यवसाय दर्ता, नविकरण र स्तरोन्नति हुने |
| २ | गरिबि निबारणको लागि लघु उद्यम विकास कार्यक्रम | लघु उद्यमको सिर्जना र विकास द्धारा न्यून आय भएका तथा विपन्न वर्गको गरिबी घटाउनु | सालबसाली | | वार्षिक ९०० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | उद्योग, व्यापार, व्यवसाय तथा बजार प्रवर्द्धन कार्यक्रम | १४० वटा दर्ता तथा नविकरण भइ सञ्चालनमा रहेका | २०० वटा उद्यम व्यापार तथा व्यवसाय दर्ता, नविकरण र स्तरोन्नति हुने, जसले गर्दा बेरोजगारीको संख्यामा कमी भइ रोजगारीको संख्यामा वृद्धि हुनेछ। | औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन गरी नयाँ दर्ता, नवीकरण तथा नियमन, बजार अनुगमन, उद्यम तथा सिप विकास, उपभोक्ता सचेतना प्रचार प्रसार, अध्ययन तथा अनुगमन |
| २ | गरिबि निबारणको लागि लघु उद्यम विकास कार्यक्रम | वार्षिक ५०० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति भएको | वार्षिक ७०० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने, निरपेक्ष गरिबिको रेखामुनि रहेका जनसंख्यामा कमी भएको हुनेछ। | सामाजिक परिचालन, सम्भाव्यता अध्ययन, व्यवसाय छनौट, उद्यमशीलता तथा सिप विकास तालिम, वित्तीय पहुँच, गतिशिल प्रविधि हस्तान्तरण, बजारीकरण र व्यवसाय स्तरोन्नति |

### ८.५.९ जोखिम पक्ष र अनुमान

नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, निजी क्षेत्र तथा समुदायसँगको समन्वय, सहकार्य र साझेदारमा उद्योग व्यापार र व्यवसाय सिर्जना, विकास र प्रवर्द्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुनेछ। आयातित वस्तुको बढ्दो प्रयोग, सेवामुखी व्यवसायमा बढ्दो लगानी र व्यवसाय व्यावसायिक वातावरण सिर्जना नभएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहेको छ।

## ४.५ भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा

### ५.५.१ पृष्ठभूमि

यस गाउँपालिकामा १ वटा बैंक, २ वित्तीय संस्था तथा ६ वटा सहकारी संस्थाबाट वित्तीय सेवा प्रवाह भैरहेको छ। गाउँपालिकामा ५४८६ घरपरिवारमध्ये अर्थात् ६० प्रतिशत घरपरिवारको बैंक खाता रहेको देखिन्छ।

### ४.५.२ समस्या तथा चुनौती

वित्तीय साक्षरतामा कमी हुनु, वैंक तथा वित्तीय सेवाको पहुँचमा कमी हुनु, भूमिको वर्गीकरण गरी भूउपयोग योजना तयारी र सोको परिपालना र नियमनको कमी हुनु, वित्तीय सेवाको उपलब्धता बजार क्षेत्रमा मात्र रहनु र वित्तीय सेवाका निमित्त आवश्यक इन्टरनेट सुविधाको कमी हुनु पनि यस क्षेत्रका प्रमुख समस्याहरू हुन। बैंकिङ्ग तथा वित्तीय सेवा विस्तार गर्नु, वैज्ञानिक भूउपयोगको अभ्यास थालनी गर्नु, वित्तीय तथा व्यवसाय विकास सहकारी शिक्षा प्रदान गर्नु र सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन।

### ४.५.३ सोच

"वित्तीय स्रोतको उपयोगः भूमि तथा स्थानीय स्रोतको सदुपयोग"

### ४.५.४ उद्देश्य

१. भूमीको वर्गीकरण र योजनाको परिपालनामा अभिवद्धि गर्नु
२. वित्तीय सेवा तथा लगानीमा वृद्धी गर्नु,
३. सहकारिता, स्थानीय उत्पादन, उद्यम तथा व्यावसायमा वृद्धि गर्नु,

### ४.५.५ रणनीति

१. उत्पादनशील क्षेत्रमा सहकारिताको विकास र विस्तार गर्ने
२. सहकारी, वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने
३. उत्पादन र सेवामूलक व्यावसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने

### ४.५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सेवा सुचारु बैंक शाखा र वित्तीय सेवा प्रदायक | सङ्ख्या | १ | १ | १ | १ | २ |
| सेवा प्रवाह गरिरहेका सूचारू सहकारी संस्था | सङ्ख्या | २ | २ | २ | ३ | ६ |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या | सङ्ख्या | १०० | २०० | ३०० | ४५० | ६०० |
| बैंकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७२ | ७५ |
| अव्यवस्थित बसोबासी, भूमिहिन दलितका लागि जग्गा पहिचान, नक्शाङ्कन र सर्भेक्षणमा सहजीकरण, लाभग्राही रूजु र लगत अद्यावधीकरण भूमि तया बसोबास व्यवस्थाका लागि संवाद तथा पैरवी | सङ्ख्या | ० | ० | १ | १ | १ |
| सहकारी तालिम (कोपोमिस, लेखा व्यवस्थापन, सहकारी व्यवस्थापन), सहकारी संस्था अनुगमन, निमयन, बैठक, समन्वय तथा साझेदारी, | सङ्ख्या | ० | ० | १ | २ | ३ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १४१८ | १४१८ | ० | ० | २७१ | ११४७ | ० | ० |
| २०८२/८३ | १४३२ | १४३२ | ० | ० | २९० | ११४१ | ० | ० |
| २०८३/८४ | १४४६ | १४४६ | ० | ० | ३१३ | ११३३ | ० | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सहकारी प्रबर्द्धन कार्यक्रम | उत्पादन, सेवा तथा वित्तीय सेवामा सहकारीको परिचालन अभिवृद्धि गर्नु | सालबसाली | २१४८ | ५ वटा सहकारी संस्थाको सेवामा सर्वसाधारणको सहज पहुँच कायम हुने, |
| २. | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | वित्तिय संस्थाको क्षमता अभिवृद्वी, वित्तिय साक्षरता तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | ८५९ | वार्षिक १५० जनाले वित्तीय साक्षरता सहभागि भइ वित्तीय सेवामा पहुँच हुने, |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | सहकारी प्रबर्द्धन कार्यक्रम | ५ वटा सहकारी संस्थाबाट उत्पादन र बचत तथा ऋण र सेवा प्रवाह भैरहेको | ६ वटा उत्पादन, बजारीकरण र रोजगारी सिर्जना सहकारी स्थापना तथा स्तरोन्नति हुने | सहकारी तालिम (पल्स्, कोपोमिस, लेखा व्यवस्थापन, प्रस्ताव लेखन, कर्जा जोखिम, सहकारी व्यवस्थापन), सहकारी संस्था अनुगमन, निमयन, बैठक, समन्वय तथा साझेदारी, |
| २ | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | उद्यम व्यवसाय सञ्चालन र स्तरोन्नति २०० जनाले वित्तिय साक्षरता तथा पहुँच प्राप्त गरेका | १५२७ जना उद्यमी तथा व्यवसायीले वित्तीय साक्षरता र पहुँच प्राप्त गरेका हुने | वित्तिय साक्षरता कार्यक्रम, बैंक तथा वित्तिय संस्था र इच्छुक उद्यमी बीच अन्तरक्रिया, व्यवसाय योजना तयारी तथा नविकरण, विद्युतीय भुक्तानी प्रणाली |

### ८.५.९ जोखिम पक्ष र अनुमान

गाउँपालिकामा न्यून संख्यामा अव्यवस्थित बसोबासी रहेका छन् । गाउँपालिका क्षेत्रको पर्यटन तथा अन्य व्यापार व्यवसायको वृद्धिसँगै अव्यवस्थित बसोबासीको संख्या वद्धि हुने जोखिम रहेको छ। गाउँपालिकाबासीमा वित्तीय साक्षरता तथा सेवा विस्तार भएको हुनेछ । बैंक, वित्तीय संस्था र सहकारी उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन्। बैंक, सहकारी र वित्तीय संस्था सेवा विस्तार र खराव कर्जाको जोखिम रहेको छ।

## ४.६. श्रम, रोजगारी तथा गरिबी निवारण

### ४.६.१ पृष्टभूमि

नेपालको संबिधान २०७२ को धारा ३३ र ३४, स्थानीय सरकार सञ्चालन ऐन, २०४ को दफा ११ को अधिनमा रही नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तथा एकीकृत श्रम तथा रोजगार सेवा कार्यविधि, २०८० बमोजिम एकीकृत रुपमा श्रम तथा रोजगार सम्बन्धी काम कारवाही अगाडी बढाउन प्रत्येक स्थानीय तहमा विगत ५ वर्ष देखि एक रोजगार सेवा केन्द्रको स्थापना भई क्रियाशिल रहेको छ। यस प्रकार स्थापित रोजगार सेवा केन्द्रबाट हालसम्म ४६५८ जना बेरोजगार सूचिकृत भई रोजगार आयोजनाबाट हालसम्म ५७९ जना बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीमा संलग्न गराइएको छ । चालु आ.ब.मा गाउँपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमको साँझेदारीमा ३ वटा रोजगार आयोजनाहरु सञ्चालनमा छन साथै बैदेशिक रोजगार वोर्डको कार्यक्रम पनि सञ्चालनमा रही १०० जना भन्दा बढीले सेवा प्राप्त गरिसकेका छन्।

### ४.६.२ समस्या तथा चुनौती

गरिवीको रेखामुनि घरपरिवारको पहिचान गर्नु, रोजगार प्रवर्द्धन सम्बन्धी स्थानीय नीति, योजना, कार्यक्रम तर्जुमा नहुनु, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट न्यूनतम १०० दिनको रोजगारीमा सिमित बेरोजगारी व्यक्ति मात्रै संलग्न हुनु, सूचिकृत बेरोजगारी व्यक्ति बढ्दो क्रममा रहनु, गाउँपालिकाको सिमित स्रोतबाट बजेट बजेट व्यवस्थापन न्यून हुनु, आदि श्रम, रोजगार तथा गरिवि निवारणको क्षेत्रमा मुख्य समस्याको रुपमा रहेका छ।

सङ्घ, प्रदेश र स्थानीय सरकारबिचको अन्तरसम्बन्धमा नीतिगत स्पष्टता सहित संयुक्त र आ-आफ्नो तहबाट पहल कडमी अगाडी बढाउनु, स्थानीय श्रमिकलाई उद्योग, कलकारखाता र निजी कम्पनीबाट रोजगारी प्रदान गर्नु, प्रत्येक वर्ष श्रम बजारमा थपिने श्रमिकलाई स्वदेशमै स्वरोजगार सिर्जना गरी बैदेशिक रोजगारीको प्रभावलाई न्यूनिकरण गर्नु, गरिबी निवारणको

सार्थकतालाई एकीकृत, सार्थक र प्रभावकारी बनाउनु आदि रोजगार तथा गरिबी निवारणको क्षेत्रमा मुख्य चुनौतीको रुपमा रहेका छन्।

### ४.६.३ सोच

"श्रम, व्यवसाय र रोजगारीमा आबद्धता, समृद्ध लुङ्ग्री हाम्रो प्रतिबद्धता"

### ४.६.४ उद्देश्य

गरिबीको रेखामुनि रहेका नागरिक तथा वेरोगार व्यक्तिको जीविकोपार्जनमा सुधार ल्याउनु।

### ४.६.५ रणनीति

१. आयआर्जन, रोजगारी, स्थानीय उत्पादनमा अभिवृद्धि गर्ने,
२. व्यावसायिक सिप विकास, रोजगारी सिर्जना, उत्पादनशिलता प्रर्वद्धन गर्ने,
३. श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक पुनस्थापना तथा पुनः एकीकरण लगायतका एकीकृत सेवा प्रवाह गर्ने,
४. स्वदेश तथा वैदेशिक रोजागीमा संलग्न रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन अभिप्रेरित गर्ने,
५. गरिबीको रेखामुनि रहेका नागरिक तथा बेरोजगारी व्यक्तिलाई सिप तथा क्षमता विकास सम्बन्धी तालिम र नविनतम प्रविधि हस्तान्ततरण गर्ने।

### ४.६.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| सूचीकृत बेरोजगारी | सङ्ख्या | ४६५८ | ५५०० | ७००० | ८५०० | १०००० |
| रोजगार आयोजना (१०० दिनको रोजगारी) | सङ्ख्या | १०० | १११ | १२५ | १४० | १५० |
| रोजगारी सिर्जना (१०० दिनको रोजगारी) | जना | ५०० | ५७९ | ६५९ | ७३९ | ८२० |
| बैदेशिक रोजगारीमा खोज र उद्दार गरिएक व्यक्ति | जना | ० | २ | ६ | ८ | १० |
| सिप तथा क्षमता विकासबाट लाभान्वित व्यक्ति | जना | ० | ० | १०० | २०० | ३०० |
| पुनः श्रम स्वीकृती सहयोग प्राप्त गर्ने व्यक्ति | जना | ० | १०० | २५० | ३५० | ५०० |
| लेक टु लेक पदमार्ग लम्बाइ | कि.मि. | ० | ० | १ | २ | ३ |
| श्रम तथा रोजगार सहकारी | सङ्ख्या | ० | ० | ० | १ | २ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ९४३२ | ४७१६ | ४७१६ | ० | ० | ९४३२ | ० | ० |
| २०८२/८३ | ९९०४ | ४९५२ | ४९५२ | ० | ० | ९९०४ | ० | ० |
| २०८३/८४ | १०४०१ | ५२०० | ५२०० | ० | ० | १०४०१ | ० | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एकिकृत श्रम तथा रोजगार सेवा सञ्चालन र गरिबी निवारण कार्यक्रम | एकिकृत श्रम तथा रोजगार सेवा प्रदान गर्नु | सालबसाली | | सूचिकृत १००० बेरोजगारी व्यक्तिले न्यूनतम रोजगार प्राप्त गरेका हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | एकिकृत श्रम तथा रोजगार सेवा सञ्चालन र गरिबी निवारण कार्यक्रम | १. ५०० भन्दा बढी बेरोजगारी व्यक्तिले न्यूनतम रोजगारी प्राप्त गरेका<br>२. वैदेशिक रोजगारीमा मृत्यु भएका २ जना व्यक्तिको शव उद्दार गरेको,<br>३. १०० भन्दा बढीले पुनःश्रम स्वीकृतीमा सहयोग प्राप्त गरेका, | १. प्रधानमन्त्री रोगार कार्यक्रम र सरकारी गैरसरकारी सङ्घ संस्थाको आयोजनाबाट ५०० जना सूचीकृत बेरोजगारी व्यक्तिलाई रोजगारी प्राप्त गरेको हुने,<br>२. श्रम बजारको मागबमोजिम ३०० जना बेरोजगारी व्यक्तिलाई श्रम तथा रोजगार परामर्श, सिप र क्षमता विकास तालिम प्राप्त गरेको हुने,<br>२. ३०० जना व्यक्तिलाई वैदेशिक रोजगार वोर्डको सेवा प्राप्त गरेको हुने<br>३. बेरोजगारी व्यक्तिहरुको सहभागितामा १/१ वटा श्रम तथा रोजगार सहकारी निर्माण गरी ५००० बेरोजगारी लाभान्वित भएको हुने। | १. बेरोजगार व्यक्ति सुचीकरण<br>२. रोजगार आयोजना सञ्चालन<br>३. वैदेशिक रोजगार वोर्डको सेवा प्रवाह,<br>४. श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन<br>५. रोजगार संबाद मंचको सञ्चालन<br>६. श्रम बजारको मागबमोजिम रोजगार परामर्श, सिप तथा क्षमता विकास तालिम प्रदान,<br>७. सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन<br>९. गाउँपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमको साझेदारीमा लेक टु लेक पदमार्ग निर्माण,<br>१०. श्रम बैंक निर्माण,<br>११. गरिवीको रेखामुनी भएका व्यक्ति पहिचान। |

### ४.६.९ जोखिम पक्ष र अनुमान

गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्र आन्तरिकीकरण हुने, गाउँपालिका मार्फत सञ्चालन हुने सिप विकास, उद्यमशिलता, श्रम र रोजगार सम्बन्धी सेवाहरु एकीकृत रुपमा रोजगार सेवा केन्द्र मार्फत सञ्चालन गर्ने व्यवस्थाको सुनिश्चिता आवश्यक रहेको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले नीतिगत व्यवस्था हुन नसकेमा प्रधानमन्त्री रोजगार कार्यक्रमको समाप्ति पश्चात गरिबी निवारण, श्रम तथा रोजगार सेवाको दिगोपनामा तथा प्रभावकारिता नहुने जोखिम रहेको छ।

# परिच्छेद ५ : सामाजिक क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य तथा पोषण, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

आधारभूत स्वास्थ्य तथा पोषणलाई लुङ्ग्री गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याई गाउँवासीको सहज पहुँच स्थापित गर्न संरचनागत तथा व्यावहारिक अभ्यास विद्यमान रहेका छन् । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरतामा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तरोन्नती तथा विस्तारका कार्यहरु द्रुत गतिमा भई रहेका छन् । गाउँपालिका क्षेत्रभित्र ५ वटा स्वास्थ्य चौकी, २ वटा आधाभुत स्वास्थ्य केन्द्र र १३ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र, १० गाउँघर क्लिनिक र २४ खोप क्लिनिक रहेका छन् । स्थानीय स्वास्थ्य संस्थामा हेल्थ असिष्टेन्ट ५ जना, अनमी १९ जना, अहेव १७ जना र कार्यालय सहयोगी २० जना र ल्याव असिस्टेन्ट १ जना कार्यरत रहेका छन् । स्वास्थ्य संस्था मध्ये बडाचौर स्वास्थ्य चौकीमा ल्याव सुविधा रहेको छ भने गर्भ परीक्षण सुविधा सबै स्वास्थ्य संस्थामा रहेको छ । सुरक्षित मातृत्वका लागि प्रसुति सेवा ७ वटा स्वास्थ्य चौकीमा रहेको छ । गर्भवती महिलाहरुलाई गाउँपालिका अन्तरगतका ७ वटै वडाहरुमा भिडियो एक्सरे सेवा र वडाचौर स्वास्थ्य चौकीबाट नियमित सेवा सञ्चालनमा रहेको छ । सुरक्षित गर्भपतन सेवा ४ वटा स्वास्थ्य संस्थाबाट सेवा प्रवाह भएको छ । बडाचौर स्वास्थ्य चौकी बाट OTC सेवा सञ्चालन भई कुपोषित बच्चाहरुलाई सेवा प्रदान गर्दै आएको छ । सुत्केरी हुनेलाई सुत्केरी पोषण प्रोत्साहन शुरुवात गरिएको छैन । यस क्षेत्रका ९४ प्रतिशत घरपरिवारमा आयोडिनयुक्त नुनको प्रयोग हुने गरेको छ ।

स्वास्थ्य संस्थामा ९८ प्रकारका औषधी निःशुल्क रुपमा उपलब्ध रहेका छन् । मापदण्डअनुसारको १ वटा स्वास्थ्य चौकी भवन बनेको छ भने एउटा सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण सम्पन्न भएको र चार वटा निर्माणाधिन रहेका छन् । पालिकास्तरमा एउटा एम्बुलेन्सबाट सेवा उपलब्ध रहेको छ । किशोर किशोरी मैत्री स्वास्थ्य सेवा ५ वटा स्वास्थ्य चौकीमा उपलब्ध रहेको छ । स्थायी परिवार नियोजनका लागि हरेक वर्ष पालिका स्तरमा स्थायी बन्धाकरण शिविर सञ्चालन गर्ने गरिएको छ । स्वास्थ्य व्यवहार परिवर्तनको लागि स्वास्थ्य संस्थास्तरमा अन्तरकृया हरेक वर्ष सञ्चालन हुने गरेको छ । विद्यालयस्तरमा जुकाको औषधी तथा भिटामिन ए कार्यक्रम वर्षको २ पटक सञ्चालन गरिएको छ । स्वास्थ्य शिक्षा कार्यक्रम पनि पटक पटक हुने गरेको छ । पाठेघर खस्ने महिलाको लागि स्क्रिनिङ क्याम्प सञ्चालन गरी उपचार तथा प्रेषण कार्य गरिएको छ । गाउँपालिकास्तरमा स्वास्थ्य सेवा उपलब्ध गराउन गैर सरकारी संस्थाहरुसँग ARH परियोजना लगायत स्वास्थ्य क्षेत्रमा साझेदार रहेको छ । यस पालिकामा सामुदायिक स्वास्थ्य एकाइको स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० तयार भएको छ ।

### ५१.२ समस्या तथा चुनौती

अस्पतालसँगको पहुँच (अस्पताल पुग्न लाग्ने औषत समय ३ घण्टा) मा कमी हुनु, १ वटा स्वास्थ्य चौकीको भवन मात्र मापदण्डअनुसार निर्माण भई सञ्चालन हुनु र अन्य ६ वटा वडामा मापदण्ड अनुसार नुहुनु, सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनको कुलतको प्रभाव बढ्दै जानु, खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन नहुनु, स्वास्थ्य संस्थामा स्थायी जनशक्ति पर्याप्त नहुनु, स्वास्थ्य तथा पोषणसम्बन्धी जानकारीमा कमी हुनु ,प्लास्टीक तथा शिसाजन्य प्रदुषण हुनु आदि यस क्षेत्रका समस्याहरु हुन् । यसैगरी स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार नहुनु, प्रत्येक वडामा एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधा नहुनु, स्वास्थ्य संस्थामा घेरवारको कमी हुनु, ७ वटा वर्थिङ् सेण्टरमा दक्ष प्रसुतिकर्मीको कमी हुनु, विरामी पर्दा धामी झाँक्रीकोमा जाने प्रचलन हुनु, शारिरीक व्यायाम, योग, आयुर्वेदिक एवं

प्राकृतिक चिकित्सासम्बन्धी चेतनामा कमी हुनु, विद्यालयहरुमा प्राथमिक उपचार सामाग्रीको कमी हुनु आदि यस क्षेत्रका समस्याहरुका रुपमा रहेका छन् ।

गाउँपालिकामा १५ सैयाको आधारभूत अस्पताल निर्माण गरी सञ्चालन गर्नु, स्थायी दरबन्दीमा स्वास्थ्यकर्मीको पदपुर्ति गरी स्वास्थ्य सेवा सहज र नियमित बनाउनु, दक्षप्रसुतिकर्मी र भिडियो एक्सरे, ल्याब तथा एक्सरे सेवा राख्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ५.१.३ सोच

"सुदृढ स्वास्थ्य संस्थाः स्वस्थ लुङ्ग्रीबासी"

### ५.१.४ उद्देश्य

१. आधारभूत, निशुल्क तथा विशिष्ठकृत स्वास्थ्य सेवामा गाउँपालिकाबासीको पहुँच विस्तार गर्नु,
२. स्वस्थ जीवनशैली प्रवर्द्धन, ब्यबहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकूल बाताबरण सिर्जना गर्नु,
३. पोषण अवस्थामा दिगो सुधार गर्नु
४. पूर्ण गर्भजाँच र संस्थागत सुत्केरीलाई दिगोपना कायम राख्नु ।

### ५.१.५ रणनीति

१. स्वास्थ्यकर्मीको व्यवस्था, क्षमता विकास र स्वास्थ्य संस्थाको पूर्वाधार सामग्री तथा उपकरणको औषधीको व्यवस्था गरी आधारभूत, निशुल्क तथा विशिष्ठकृत स्वास्थ्य सेवाको गुणस्तर र पहुँचलाई सहज तुल्याउने,
२. स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवम् परिमाणममुखी बनाउने तथा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने,
३. विद्यालय तथा नागरिक शिक्षा, सूचना तथा सञ्चार मार्फत स्वास्थ्य, पोषण र स्वस्थ व्यवहार बारे सचेतना वृद्धि गर्ने,
४. वैकल्पिक स्वास्थ्य उपचार विधि, सचेतना वृद्धि तथा घरदैलो सेवा विस्तार गर्ने,
५. मातृशिशु स्वास्थ्य परिवार योजना तथा पोषणको अवस्थामा गुणात्मक सुधार ल्याउने,
६. गाउँपालिकामा विद्यालय नर्स सेवा सञ्चालन तथा किशोर किशोरी प्रजनन स्वास्थ्यमा सुधार गर्ने ।

### ५.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिला | प्रतिशत | ८० | ८२ | ९० | ९५ | १०० |
| २३ महिना सम्मका नियमित वृद्धि अनुगमन गरिएका बालबालिका सङ्ख्या | सङ्ख्या | ५३ | ४१ | ६० | ७५ | ९० |
| वृद्धि अनुगमन ०-२३ महिनाका बालबालिको औषत भेट | | १५ | १७ | २० | २२ | २४ |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित ५९ महिनाभन्दा कम उमेरका बालबालिका | प्रतिशत | ०.४१ | २.० | १.५ | १.० | ०.५ |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ९ | ५ | ६७ | ७० | ७२ |
| कम तौल भएका नवजात शिशु | प्रतिशत | ४ | २.२ | ८.५ | ८.० | ७.५ |
| प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिला (जीवित जन्ममा) | प्रतिशत | ३५ | ४८ | ६५ | ७० | ७५ |
| डि.पि.टि.-हेप वि. १ दादुरा रूबेला दोश्रोबिचको ड्रपआउट दर | प्रतिशत | ३.० | ४.० | ८.० | ७.० | ६.० |
| २३ महिना भित्र पूर्णखोप प्राप्त गरेका बालबालिका | प्रतिशत | ९० | १४० | १०० | १०० | १०० |

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| कुष्ठरोगको प्रकोप दर (प्रति १०,०००) | जना | ४.९ | ४.० | ३.० | ३.० | २.५ |
| निमोनियाका विरामी दर (२ देखि ५९ महिनाका बालबालिका) | जना | ४९ | ४५ | १०५ | १०० | ९५ |
| झाडापखालाका बिरामी दर (प्रति हजार २ देखि ५९ महिना बालबालिका) | जना | २५६ | १३७ | २०० | १९० | १८० |
| गर्भावस्थाको अवधिभर १८० आइरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ७२ | ५७ | ८० | ८५ | ९० |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ६००१९ | ३२०१९ | २८००० | ० | ० | ५९००४ | १०१५ | ० |
| २०८२/८३ | ७८४९६ | ३३६२१ | ४४८७५ | ० | ० | ७७४६० | १०३६ | ० |
| २०८३/८४ | १०१६६१ | ३५३१७ | ६६३४४ | ० | ० | १००६०३ | १०५८ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधारभूत अस्पताल निर्माण आयोजना | बिशेषज्ञ सहितको उपचारात्मक सेवा प्रवाह गर्नु | २०८१/८२ देखि २०८३/८४ | १८००० ० | १५ बेडको सुविधा सम्पन्न आधारभूत अस्पताल निर्माण सम्पन्न सेवा सुचारु हुने |
| २ | हार्जङ स्वास्थ्य चौकी भवन निर्माण आयोजना (समपुरक) | सहज किसिम बाट सर्वसुलभ सेवा प्रवाह गर्नु | २०८१/८२ देखि २०८२/८३ | १९००० | मापदण्ड अनुसार भबन निर्माण भइ सेवा सहज हुने |
| ३ | गुम्चाल स्वास्थ्य चौकी भवन निर्माण आयोजना | सहज किसिम बाट सर्वसुलभ सेवा प्रवाह गर्नु | २०८१/८२ देखि २०८२/८३ | १९००० | मापदण्ड अनुसार भबन निर्माण भइ सेवा सहज हुने |
| ४ | पाङ स्वास्थ्य चौकी भवन निर्माण आयोजना (विशेष) | सहज किसिम बाट सर्वसुलभ सेवा प्रवाह गर्नु | २०८१/८२ देखि २०८३/८४ | १९००० | मापदण्ड अनुसार भबन निर्माण भइ सेवा सहज हुने |
| ५ | सिर्प स्वास्थ्य चौकी भवन निर्माण आयोजना | आधारभूत स्वास्थ्य सेवा सहज बनाउनु | २०८०/८१ देखि २०८२/८३ | १७००० | मापदण्ड अनुसार भबन निर्माण भइ सेवा सहज हुने |
| ६ | स्वास्थ्य संस्था पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | आधारभूत स्वास्थ्य सेवा सहज बनाउनु | सालबसाली | | ७ वटा स्वास्थ्य संस्थाको पुर्वाधार निर्माण स्तरोन्नति र मर्मत सम्भार भइ सुव्यवस्थित हुने |
| ७ | आधारभूत स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | आधारभूत स्वास्थ्य सेवा सहज बनाउनु | सालबसाली | | २६०२५ जनसङ्ख्यालाई सर्बसुलभ आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | आधारभूत अस्पताल निर्माण आयोजना | स्थान छनौट भइ जग्गा प्राप्ति भएको | १५ बेडको सुविधा सम्पन्न आधारभूत अस्पताल निर्माण सम्पन्न हुने | डि पी आर तयारी, ठेक्कापट्टा, डिपिसी तयारी, फ्रेम स्ट्रक्चर निर्माण |

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| २ | हार्जङ स्वास्थ्य चौकी भवन निर्माण आयोजना (समपुरक) | आ ब २०८१/८२ को लागि सङ्घीय समपुरक योजना माग भएको साथै डिपिआर भएको | मापदण्ड अनुसारको भबन सम्पन्न हुने | ठेक्कापट्टा, डिपिसी तयारी फ्रेम स्ट्रक्चर निर्माण |
| ३ | गुम्चाल स्वास्थ्य चौकी भवन निर्माण आयोजना | जग्गा प्राप्तिको कार्य भइरहेको | जग्गा प्राप्ति गरी डिपिआर गरी योजना माग गरिएको हुने | जग्गा प्राप्त गरी डि पी आर गर्ने |
| ४ | पाङ स्वास्थ्य चौकी भवन निर्माण आयोजना (विशेष) | आ ब २०८१/८२ को लागि सङ्घीय समपुरक योजना माग भएको साथै डिपिआर भएको | मापदण्ड अनुसारको भबन सम्पन्न हुने | ,ठेक्कापट्टा,डिपिसी तयारी फ्रेम स्ट्रक्चर निर्माण |
| ५ | सिर्प स्वास्थ्य चौकी भवन निर्माण आयोजना | सङ्घीय समपुरक कोषबाट डिपिसी र फ्रेम स्ट्रकचर निर्माण सम्पन्न भएको | मापदण्ड अनुसारको भबन सम्पन्न हुने | वाल निर्माण झ्याल ढोका जडान प्लास्टरिङ रंगरोबन फर्निसिङ कम्पाउनडिङ खानेपानी र बिद्युत जडान |
| ६ | स्वास्थ्य संस्था पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | मापदण्ड अनुसारको १ स्वास्थ्य चौकी भबन सञ्चालनमा रहेको १ स्वास्थ्य चौकी भबन निर्माणाधिन रहेको, १२ वटा गाउँघर क्लिनिक सञ्चालनमा रहेका | १ वटा स्वास्थ्य चौकी भबन निर्माण संम्पन्न हुने र २ वटा स्वास्थ्य चौकी तथा२ वटा आधारभूत स्वास्थ्य केन्द्र भबन मर्मत तथा स्तरोन्नति हुने | आधारभूत स्वास्थ्य केन्द्रमा कोठा थप, स्वास्थ्य संस्थाको भबन र खानेपानी तथा शौचालय नियमित मर्मत सम्भार, सोलार तथा ब्याट्री मर्मत तथा नया जडान |
| ७ | आधारभूत स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | २६०२५ जनसङ्ख्यालाई नियमित आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएको | २६०२५ जनसङ्ख्यालाई नियमित आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने | मातृ शिशु परिवार योजना सेवा, खोप सेवा, पोषण क्षयरोग कुष्टरोग औलो तथा कालाजार प्रजनन रुग्णता सेवा, वातावरणीय सरसफाई किशोरकिशोरी लक्षित कार्यक्रम सेवाको पहुँच बढाउनको लागि अन्तरक्रिया कार्यक्रम, माहामारी तथा सरुवा रोगहरुको नियन्त्रण कार्यक्रम, स्वाथ्य नीति तथा प्रोफाइल तयारी |

### ९. जोखिम पक्ष र अनुमान

स्वास्थ्य संस्था तथा सेवा प्रवाह सम्बन्धी भौतिक संरचना र सुविधा पर्याप्त भएको हुनेछ। दक्ष मानवीय स्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधी र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबिच सहकार्य र साझेदारी हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्दछ।

## ५.२ शिक्षा विज्ञान तथा प्रविधि

### ५.२.१ पृष्ठभूमि

लुङ्ग्री गाउँपालिकाले शिक्षालाई गाउँपालिका विकासको आधारको रुपमा लिदै विभिन्न नीतिगत, संरचनागत, संस्थागत र व्यावहारिक प्रयासहरु अघि बढाएको छ। नेपालको संविधान ,आवधिक विकास योजना, आर्थिक र सामाजिक रुपान्तरण गर्ने संकल्प पुरा गर्न शिक्षालाई गाउँपालिकाको विकासमा महत्वपूर्ण क्षेत्रको रुपमा आत्मसाथ गरिएको छ। गाउँपालिकाको शिक्षा प्रणालीमा स्थानीय आवश्यकता सुहाउँदो शिक्षा ऐन, नियमावली र विभिन्न कार्यविधि बनाई त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न व्यावहारिक तथा रोजगारमुलक शिक्षा

प्रणालीलाई अवलम्बन गर्ने, शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम लागु गर्ने, सबै विद्यालयहरुलाई सूचना र प्रविधियुक्त बनाउने र एक स्थानीय तह एक व्यावसायिक तथा प्राविधिक विद्यालय र नमुना विद्यालय सञ्चालन गर्ने नीति लिएको छ। विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइएको छ। प्रविधिको उपयोगमा विस्तारले व्यापकता पाएको छ।

यस गाउँपालिकामा शिक्षक दरबन्दी प्रयाप्त नभएका विद्यार्थी सङ्ख्या बढी रहेका विद्यालयहरुमा करार शिक्षक पदपूर्ति गर्नका लागि शिक्षक अनुदान व्यवथापन कार्यविधि-२०८० तयार गरी स्थानीय तह स्तरमा दरबन्दी कायम गरी आवश्यक पर्ने शिक्षकको पदपूर्ति गरेको छ। जस अन्तर्गत माध्यमिक तह (९-१०) ७ वटा, आधारभूत तह कक्षा (६-८ ) ९ वटा र प्राथमिक तह (१-५) मा २४ वटा र सङ्घीय बालविकास कोटा प्राप्त नगरेका १७ वटा विद्यालयहरुलाई बालविकास कक्षा सञ्चालनका लागी १/१ वटा दरबन्दी सिर्जना गरी वितरण गरिएको छ। त्यसैगरी, विद्यालयको अनुगमन एवं सुपरिवेक्षण तथा नियमित प्र.अ. बैठकमा शैक्षिक सुधारका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएका छन्। यसै सन्दर्भमा गाउँ शिक्षा समिति, प्र.अ. बैठक, शिक्षक, विद्यार्थी तथा सरोकारवाला सम्पूर्ण व्यक्तिहरुको सुझाब लिई शिक्षा सुधारका कार्यहरु हुँदै आएका छन्।

### ५.२.२ समस्या तथा चुनौती

शिक्षा क्षेत्रमा प्रयाप्त जनशक्ति, भौगोलिक विकटता, यातायात, सूचना तथा सञ्चार प्रविधिको पहुँच सबै क्षेत्रमा नपुगेको कारण विद्यालयहरुको स्थलगत सुपरिवेक्षण, अनुगमन एवं प्राविधिक सहयोग, शिक्षक विद्यार्थी सङ्ख्याको अनुपातमा प्राप्त शिक्षक दरबन्दी व्यवस्थापन तथा मिलान नहुँदा अनुदान शिक्षक व्यवस्थापन गर्न समस्या रहेको छ। शिक्षालाई विकासको मुल आधारका रुपमा ल्याइ यस गाउँपालिकाले नमुना विद्यालयका साथै व्यावसायिक तथा प्राविधिक विद्यालयका पूर्वाधार तयारी गरी सहज अवसरहरु सिर्जना गर्नु, वाह्य संस्कृतिको प्रभावको कारण मौलिक भेषभुषा, भाषा तथा संस्कृतिको ह्रास हुँदै गएकोले यसको संरक्षण गर्नुका साथै यस क्षेत्रमा रहेको ऐतिहासिक सम्पदा र भाषा तथा संस्कृतिको संरक्षण र सम्वर्द्धनमा प्रर्याप्त ध्यान दिनु, बालमैत्री तथा अपाङ्गमैत्री भवन, खेलमैदान, घेरावार र शौचालयको कमी रहेको छ। परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यावसायिक र उत्पादनमुखी हुन नसक्नु, शैक्षिक वातावरणको कमी जस्ता समस्या विद्यमान रहेको छ। विद्यालयको स्थलगत सुपरिवेक्षण, अनुगमन एवं प्राविधिक सहयोग, परामर्श सेवा उपलब्ध गराउनु, पठनपाठनलाई सहज र गुणस्तरीय बनाउनु, विद्यालय शिक्षालाई व्यवहारसँग जोडनु र कला तथा संस्कृतिकोलाई जिवन्त रुपमा जोगाइ राख्नु, सबै तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, शिक्षालाई व्यावसायिक, रोजगारमूलक तथा जीवनपयोगी बनाउनु, शिक्षकहरूको माग र आपूर्तिबिच सन्तुलन कायम गर्नु, लगानी अनुरूपको प्रतिफल सुनिश्चित गर्नु, संविधान प्रदत शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्नु आदि यस गाउँपालिकाका शिक्षा क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन्।

### ५.२.३ सोच

"युग सुहाउदो रोजगारमूलक शिक्षाः लुङ्ग्रीबासीको इच्छा"

### ५.२.४ उद्देश्य

१. शैक्षिक गुणस्तर अभिवृद्धि र व्यावसायिक तथा प्राविधिक शिक्षामा सहज पहुँच कायम गर्नु,
२. भौतिक सुविधा एवम् स्रोतसाधन सम्पन्न विद्यालय तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु,
३. युवा आत्मनिर्भरता तथा खेल क्षेत्रमा अवसर सिर्जना गर्नु।
४. स्थानीय सम्पदा तथा मौलिक भाषा एवं संस्कृतिको प्रवर्द्धन गर्नु।
५. शिक्षा क्षेत्रको सञ्चालन र व्यवस्थापनका समग्र पक्षहरूमा सुशासन कायम गर्नु।
६. स्थानीय आवश्यकतामा आधारित स्थानिय पाठ्यक्रम पाठ्यपुस्तक सन्दर्भ सामग्री निर्माण गरी कार्यान्वयन गर्नु।

### ५.२.५ रणनीति

१. गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि भौतिक पूर्वाधार सुधार, शिक्षण विधि र सामाग्रीको समुचित व्यवस्थापन गर्ने,

२. विद्यालयमा शैक्षिक गतिविधिको निरन्तर अनुगमन र सुधारलाई प्रभावकारी बनाउने,
३. विद्यालयमा इन्टरनेट, विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थित रुपले सञ्चालन गर्ने,
४. गुणस्तरीय तथा व्यावसायिक शिक्षा प्रणाली अवलम्बन गर्ने,
५. आर्थिक सामाजिक रुपमा पछाडि परेको वर्गका विद्यार्थीका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,
६. विद्यालय सुधार योजना अद्यावधिक तथा शैक्षिक क्यालेन्डरलाई तयारी तथा कार्यान्वयनलाई प्रभावकारी बनाउने,
७. स्थानीय परिवेश आवश्यकता, सामाजिक संस्कृति अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने,
८. युवा तथा शैक्षिक बेरोजगारका लागि स्वरोजगारमूलक र उद्यमशिलतामा प्रोत्साहित गर्ने,
९. ऐतिहासिक महत्वका सम्पदाको पहिचान, संरक्षण र सम्वर्द्धनका लागि संस्थागत व्यवस्था गर्ने ।

### ५.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| ५-१२ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिका | सङ्ख्या | ५६ | ५० | ४० | ३० | २० |
| ४-५ वर्ष उमेर समूहका बाल विकास केन्द्रमा भर्ना हुने बालबालिका | सङ्ख्या | १४०४ | १४५० | १५०० | १५५० | १६०० |
| कक्षा १ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | १३३६ | १३५० | १४०० | १४५० | १५०० |
| कक्षा १-५ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | ४८८७ | ४९५० | ५००० | ५२०० | ५३०० |
| कक्षा ६-८ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | २२६५ | २३०० | २३५० | २४०० | २५०० |
| कक्षा ९-१० मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | ८९४ | ९०० | १००० | ११०० | १२०० |
| कक्षा ११-१२ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | ५३६ | ५५० | ६०० | ६५० | ७०० |
| कक्षा १-५ तह पुरा गर्ने विद्यार्थी | सङ्ख्या | ३७०५ | ४००० | ४२०० | ४३०० | ४७०० |
| कक्षा ६-८ तह पुरा गर्ने विद्यार्थी | सङ्ख्या | १७७९ | १८०० | १९०० | २००० | २१०० |
| कक्षा १० पुरा गर्ने विद्यार्थी | सङ्ख्या | ४२० | ४५० | ४६० | ४७० | ४८० |
| कक्षा १२ पुरा गर्ने विद्यार्थी | सङ्ख्या | २२३ | २२३ | २४० | २५० | २६० |
| कक्षा १-५ दोहोर्याउने विद्यार्थी | सङ्ख्या | ६६३ | ५०० | ४०० | ३०० | २०० |
| कक्षा ६-८ दोहोर्याउने विद्यार्थी | सङ्ख्या | २२० | २०० | १५० | १०० | ५० |
| कक्षा ९-१० दोहोर्याउने विद्यार्थी | सङ्ख्या | १० | ५ | ४ | ० | ० |
| कक्षा १-५ को विद्यालय छोड्ने विद्यार्थी | सङ्ख्या | ५४० | २०० | १०० | ५० | २० |
| कक्षा ६-८ को विद्यालय छोड्ने विद्यार्थी | सङ्ख्या | २८६ | २०० | १५० | १०० | ५० |
| कक्षा ९-१० को विद्यालय छोड्ने विद्यार्थी | सङ्ख्या | ५१ | ४० | २० | १० | ५ |
| कक्षा १-५ मा भर्ना हुने छात्रा | सङ्ख्या | ९३९८ | ८९७० | १०००० | १२००० | १५००० |
| कक्षा ६-८ मा भर्ना हुने छात्रा | सङ्ख्या | ५८७० | ६२५४ | ७००० | ८००० | ९५०० |
| सिकाइ उपलब्धि (कक्षा ८) | प्रतिशत | ६४ | ७० | ८० | ९० | ९५ |
| सिकाइ उपलब्धि (कक्षा ८) गणित | प्रतिशत | १० | २० | ३० | ४० | ६० |
| सिकाइ उपलब्धि (कक्षा ८) विज्ञान | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० |
| सिकाइ उपलब्धि (कक्षा ८) अंग्रेजी | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० |
| पुस्तकालय भएका विद्यालय | सङ्ख्या | १० | १० | ११ | १२ | १३ |
| विज्ञान प्रयोगशाला | सङ्ख्या | ८ | ९ | १० | ११ | १२ |
| सूचना तथा सञ्चार प्रविधि (ICT) सुविधा भएको सङ्ख्या | सङ्ख्या | १२ | १२ | १३ | १४ | १५ |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १७०५४६ | १४२६६३ | २७८८३ | ० | ० | १६६४८६ | ४०६० | ० |
| २०८२/८३ | १७२२५२ | १४४०९० | २८१६२ | ० | ० | १६८१०९ | ४१४३ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १७५७२२ | १४६९९६ | २८७२५ | ० | ० | १७१४९१ | ४२३१ | ० |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास कार्यक्रम | ४-५ वर्षका सबै बालबालिका लागि गुणस्तरीय प्रारम्भिक सिकाइ र बालविकास शिक्षा अवसर सुनिश्चित गर्नु | सालबसाली | ३६१७३ | ४-५ वर्ष उमेर समूहका ६०० जना बालबालिकाले बालविकास शिक्षाको अवसर प्राप्त हुने र बालकक्षाको अनुभब सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी सत प्रतिशत पुग्ने |
| २ | विद्यालय शिक्षा प्रवर्द्धन कार्यक्रम | विद्यालय शिक्षा तथा प्राविधिक शिक्षालाई गुणस्तरीय बनाउनु | सालबसाली | २२८१३० | विद्यालय शिक्षा तथा प्राविधिक शिक्षाको गुणस्तरमा २० प्रतिशत सुधार भएको हुने |
| ३ | बराहक्षेत्र मा.वि. किलाचौर नमूना विद्यालय | मापदण्ड अनुसार विद्यालयलाई नमूनाको रूपमा विकास तथा सञ्चालन गर्नु | सालबसाली | १८०८६ | नमूना विद्यालय मापदण्ड अनुसार विद्यालय सञ्चालन भएको हुने |
| ४ | पाठ्यक्रम तथा पाठ्यसामाग्री व्यवस्थापन | विद्यार्थीको सिकाइ सक्षमतामा सुधार गर्नुका साथै शिक्षकहरुको आधारभूत ज्ञान, सिप र दक्षतामा अभिवृद्धि गर्नु | सालबसाली | २०६७० | ६ हजार भन्दा बढी विद्यार्थीहरू १२० जना शिक्षकहरुमा आधारभूत सक्षमता अभिवृद्धि हुने |
| ५ | निरन्तर तथा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइलाई पूर्ण साक्षरता र उत्पादनमूलक रोजगारीसँग आवद्ध गर्नु | सालबसाली | ५१६८ | हरेक वडामा १ सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन भइ ३०० जनाले निरन्तर शिक्षा, आयमूलक तथा रोजगारमूलक व्यवसाय आवद्ध हुने |
| ६ | शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासन कार्यक्रम | शिक्षक व्यवस्थापन गर्नु तथा प्रशासनिक निरीक्षण, अनुगमन र मूल्याङ्कन कार्यलाई चुस्त, व्यवस्थित तथा नतिजामूलक बनाउनु | सालबसाली | २०७३९१ | सक्षम र पेशाप्रति अभिप्रेरित ६२ शिक्षक व्यवस्था हुने र शैक्षिक योजना तथा प्रशासन व्यवस्थित तथा नतिजामूलक हुने |
| ७ | स्थानीय सम्पदा संस्कृति कलाको संरक्षण र प्रवर्द्धन कार्यक्रम | कला, भाषा तथा साहित्य संरक्षण र विकास गर्नु | सालबसाली | २५८४ | कला, सस्कृति र साहित्यको संरक्षण र प्रवर्द्धन हुने, धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थानहरुको पहिचान हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास कार्यक्रम | प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बाल बालिका सङ्ख्या ५५० जना रहेको | बालकक्षाको अनुभब सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी ८०० पुग्ने | बालबालिकाको अभिलेखीकरण, प्रारम्भिक बाल विकास केन्द्र पूर्वाधार स्तरोन्नति, सिकाई सामग्री व्यवस्थापन, खेल सामग्री व्यवस्था र कक्षा कोठा व्यवस्थापन |
| २ | विद्यालय शिक्षा प्रवर्द्धन कार्यक्रम | ४२ बालविकास केन्द्रहरु १४०४ विद्यार्थी सङ्ख्या, १८ प्रा.बि.४८८७ विद्यार्थी | ३ बालमैत्री विद्यालय भवन निर्माण, ५ विद्यालय हरु आधारभूत तह देखि | विद्यालय नक्शाङ्कन र पुनर्वितरण, दरबन्दी मिलान र शिक्षक व्यवस्थापन, भर्ना कार्यक्रम, विद्यार्थी प्रतिभा पहिचान, उत्कृष्ट विद्यालय |

| क्र.सं. | कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | सङ्ख्या, ८ आ.वि. २२६५ विद्यार्थी, ९ मा.वि.१४३० विद्यार्थी सङ्ख्या रहेको | अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन, ४२ वटा बाल विकास केन्द्रहरुमा सिकाई सामग्री व्यवस्थापन | अनुदान, निशुल्क पाठ्यपुस्तक तथा पाठ्य सामाग्री व्यवस्थापन, छात्राको लागि निशुल्क स्यानिटरी प्याड व्यवस्थापन, ल्याव र पुस्तकालय सञ्चालन, प्रारम्भिक बाल विकास केन्द्र पूर्वाधार स्तरोन्नति, सिकाई सामग्री व्यवस्थापन, खेल सामग्री व्यवस्था र कक्षा कोठा व्यवस्थापन |
| ३ | बराहक्षेत्र मा.वि. किलाचौर नमूना विद्यालय | नेपाल सरकार तोकेको नमूना विद्यालय मापदण्ड अनुसार १-१२ कक्षा सञ्चालनमा रहेको | नेपाल सरकारले तोकेको नमूना विद्यालय निर्देशिकाको मापदण्ड अनुसार १ नमूना विद्यालयको रूपमा पूर्ण रूपमा सञ्चान आउने | शिक्षकका लागि तहगत तथा विषयगत तालिम, बालमैत्री शिक्षणमा आधारित शिक्षणा सिकाइ क्रियाकलाप सञ्चालन, शैक्षिक सामाग्री व्यवस्थापन, कक्षाकोठा, खानेपानी तथा शौचालय, विद्युत, इन्टेनेट सेवा पुस्तकालय, प्रयोगशाला, शिक्षण कक्षको व्यवस्था, शिक्षक, कर्मचारी तथा विद्यार्थी आचारसंहिता निर्माण, मासिक परीक्षा सञ्चालन, अभिलेख र विश्लेषण, अतिरिक्त क्रियाकलाप सञ्चालन, प्राथमिक उपचार सेवा |
| ४ | पाठ्यक्रम तथा पाठ्यसामाग्री व्यवस्थापन | ३ हजार भन्दा बढी विद्यार्थीमा र ३० जना शिक्षकहरु आधारभूत सक्षमता अभिवृद्धि भएको | १०हजार भन्दा बढी विद्यार्थीमा आधारभूत सक्षमता अभिवृद्धि हुने | स्थानीय पाठ्यक्रम निर्माण, शिक्षक तालिम तथा प्रोत्साहन, व्यावहारिक तथा जीवन उपयोगी ज्ञानका लागि अतिरिक्त कक्षा सञ्चालन, शिक्षण सामग्री व्यवस्था, पूर्वाधार मर्मत सुधार, कक्षा कोठा व्यवस्थापन |
| ५ | निरन्तर तथा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम | ३ वटा सामुदायिक अध्ययन केन्द्र सञ्चालन भइ औपचारिक तथा निरन्तर शिक्षामा सहभागि रहेको | ३ वटा सामुदायिक अध्ययन केन्द्र सञ्चालन भइ औपचारिक तथा निरन्तर शिक्षामा सहभागी हुने | निरक्षर तथ्याङ्क सङ्कलन र अद्यावधीकरण, एक वडा एक सामुदायिक अध्ययन केन्द्र स्थापना र सञ्चालन, सार्वजनिक तथा इ-पुस्तकालय, वाचानालय सञ्चालन, आजिवन सिकाइका लागि छापा तथा डिजिटल सामाग्रीको विकास, युवाहरूको लागि सिपमूलक तालिम, जोखिमयुक्त बालश्रमिकको पहिचान, पुनर्स्थापना सञ्चालन |
| ६ | शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासन कार्यक्रम | ५ विधाका कला, भाषा र साहित्यको संरक्षण र प्रवर्द्धन हुने | विभिन्न ३ विधाका कला, भाषा र साहित्यको संरक्षण र प्रवर्द्धन हुने | शिक्षा तथा खेलकुद शाखा सुदृढीकरण, शिक्षक तालिम तथा व्यवस्थापन, तथ्याङ्क योजना तथा अनुगमन/मूल्याङकन, शैक्षिक गुणस्तर क्षेत्रमा सुधार हुने। १७ जना बाल विकास शिक्षक, ३० जना प्रा.बि. ९ जना आ.बि.र ७ जना मा.बि. गा.पा.अनुदान शिक्षकहरुको पारिश्रमिक व्यवस्था गर्ने ।। |
| ७ | स्थानीय सम्पदा सस्कृति कलाको संरक्षण र प्रवर्द्धन कार्यक्रम | पेशाप्रति अभिप्रेरित तथा सक्षम ६२ शिक्षक व्यवस्था हुने र शैक्षिक योजना तथा प्रशासन व्यवस्थित हुने | शैक्षिक योजना तथा प्रशासन व्यवस्थित र नतिजामूलक हुने | धार्मिक तथा ऐतिहासिक करिडोर तय गरी पर्यटकीय पूर्वाधारको विकास ,साहित्य अध्ययन, प्रकाशन, मेला, प्रदर्शनी तथा प्रतियोगिता सञ्चालन, प्राचिन कालदेखि रही आएका कला, साहित्य र संकृतिलाई संरक्षण |

| क्र.सं. | कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | | | र प्रवर्द्धन |

### ५.२.९ जोखिम पक्ष र अनुमान

शिक्षा क्षेत्रमा सरोकार राख्ने सम्पूर्ण पक्षको आपसी सहयोग, समन्वय र साझेदारी कायम भई शैक्षिक गुणस्तरमा अभिवृद्धि हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा वृद्धि र नविनतम प्रविधिको उपयोग भएको हुनेछ। अन्तर सरकार समुदाय र शिक्षा क्षेत्रका सरोकारवालाहरुको समन्वय, सहकार्य, सहयोग र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल गर्न कठिनाइ उत्पन्न हुन सक्ने छ।

## ५.३ खानेपानी तथा सरसरफाई

### ५.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छतालाई  व्यवस्थित रूपमा सञ्चालन गर्न कार्यविधि तर्जुमा भई कार्यान्वयनमा रहेका छन्। गाउँपालिका क्षेत्रभित्र हालसम्म १०४ वटा खानेपानी आयोजना मार्फत खानेपानीको सुविधा उपलब्ध भएको छ। गाउँपालिकाको खानेपानी सरसफाई गुरुयोजना तर्जुमा गरी सोको आधारमा खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना पहिचान गरिएका छन्। बोज्याङखोला-नम्जा, जाजाखोला र जल्केनी लिफ्ट खानेपानी आयोजनलाई समेत बहुवर्षीय आयोजनाको रुपमा पहिचान भई निर्माण तथा विस्तार गरिएका छन्। गाउँपालिकाका करिब ३५ प्रतिशत जनसङ्ख्याले एकघर एक धाराको सेवा लिएका छन भने ९५ प्रतिशत जनसङ्ख्याले आफ्नै शौचालय प्रयोग गर्दै आएका छन्।

### ५.३.२ समस्या तथा चुनौती

पाइपबाट वितरित तथा मापदण्ड अनुसार परीक्षण भएका खानेपानी सुविधामा पहुँच पुग्न सकेको छैन्। चालु खानेपानी आयोजनाको दिगोपनामा कमी रहेको छ। बाढीले खानेपानी आयोजनामा क्षति पुर्‍याउने प्रवृतिले खानेपानीको आयोजनाको लागत बढने र निरन्तरतामा कठिनाइ हुने गरेको छ। पाइपबाट वितरित खानेपानी सुविधा ६० प्रतिशत घरपरिवारमा पुग्न सकेको छैन। कुल घरधुरीको ९० प्रतिशत घरपरिवारमा सुरक्षित शौचालय रहेको छ। जाडो समयमा व्यक्तिगत सरसफाइको समस्या हुने गरेको छ। प्लास्टिक तथा शिसाजन्य वस्तुको अधिक उपयोग हुनु, जलवायु परिवर्तनको असरले स्वच्छ खानेपानी सुविधामा उपलब्ध गराउनु चुनौतीका रुपमा रहेको छ।

### ५.३.३ सोच

"स्वच्छ खानेपानी: सफा गाउँघर तथा राम्रो आनीबानी"

### ५.३.४ उद्देश्य

१. खानेपानीको गुणस्तर र पहुँचमा सुधार गर्नु,
२. सरसफाईजन्य आनिवानीमा गुणात्मक सुधार गर्नु।

### ५.३.५ रणनीति

१. एक घर एक धारा कार्यक्रम मार्फत स्वच्छ खानेपानीमा सबैको पहुँच कायम गर्ने,
२. सङ्घ, प्रदेश, समुदाय र गैससर्सँगको साझेदारीमा सरसफाइको अभ्यासलाई दिगो तुल्याउने।

### ५.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ८५ | ९२ | ९५ | ९९ | १०० |
| एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | १७ | २० | ३० | ४५ | ७० |
| नियमित गुणस्तर परीक्षण तथा उपचार भएका | सङ्ख्या | ० | २ | ५ | १० | १५ |

| सूचकहरू | एकाइ | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| खानेपानी आयोजना | | | | | | |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ९५ | ९७ | १०० | १०० |
| फोहोर विसर्जनको स्थल हुने घरधुरी (खाडल) | प्रतिशत | ७० | ७५ | ८० | ९० | ९३ |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ९५ | ९६ | ९७.०० | ९८ | ९९ |
| सार्वजनिक शौचालय | सङ्ख्या | ० | १ | ५.०० | ७ | १० |

## ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १७३३१ | ४८३ | १६८४८ | ० | ६७६७ | ७१८० | ३३८४ | ० |
| २०८२/८३ | १२४२७ | ४९३ | ११९३४ | ० | ७२५९ | १७१६ | ३४५३ | ० |
| २०८३/८४ | १२८८५ | ७८८ | १२०९६ | ० | ७८२४ | १५३६ | ३५२६ | ० |

## ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बोज्याङखोला नम्जा लिफ्ट खानेपानी आयोजना | वडा न.४ का ३०० घरधुरीलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु | २०७७-७८/ ८२/२०८१ | ३०००० | वडा न.४ का ३०० घरधुरीलाई डिजाइन अवधि ( २० वर्ष) सम्म पर्याप्त मात्रामा र सर्वसुलभ तरिकाले स्वच्छ खानेपानी उपलब्ध गराउने |
| २ | जाजाखोला खानेपानी आयोजना | वडा न.७ का २५० घरधुरीलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु | २०८०-८१/ ८२/२०८१ | १०००० | वडा न.७ का २५० घरधुरीलाई डिजाइन अवधि ( २० वर्ष) सम्म पर्याप्त मात्रामा र सर्वसुलभ तरिकाले स्वच्छ खानेपानी उपलब्ध गराउने |
| ३ | जल्केनी लिफ्ट खानेपानी आयोजना | वडा न.६ का सडकभन्दा माथिका ४० धरधुरीलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु | २०८१-८२/ ८३/२०८२ | ५००० | वडा न.६ का ४० घरधुरीलाई डिजाइन अवधि ( २० वर्ष) सम्म पर्याप्त मात्रामा र सर्वसुलभ तरिकाले स्वच्छ खानेपानी उपलब्ध गराउने |
| ४ | खानेपानी, सरसफाइ तथा स्वच्छता सालबसाली कार्यक्रम | पर्याप्त मात्रामा र आवश्यक समयमा खानेपानी उपलब्ध गराउनु | सालबसाली | | |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | बोज्याङखोला नम्जा लिफ्ट खानेपानी आयोजना | इन्टेक, पानी सङ्कलन ट्याङकी निर्माण, जिआइ पाइपलाइन जडान, पम्प घर निर्माण इन्टरमेडियट कलेक्सन च्याम्बर सहित पम्प जडान जडान, वितरण ट्याङकी र ४ वटा समुदाय वितरणको लागि आरसिसि | प्राविधिक डिजाइन तथा इस्टिमेट अनुसारका सम्पुर्ण संरचना निर्माण गरी ३०० लक्षित घरधूरी लाई खानेपानी वितरण गर्ने। | करिब ४ कि.मि. वितरण प्रणालीको पाइप लाइन बिछ्याउने, ३०० घरधुरीमा मिटर जडिन धारा बनाउने। |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | ट्याङ्क निर्माण भएको | | |
| २ | जाजाखोला खानेपानी आयोजना | इन्टेक, पानी जम्मा गर्ने ट्याङकी, २६०० HDP जडान, ३ वटा वितरण ट्याङकी निर्माण भएको | प्राविधिक डिजाइन तथा इस्टिमेट अनुसारका सम्पुर्ण संरचना निर्माण गरी २५० लक्षित घरधुरी लाई खानेपानी सुविधा उपलब्ध हुने | करिब ३ कि.मि. वितरण प्रणालीको पाइप लाइन बिछयाउने,२५० घरधुरीमा मिटर जडित धारा बनाउने। |
| ३ | जल्केनी लिफ्ट खानेपानी आयोजना | स्थलगत भ्रमण गरी योजनाको पूर्व सम्भाव्यता अध्ययन गरिएको | प्राविधिक डिजाइन तथा इस्टिमेट अनुसारका सम्पुर्ण संरचना निर्माण गरी ४० लक्षित घरधुरीलाई खानेपानी सुविधा उपलब्ध हुने | योजनाको विस्तृत प्राविधिक अध्ययन गरी डिजाइन गर्ने,मुहानमा इन्टेक,१२ घनको.मि. पानी जम्मा गर्ने ट्याङकी बनाउने, पम्प घर बनाउने र पम्प खरिद गर्ने |
| ४ | खानेपानी, सरसफाइ तथा स्वच्छता सालबसाली कार्यक्रम | १ वटा मुहान संरक्षणको लागि रि चार्ज पोखरी निर्माण र घेराबार,१०००० मिटर नयाँ पाइपलाइन निर्माण | आलोपालो गरी ७ वडामा रिचार्ज पोखरी निर्माण | विभिन्न संरचनाको मर्मत सम्भार तथा घेराबार, नयाँ पाइप बिछयाउने, मुहान संरक्षण |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

आवधिक योजना तथ मध्यमकालीन खर्चन संरचनाको प्रस्ताव अनुसार बजेट सुनिश्चितता भई आयोजना सञ्चालन तथा मर्मतसम्भार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ। सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ।

## ५.४ महिला, बालवालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विभेद अन्त्य गरी लैङ्गिक, सामाजिक र आर्थिक रुपले वञ्चितीकरणमा परेका व्यक्ति र समुदायलाई सम्पुर्ण तहमा समतामुलक समावेशीकरणको सिद्धान्तलाई अङ्गिकार गर्दै गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीति, बाल संरक्षण नीति, लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयनको चरणमा रहेको छ। महिला नेतृत्व विकास, सिप विकास र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी लक्षित वर्गको क्षमता अभिवृद्धि हुदै गएको छ। महिला नेतृत्व एवं संस्थागत क्षमता विकासका लागि प्रत्येक वडाहरुका करिव ४०० जना महिला समूह/समितिमा आवद्ध रहेका छन् भने १५,७०० लाभग्राहीहरु सामाजिक सुरक्षा सञ्जालमा आवद्ध रहेका छन् । गाउँपालिकामा ३ जना अपाङ्गता भएका व्यक्तिहरुले अनुदान प्राप्त गरी व्यावसायिक रुपमै आयआर्जनका क्रियाकलापमा संलग्न छन् भने १४० जना सिप विकास तालिम प्राप्त गरेका २० जना महिलाले स्वरोजगार व्यवसाय सञ्चालन गरेका छन्।

### ५.४.२ समस्या र चुनौती

लक्षित वर्गको कानुनले तोकेबमोजिम सहभागिता कायम भएपनि अर्थपुर्ण सहभागिता हुन नसक्नु, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, दलित लगाएतका लक्षित समूहहरुको खण्डिकृत तथ्याङ्क व्यवस्थापन हुन नसक्नु, लैङ्गिक, घरेलु हिंसा, छुवाछुत जस्ता सामाजिक कुरीतिहरु सामाजिक रुपमा स्वीकार हुनु प्रमुख समस्याको रुपमा रहेको छ।

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद, लैङ्गिक हिंसा, बालविवाह अन्त्य गर्नु, महिलाहरुको निर्णयात्मक तहमा अर्थपुर्ण सहभागिता वृद्धि गर्नु, बाल अधिकारको सुनिश्चितता गर्नु, अपाङ्गता भएका व्यक्ति, दलित तथा पछाडि पारिएका वर्ग समुदायको सवाललाई विकास प्रक्रियामा मुलप्रवाहिकरण गर्नु चुनौतीको विषय रहेको छ ।

### ५.४.३ सोच

विभेद र हिंसा रहित बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री समाज निर्माण

### ५.४.४ उद्देश्य

१. लैङ्गिक, जातीय, सामाजिक,आर्थिक दृष्टिकोणले पछाडी परेका वर्गको क्षमता अभिवृद्धि गर्नु ।
२. महिला विरुद्ध हुने सबैखाले हिंसा, विभेदको अन्त्य गर्नु ।
३. महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा पछाडि पारिएका वर्गका लागि आत्मनिर्भरताको अवसर उपलब्ध गराउनु ।

### ५.४.५ रणनिती

१. महिलाहरुलाई आयआर्जन प्रवर्द्धनका क्रियाकलापमा सहभाग गराइ स्वरोजगार बनाउने,
२. बालविवाह, सामसामाजिक कुरिति कुप्रथा विभेद अन्त्यकालागि रणनीतिक योजना निर्माण र कार्यान्वयन गर्ने,
३. बालमैत्री गाउँपालिका निर्माण गर्ने,
४. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

### ५.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | प्रतिशत | १ | १ | २ | २ | २ |
| सिपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ३ | ३ | ५ | ७ | १० |
| नेतृत्वदायी पदमा महिला र अन्य लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/ संरचना | प्रतिशत | ३५ | ३५ | ४० | ४५ | ५० |
| वार्षिक लैङ्गिक हिंसा एवं घरेलु हिंसा सम्बन्धी घटना (वार्षिक) | सङ्ख्या | १७ | १५ | १२ | १० | ८ |
| सिपमुलक तालिम प्राप्त महिला | सङ्ख्या | १४० | १५९ | २७० | २८० | ३०० |
| अनुदान प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने महिला, दलित र अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ७५ | ७५ | ८० | ८५ | ९० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ९००२ | ८५२७ | ४७५ | ० | २७०७ | ५९५६ | ३३८ | ० |
| २०८२/८३ | ९९०२ | ९३७९ | ५२२ | ० | २९०३ | ६६५३ | ३४५ | ० |
| २०८३/८४ | १०८९३ | १०३१९ | ५७५ | ० | ३१२९ | ७४११ | ३५३ | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक एवं पिछडिएको वर्ग लक्षित | लैङ्गिक, जातीय, सामाजिक, आर्थिक दृष्टिकोणले पछाडी परेका वर्गको क्षमता अभिवृद्धि गर्नु, | सालबसाली | | कार्यक्रमबाट ५०० महिला , २०० अपाङ्गता भएका व्यक्ति , १००० बालबालिका, र ५०० जेष्ठ नागरिक गरी जम्मा २२०० जना |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | लाभान्वित हुने |
| २ | सामाजिक सुरक्षा एवं पञ्जीकरण कार्यक्रम | सामाजिक सुरक्षामा आवद्ध सम्पुर्ण लाभग्राहीको जीवनयापनमा सहजता ल्याउनु | सालबसाली | | ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्ने व्यक्तिको सङ्ख्या सत प्रतिशत पुगेको हुने। |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक एवं पिछडिएको वर्ग लक्षित कार्यक्रम | १ वटा महिला सहकारी दर्ता भएको, ८ वटा महिला विकास समिती गठन र १५ वटा बाल क्लव गठन भएका। | कार्यक्रमबाट २०० महिला, १०० अपाङ्गता भएका व्यक्ति, ६०० बालबालिका, र ३०० जेष्ठ नागरिक गरी जम्मा १२०० जना लाभान्वित हुने। बाल मैत्री स्थानीय तह निर्माणको लागि कम्तिमा ६० सूचक हरु पुरा गरेको हुने। | लैङ्गिक हिंसा विरुद्धको जनचेतना मुलक कार्यक्रम, लक्षित वर्गको क्षमता विकास र नेतृत्व विकास कार्यक्रम, संस्थागत विकास कार्यक्रम, जेष्ठ नागरिक सम्मान एवं सुरक्षा कार्यक्रम, असहाय र अपाङ्गता भएका व्यक्तिहरुको लागि आयमुलक कार्यक्रम, महिला सिप विकास तथा स्वरोजगार कार्यक्रम, बाल विवाह न्युनीकरण सम्बन्धी कार्यक्रम। |
| २ | सामाजिक सुरक्षा एवं पञ्जीकरण कार्यक्रम | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभ ग्राहीहरुको खातामा EFT मार्फत जम्मा भइ सामाजिक सुरक्षा भत्ता वितरण | ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्ने व्यक्तिहरुको सङ्ख्या ८०प्रतिशत पुगेको हुने | सामाजिक सुरक्षा एवं व्यक्तिगत घटना दर्ता सचेतना कार्यक्रम, अनुगमन , तथ्याङ्क अध्यावधिक , MIS सञ्चालन |

### ५.४.९ जोखिम पक्ष र अनुमान

लैङ्गिक तथा सामाजिक रुपमा खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी नीति, योजना, कार्यक्रम तर्जुमा कार्यक्रम अनुगमन तथा मुल्याङ्कनको व्यवस्था हुनेछ। सो व्यवस्था हुन नसकेमा नीति, योजना, कार्यक्रम वास्तविक लक्षित वर्गको पहुँचमा पुग्न तथा सोको लाभ लक्षित वर्गले प्राप्त गर्न नसक्ने जोखिम हुन सक्छ।

## ५.५ युवा खेलकुद तथा नवप्रवर्तन

### ५.५.१ पृष्ठभूमि

युवाहरुको हक हितको संरक्षण र प्रवर्द्धन गर्दै उनीहरुको सशक्तिकरण एवं समग्र विकासका साथै शिक्षा, वकालत र पैरवी मार्फत सम्पूर्ण क्षेत्रमा सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायका युवाहरुलाई गाउँ विकासको मूलप्रवाहमा समाहित गर्ने गाउँयुवा परिषद सञ्चालन कार्यविधि निर्माण गरी गाउँ युवा परिषद गठन गरिएको छ ।सिप विकास, स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन् । खेल क्षेत्रको विकासका लागि स्थानीयस्तरमा खेल आयोजना तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ ।यस गाउँपालिका भित्र क्रियाशील रहेका ७ वटा युवा क्लबमा २०० जना युवा आवद्ध रहेका छन्। उद्यम, व्यवसाय र रोजगारीमा संलग्न युवा करिब १५०० रहेका छन्। यस गाउँपालिका भित्र ३ वटा मुख्य खेलमैदान रहेका छन् भने २ वटा निर्माणाधीन अवस्थामा रहेका छन्।

### ५.५.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्रमा युवा पलयान, युवा रोजगारी तथा उद्यम सिर्जना हुन नसक्नु समस्याका रुपमा रहेका छन्। विभिन्न तहका सरकारबिच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमी, खेल मैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहुनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुर्व्यसन र वैदेशिक रोजगारीमा आक्रर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चिता समस्याको रुपमा रहेको छ।

### ५.५.३ सोच

"सिर्जनशील युवा सर्वाङ्गिण विकासको आधार"

### ४. उद्देश्य

१. युवालाई आत्मनिर्भर तथा स्वरोजगार गराउनु,
२. गाउँपालिका क्षेत्र भित्र खेलकुद पूर्वाधारको विकास गर्नु।

### ५.५.५ रणनीति

१. युवा वर्गको क्षमता विकासका लागि सामाजिक, अर्थिक र खेलकुदका सञ्चालन गर्ने,
२. युवामा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकास गर्ने,
३. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्प्रर्धी खेल क्षमताको विकास गर्ने,
४. विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने।

### ५.५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| सक्रिय युवा क्लव तथा युवा सञ्जाल | सङ्ख्या | १० | १० | १५ | २० | २५ |
| क्लब तथा सञ्जालमा आवद्ध युवा | जना | २०० | २०० | २५० | ३५० | ५०० |
| खेल मैदान | सङ्ख्या | ३ | ३ | ४ | ५ | ६ |
| अन्तराष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १० | १० | १५ | २० | २५ |
| प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ४ | ४ | ८ | १० | १२ |
| स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा (वार्षिक) | सङ्ख्या | ५ | ४ | ८ | १० | १२ |
| अनुदानमा युवाद्धारा सञ्चालित उद्यम व्यवसाय | सङ्ख्या | ४ | ४ | १० | १५ | २० |
| वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागी युवा | सङ्ख्या | ० | २ | ४ | ५ | ६ |
| वार्षिक युवा तथा खेलकुद क्षेत्रको बजेट | रु. हजारमा | १४०० | १५८४१ | २००७० | २१६०९ | २३२६० |

### ५.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ३८९८ | १४८१ | २४१७ | ० | ६७७ | २८८३ | ३३८ | ० |
| २०८२/८३ | ४३६५ | १६५९ | २७०७ | ० | ७२६ | ३२९४ | ३४५ | ० |
| २०८३/८४ | ५०२१ | १९०८ | ३११३ | ० | ७८२ | ३८८६ | ३५३ | ० |

### ५.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद विकास कार्यक्रम | खेलकुदको गुणस्तर तथा खेलाडीमा व्यवसायिकता अभिवृद्धि गर्नु। | सालबसाली | | गाउँ पालिकास्तरीय १ बहुउपयोगी खेलकुद मैदान निर्माण तथा प्रत्येक वडामा खेलमैदान स्तरोन्नती भइ वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागी हुने खेलाडी सङ्ख्या १०० भएको हुने। |
| २ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | युवाहरुमा स्वरोजगारीका अवसर वृद्धि गर्नु। | सालबसाली | | वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा सङ्ख्या र व्यवसाय सञ्चालन सहयोग प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने युवा सङ्ख्या १५० पुगेको हुने। |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद विकास कार्यक्रम | २ खेल मैदान, ५ जना जिल्ला स्तरीय खेलाडी र ४ जना प्रदेश खेलाडी रहेको | १ पालिका तथा अन्य २ वटै वडामा बहु उपयोगी खेलकुद पूर्वाधार व्यवस्थित भए १०० जना व्यावसायिक खेलाडीको विकास हुने | गुणस्तरीय खेलमैदान स्तरोन्नती, खेल आयोजना, खेल प्रशिक्षण, खेलाडी प्रोत्साहन तथा सम्मान, खेल पोषाक तथा सामग्री वितरण, युवा तथा खेलकुद समिति गठन |
| २ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | वार्षिक रुपमा ५० जना युवाले व्यावसायिक सिप विकास तालिम हासिल गरेको | १०० जनाले सिप प्रविधि प्राप्त गरी उद्यम सिर्जना र विकास हुने | युवाका लागि कुखुरा पालन, तरकारी खेती, मौरी पालन तथा बैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तालिम, लोक सेवा तथा शिक्षक सेवा सम्बन्धी कक्षा सञ्चालन, युवा स्वरोजगार तालिम तथा व्यावसाय सञ्चालन सहयोग |

### ५.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भइ यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ।

# परिच्छेद ६ : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा सार्वजिनक निर्माण, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका विषय क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ६.१ आवास, भवन तथा शहरी विकास

### ६.१.१ पृष्ठभूमि

भवन, आवास, बस्ती तथा शहरी विकासलाई  योजनावद्ध तथा व्यवस्थित बनाउन लुङ्ग्री गाउँपालिकालाई भवन निर्माण तथा सडक मापदण्ड, २०८० निर्देशिका कार्यविधि अनुरुप कार्यान्वयनमा रहेका छन्। गाउँपालिकाको केन्द्र वडा नम्बर ५ को किलाचौरमा सङ्घीय सरकार तथा गाउँपालिकाको लगानीमा मापदण्डअनुसार प्रशासकीय भवन भइ सम्पन्न हुने चरणमा रहेको छ।  वडा नम्बर ३ र ५ मापदण्ड अनुसारको वडा कार्यालय भवन निर्माण सम्पन्न भइ कार्यालय सञ्चालनमा रहेको छ। वडा नम्बर ५ मा  सामुदायिक महिला सहकारी भवन निर्माण भएको छ।

कुल क्षेत्रफल १३५.२४ वर्ग किलोमिटर यस गाउँपालिकामा कुल ७ वटा वडा रहेको छन्। उक्त वडाहरू मध्ये  क्षेत्रफलका हिसाबले वडा नम्बर १ सबैभन्दा ठूलो छ भने सबैभन्दा सानो वडा नम्बर ५ रहेको छ, जसको क्षेत्रफल मात्र १२.३५ वर्ग किलोमिटर रहेको छ। गाउँपालिकाका क्षेत्रमा छरिएका करिब ६० वटा बस्तीहरू छन्।

यस गाउँपालिकाका मुख्य प्रशासनिक भवन बन्न प्रकृयामा रहेकोले हाल केही शाखाहरु भाडाको भवनमा केही शाखाहरु अस्थायी भवनबाट र केही शाखाहरु मुख्य कार्यालय भन्दा टाढाको भवनबाट सेवा दिदै आएका छन्। साथै वडा नम्बर ४ को कार्यालय आफ्नो भवन नभएकोले भाडामा नै सञ्चालनमा रहेको छ। यस गाउँपालिका कार्यालय प्रयोजनका लागि आवश्यक अन्य न्यूनतम सुविधा सहित कार्यायल सञ्चालन तथा सेवा व्यवस्थापन भइरहेको छ।

### ६.१.२ समस्या तथा चुनौती

बस्तीहरू छरिएर रहनु, सरकारी, निजी तथा सार्वजनिक संरचना तथा भवनहरु भूकम्प प्रविधि हुन नसक्नु, कतिपय स्थानमा आवासीय घरहरु असुरक्षित र जोखिमयुक्त स्थानमा रहेका कारण पहिरोको जोखिममा रहनु, स्थानीय भवन संहिता तर्जुमा भए पनि पूर्णरुपमा लागु हुन नसक्नु, मौलिक शैलीका भवनहरु विस्थापित हुँदै जानु, स्थानीय दक्ष कामदारको कमी हुनु,  बस्ती विकास योजना नहुनु, जोखिमयुक्त घना बस्ती, बजार तथा पानी जम्ने स्थानमा ढल निकास नहुनु आदि प्रमुख समस्या हुन्।

छरिएका बस्तीलाई एकीकृत गरी बस्ती विकास गर्नु, माणदण्ड र भूकम्प प्रतिरोधी प्रविधि अनुसार भवन, बस्ती र संरचना पुनर्निर्माण सम्पन्न गर्नु, विपद् तथा महामारीमा उपयोग गर्नु, भवन संहिताको कार्यान्वयन गर्नु, मौलिक सस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्नु, व्यवस्थित बस्ती विकास गर्नु,  स्थानीय स्तरमा दक्ष जनशक्ति तयार गर्नु, गुणस्तरीय निर्माण सामाग्री व्यवस्थापन गर्नु, पुनर्निर्माणमा संलग्न संस्थाहरुबिच समन्वय गर्नु आदि प्रमुख चुनौती रहेका छन्। गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण समेत भूउपयोग योजना तर्जुमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई देखिएको छ। यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको  निर्माणमा चुनौती थपिएको छ। यस गाउँपालिकामा पनि सार्वजनिक जग्गाको नितान्त अभाब रहेको छ। यसका साथै आगामी २५ वर्षमा दोब्बर हुनसक्ने अनुमान गरिएको जनसङ्ख्यालाई व्यवस्थित गर्नुपर्ने चुनौती पनि रहेको छ।

### ६.१.३ सोच

“भू उपयोग योजनामा आधारित भवन, आवास र सार्वजनिक पुर्वाधारः गाउँपालिकावासीको जीवनस्तरमा दिगो सुधार”

### ६.१.४ उद्देश्य

१. सुरक्षित तथा व्यवस्थित आवास, बजार तथा सार्वनिक पूर्वाधारको विकास गर्नु,

२. भवन, आवास तथा बस्ती विकासलाई, एकीकृत, सुरक्षित तथा व्यवस्थित बनाउनु,

### ६.१.५ रणनीति

१. सुरक्षित तथा सुविधायुक्त भवन, आवास र एकिकृत बस्तीको विकास गर्ने,
२. वडा कार्यालयलाई सेवा प्रवाह केन्दको रुपमा विकास गर्ने,
३. भू–उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्ने,
४. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण आवास घर | प्रतिशत | ० | १ | २ | ३ | ४ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | सङ्ख्या | ४० | ५३ | ५७ | ६० | ६५ |
| चट्याङ रहित घर निर्माण | प्रतिशत | ० | २ | ५ | १० | १५ |
| लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री सार्वजनिक भवन | सङ्ख्या | २ | ८ | १० | १५ | १५ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | २९५८५ | ० | २९५८५ | ० | १३५३४ | ७५९२ | ८४५९ | ० |
| २०८२/८३ | २८५३५ | ० | २८५३५ | ० | १४५१७ | ५३८६ | ८६३२ | ० |
| २०८३/८४ | २४६९४ | ० | २४६९४ | ० | १५६४७ | २३३ | ८८१४ | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | स्थानीय शासन, विकास निर्माण र सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउनु | २०७९-८०/ ८३/२०८२ | ८१००० | प्रशासकीय भवन निर्माण सम्पन्न भई सम्पुर्ण सेवा एकै ठाँउबाट सुचारु हुने र कर्मचारीलाई आवासको सुविधा |
| २ | वडा नम्बर ४ को वडा कार्यालय भवन निर्माण आयोजना | स्थानीय शासन, विकास निर्माण र सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउनु । | २०८१-८२/ ८३/२०८२ | १५००० | वडा नम्बर ४ को आफ्नै भवनबाट एकीकृत रुपमा सेवा प्रवाह गर्ने । |
| ३ | भवन, आवास बस्ती विकास, स्तरोउन्नति र मर्मतसम्भार सालबसाली कार्यक्रम | सार्वजनिक भवन, आवास तथा संरचनाको निर्माण सम्पनन, मर्मत सम्भार र स्तरवृद्धि गर्नु | सालबसाली | | विभिन्न १५ वटा सरकारी तथा सार्वजनिक भवन, संरचना निर्माण, मर्मतसम्भार र स्तरोन्नति भइ सेवा प्रवाह सुचारू र सहज हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | २०७९ ठेक्का सम्झौता भई निर्माण कार्य, फ्रेम संरचना निर्माण, गारोको काम, प्लाष्टरको काम, Screeding | प्रशासकीय भवन निर्माण सम्पन्न भई एकीकृत सेवा व्यवस्थित र सुचारु हुने | मुख्य भवन निर्माण सम्पन्न गरी कर्मचारी आवास निर्माण प्रक्रिया सुरु गर्ने र फ्रेम संरचनाको काम सम्पन्न गर्ने । |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | को काम, वायरिङ तथा खानेपानी पाइप निर्माण र झ्यालढोका फिटिङको काम सम्पन्न भइ रंगरोगन भएको | | |
| २ | वडा नम्बर ४ को वडा कार्यालय भवन निर्माण आयोजना | स्थान तथा जग्गाको व्यवस्थापन भैरहेको | प्राविधिक डिजाइन र इस्टिमेट अनुसार निर्माण सम्पन्न भइ सेवा सुचारु हुने । | निर्माणस्थल छनोट गरी DPR तयार गर्ने र सार्वजनिक खरिद प्रक्रियाबमोजिम कार्य सम्झौता गरी निर्माण स्थल तयार गर्ने । |
| ३ | भवन, आवास बस्ती विकास, स्तरोउन्नति र मर्मतसम्भार सालबसाली कार्यक्रम | विभिन्न ६ वटा सरकारी भवन, २ वटा सामुदायिक भवन, ४ वटा स्वास्थ्य संस्था भवन सहित विभिन्न १२ वटा सार्वजनिक भवन र संरचना निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति भएको | विभिन्न ९ वटा सरकारी तथा सार्वजनिक भवन, संरचना निर्माण, मर्मतसम्भार र स्तरोन्नति भइ सेवा प्रवाह सुचारू र सहज हुने | वडा नं. ६ को वडा कार्यालय मर्मतसम्भार, वडा नं. ३ को कार्यालय भवन पेटी तथा संरक्षण पर्खाल निर्माण, सामुदायिक भवन सुधार तथा मर्मतसम्भार, महिला बहुउद्देशीय भवन शौचालय निर्माण |

#### ६.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा भूमिको वर्गीकरण सहित भूउपयोग योजना र आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तर्जुमा भइ सोको परिपालनामा अभिवृद्धि हुनेछ । आवास, बस्ती विकास तथा शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदूषणमा वृद्धि हुने जोखिम हुन सक्छ । व्यवस्थित आवास, बस्ती विकास तथा शहरीकरण प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ ।

### ६.२ सडक, पुल तथा यातायात

#### ६.२.१ पृष्ठभूमि

यस गाउँपालिकाका सबै ७ वटै वडाहरु सडक सञ्जालमा जोडिएका छन् । गाउँपालिका भित्र ४ वटा रुटमा नियमित सञ्चालन हुँदै आएका छन् । ५ वटा वडा मात्र बाह्रै महिना सवारी साधन चल्ने सडकमा जोडिएका छन् । यसैगरी कुल घरपिरवार मध्ये १५ मिनेटको हिडाइको दुरीमा सार्वजनिक यातायातमा पहुँच भएका घरपरिवार ३० प्रतिशत रहेको छ । यस गाउँपालिकामा कुल २२ कि.मि. पक्की सडक रहेको छ र बाह्रै महिना सवारी साधन चल्ने सडक ६० कि.मि. र मौसमी रूपमा सडक १०० कि.मि. सडक गाउँपालिकाको अभिलेख देखाएको छ ।

गाउँपालिकाभित्र रहेका अधिकांश बस्तीहरुको आवागमनको अवस्थालाई सुदृढ गर्न कम्तीमा ७ वटा सडकहरुको स्तरोन्नति तथा नियमित मर्मत सम्भारका लागि प्राथमिकतामा राखिएको छ ।

#### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा निर्माण भएका र निर्माणाधिन सडक पुल, कल्भर्ट लगायतका संरचनामा कमी हुनु, निर्माण भएका सडकहरु कम चौडा हुनु, सडक लाइनको ज्यामिती नमिल्नु तथा यातायात सञ्चालन नहुनु, सडकमा काम गर्ने दक्ष कामदारको कमी हुनु, पदमार्ग, घोडेटो, गोरेटोको स्तरोन्नति र व्यवस्थापन हुन नसक्नु र सरोकारवाला निकायबिच समन्वयको कमी हुनु आदि प्रमुख समस्या हुन् ।

गाउँपालिकको केन्द्र र वडा कार्यालयबिच सडक सञ्जलामा जोड्नु, निर्माण भएको सडकको स्तरउन्नति गरी यातायात सर्वयाम चल्ने बनाउनु, सडक निर्माणमा सहभागितात्मक र वातावरणमैत्री अवधारणा अनुसार सडकहरुको निर्माण कार्य

सम्पन्न गर्नु, आवश्यक पदमार्गहरुको, गोरेटोहरुको निर्माण गर्नु, मापदण्ड अनुरुपको दुरीको फेरोमा सडक पुल तथा झोलुङ्गे पुलहरु निर्माण गर्नु प्रमुख चुनौतीहरु हुन् ।

### ६.२.३ सोच

"सुलभ, गुणस्तरीय, वातावरणमैत्री र दिगो सडक पूर्वाधार तथा अन्तरआवद्धता"

### ६.२.४ उद्देश्य

१. सडक, पुल तथा संरचनाको विकास, विस्तार र स्तरोन्नति गर्नु,
२. स्थानीय यातायातलाई सर्वसुलभ, भरपर्दो, सुरक्षित, समावेशी र व्यवस्थित बनाउनु,
३. आवागमन तथा ढुवानीलाई सहज व्यवस्थित बनाउनु,
४. स्थानीय उत्पादन र बजारबिच अन्तरआवद्धता कायम गर्नु ।

### ६.२.५ रणनीति

१. अन्तर–सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण, विस्तार तथा स्तरोन्नति गर्ने;
२. गाउँपालिका केन्द्र  र बजारसम्म पहुँच हुने गरी पक्की सडकको सञ्जालको विस्तार गर्ने;
३. सडक तथा संरचना निर्माणलाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने;
४. सडक गुरुयोजना अनुसार रणनीतिक सडकको पहिचान, मापदण्ड निर्धारण, नामाकरण तथा प्राथमिकता निर्धारण गर्ने;
५. सडक तथा संरचना निर्माण र मर्मतसम्भारलाई नियमित र व्यवस्थित गराउने;
६. यातायात सञ्चालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| गाउँपालिका केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ९० | ९० | ८० | ७० | ६० |
| नियमित यातायात सञ्चालन हुने रुट | सङ्ख्या | ७ | ७ | ८ | ९ | ९ |
| पक्की सडक | कि.मि. | १९ | २१ | २५ | ३२ | ४० |
| ग्राभेल सडक | कि.मि. | ० | ० | १ | १५. | ३ |
| पक्की पुल | सङ्ख्या | ० | ० | ० | ० | १ |
| नियमित मर्मत सम्भार हुने सडकको लम्बाई | कि.मि. | १३ | १५ | १५ | १७ | २० |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग पूर्वाधारको लम्बाई | कि.मि. | ० | ० | १ | १००. | ३००. |
| कुल सडक लम्बाई | कि.मि. | १०० | १०४ | ११० | १२० | १५० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ३३०८५ | ७७९ | ३२३०६ | ० | १७८५६ | १०१८ | १४२११ | ० |
| २०८२/८३ | ४४९३७ | १२४७ | ४३६९० | ० | २०६७९ | ९७५५ | १४५०२ | ० |
| २०८३/८४ | ५०१९० | १३१० | ४८८८१ | ० | २४५६५ | १०८१९ | १४८०७ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | किलाचौर नम्जा जुतुङखोला हुँदै सुनिल स्मृति जोड्ने सडक निर्माण आयोजना | वडा नं ३ र ४ लक्षित . क्षेत्रका जनसमुदायको आर्थिक तथा | २०८०/८१ देखि २०८९/९० | ८४००३२ | १३.०६ कि.मि. सडक स्तरोन्नति तथा कालो भइ यातायात सूचारू हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | सामाजिक सेवा सुविधामा पहुँच बढाउनु | सम्म | | |
| २ | राजिपाटी हार्जन सडक स्तरोन्नति आयोजना (समपुरक) | वडा नम्बर ६ र ७ लक्षित क्षेत्रका जनसमुदायको आर्थिक तथा सामाजिक सेवा सुविधामा पहुँच बढाउनु | २०८०/८१ देखि २०८६/८७ सम्म | ५३००४८ | ७.०६ कि.मि. सडक स्तरोन्नति तथा कालोपत्रे भइ यातायात सूचारू हुने |
| ३ | नम्जा रातामाटा गम्भिरी जुतुङखोला हुँदै सुनिल स्मृति जोड्ने कृषि सडक निर्माण आयोजना | वडा नं३ र ४ का . लक्षितक्षेत्रका जनसमुदायको आर्थिक तथा सामाजिक सेवा सुविधामा पहुँच बढाउनु | २०८०/८१ देखि २०८४/८५ सम्म | २०००० | ३ कि.मि. ट्र्याक ओपन र संरचना सहित सडक स्तरोन्नति कृषि उत्पादनलाई बजारसँग जोडिने |
| ४ | आलिवाङ ऐपे सडक स्तरोन्नति आयोजना | वडा वडा नं१ र ६ का . लक्षित क्षेत्रका जनसमुदायको आर्थिक तथा सामाजिक सेवा सुविधामा पहुँच बढाउनु | २०७६/७७ देखि २०८४/८५ सम्म | ३०००० | सडक संरचना र चौडा समेत ३.५ कि.मि. सडक सडक स्तरोन्नति भई यातायात सहज हुने |
| ५ | वडाचौर तल्लो गुम्चाल सडक स्तरोन्नति आयोजना | वडा वडा नं४ र ५ का . लक्षित क्षेत्रका जनसमुदायकोआर्थिक तथा सामाजिक सेवा सुविधामा पहुँच बढाउनु | २०७५/७६ देखि २०८४/८५ सम्म | २०००० | सडक संरचना र व्याक कटिङ समेत ७ कि.मि. सडक स्तरोन्नति भई यातायात सहज हुने |
| ६ | खद्दर देउराली सडक निर्माण आयोजना | वडा वडा नं१ का . लक्षित क्षेत्रका जनसमुदायको आर्थिक तथा सामाजिक सेवा सुविधामा पहुँच बढाउनु | २०७७/७८ देखि २०८४/८५ सम्म | १०००० | सडक संरचना र व्याककटिङ समेत १० कि.मि. सडक स्तरोन्नति भई यातायात सहज हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | किलाचौर नम्जा जुतुङखोला हुँदै सुनिल स्मृति जोड्ने सडक निर्माण आयोजना | ३.५ मि. चौडाईको ट्र्याक ओपन भएको | १३.०६ कि.मि. सडक संरचना समेत स्तरोन्नति हुने | कटिङ तथा ग्रेड मिलाउने, नाला तथा अन्य संरचना निर्माण |
| २ | राजिपाटी हार्जन सडक स्तरोन्नति आयोजना (समपुरक) | ३.५ मि. चौडाईको ट्र्याक ओपन भएको | ७.०६ कि.मि. सडक संरचना समेत स्तरोन्नति हुने | कटिङ तथा ग्रेड मिलाउने, नाला तथा अन्य संरचना निर्माण |
| ३ | नम्जा रातामाटा गम्भिरी जुतुङखोला हुँदै सुनिल स्मृति जोड्ने कृषि सडक | सर्भेक्षण र विडिङ भइ १३०० मि. ट्र्याक ओपन भएको | ट्र्याक ओपन सहित ४ कि.मि. सडक स्तरोन्नति हुने | १७०० मि. ट्र्याक ओपन गर्ने, ग्रेड मिलाउने र संरचना निर्माण |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | निर्माण आयोजना | | | |
| ४ | आलिवाङ ऐपे सडक स्तरोन्नति आयोजना | ट्र्याक ओपन भई यातायात मौसमी रुपमा यातायात सञ्चालनमा रहेको | ३.५ कि.मि. सडक स्तरोन्नति हुने र बाह्रै महिना यातायात सूचारू हुने | व्याक कटिङ, ग्रेड मिलाउने, साइड नाला तथा संरचना निर्माण |
| ५ | वडाचौर तल्लो गुम्चाल सडक स्तरोन्नति आयोजना | ट्र्याक ओपन भई यातायात मौसमी रुपमा यातायात सञ्चालनमा रहेको | ७ कि.मि. सडक स्तरोन्नति हुने र बाह्रै महिना यातायात सूचारू हुने | व्याक कटिङ, ग्रेड मिलाउने, साइड नाला तथा संरचना निर्माण |
| ६ | खद्दर देउराली सडक निर्माण आयोजना | ३ कि.मि. जति ट्र्याक ओपन भएको | १० कि.मि. सडक स्तरोन्नति हुने र बाह्रै महिना यातायात सूचारू हुने | नयाँ ट्र्याक ओपन, व्याक कटिङ, ग्रेड मिलाउने, साइड नाला तथा संरचना निर्माण |
| १ | किलाचौर नम्जा जुतुङखोला हुँदै सुनिल स्मृति जोड्ने सडक निर्माण आयोजना | ५ वटा पाइप कल्भर्ट, १०० मि. नयाँ नाला निर्माण, ५८ कि.मि. लम्वाईमा सडक पहिरो हटाउने र ग्रेड मिलाउने काम भएको | ६१ कि.मि. सडक मर्मत सम्भार भई यातायात सञ्चालन सहज हुने | सडक ससाना खण्ड निर्माण, सडकमा झरेको पहिरो हटाउने, नाला तथा संरचना निर्माण तथा मर्मत, पाइप तथा बक्स कल्भर्ट तथा कजवे निर्माण, खाल्डा खुल्डी पुर्ने तथा डिपिआर तथा सम्भाव्यता अध्ययन |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार नीति, योजना तथा कार्यक्रमबिच अन्तरसम्बन्ध, समन्वय र सहकार्य हुने गरी आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। गाउँपालिकाले चालु तथा क्रमागत, बहुवर्षीय, विस्तृत आयोजना प्रस्ताव तयार भएका, कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजना तथा कार्यक्रममा प्राथमिकतासाथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नेछन्। सडक पूर्वाधार दक्ष प्राविधिकबाट विस्तृत सम्भाव्यता, आर्थिक तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन नहुने जोखिम रहन्छ।

## ६.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ६.३.१ पृष्ठभूमि

यस गाउँपालिका राष्ट्रिय प्रसारण लाईनको विद्युत सञ्जालमा जोडिएको छ। गाउँपालिका क्षेत्रका ९० प्रतिशत भन्दा बढी घरधुरीमा विद्युत सेवा उपयोग गरिरहेका छन्। पकाउने उर्जाको रुपमा विद्युत बाहेक दाउरा तथा एलपिजी ग्यास रहेका छन्। यस क्षेत्रमा व्यवसाय संचालन तथा औद्योगीकरणका लागि आवश्यक विद्युत सेवा उपलव्ध रहेको छ। गाउँपालिकाको बजार क्षेत्रमा सडक वत्ती जडान गर्ने तथा विस्तार गरिएका छन्।

### ६.३.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा अझै पनि ९१.९ प्रतिशत घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन्। विद्युत, वायोग्यास तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ। गाउँपालिकाको केही छरिएका बस्तीहरुमा ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईन गुणस्तरीय बनाई विद्युत प्रसारण र वितरण हुन सकेको छैन। ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ। गाउँपालिकाको प्रमुख स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन। गाउँपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य विकासको प्रमुख चुनौतीको रुपमा देखिएको छ। बिद्युत आपुर्तिमा नियमितताको हुन नसक्नु, दिगो विद्युत सेवा उपलब्ध गराउनु, विद्युतको प्रयोगलाई उद्योग क्षेत्रमा बिस्तार गर्नु, स्वच्छ र किफायती उर्जामा सबैको पहुँच पुऱ्याउनु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

### ६.३.३ सोच
"उज्यालो र समृद्ध लुङ्ग्री"

### ६.३.४ उद्देश्य
१. विद्युतको उत्पादन, उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,
२. स्वच्छ उर्जाको प्रवर्द्धन, विस्तार र उपयोगमा वृद्धि गर्नु,
३. जलस्रोतको संरक्षण र उपभोगमा वृद्धि गर्नु

### ६.३.५ रणनीति
१. विद्युत उत्पादन तथा उपभोग बढाउने
२. संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य तथा साझेदारी गर्ने
३. वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने
४. जलस्रोत संरक्षण र उपयोगमा समुदाय, निजी क्षेत्र र गैसस परिचालन गर्नेविद्युत लाइन तथा क्षमता वृद्धि गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचकहरू | एकाई | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८३/८४ |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ७० | ७२ | ७५ | ८५ | ९५ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ८० | ८० | ७८ | ७५ | ७० |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | २० | २० | २२ | २३ | २५ |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ० | ० | १ | २ | ५ |
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | ५ | ६ | ८ | १० | १२ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ८६६ | २७९ | ५८७ | ० | ० | ८६६ | ० | ० |
| २०८२/८३ | १००५ | ३०७ | ६९९ | ० | ० | १००५ | ० | ० |
| २०८३/८४ | ११७२ | ३३७ | ८३५ | ० | ० | ११७२ | ० | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलस्रोत व्यवस्थापन कार्यक्रम | जलस्रोत संरक्षण र उपयोग वृद्धि गर्नु | सालबसाली | ७२८ | ३ वटा जलाधार क्षेत्र तथा उपयोग सम्बन्धी तथ्याङ्क विवरण तयार र जलाधार क्षेत्रको संरक्षण र उपयोग दिगो रुपमा भएको हुने |
| २ | विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | केन्द्रिय विद्युत प्रणालीको विद्युतको उपभोगमा वद्धि गर्नु | सालबसाली | १३४२ | १०० प्रतिशत घरपरिवारमा केन्द्रिय विद्युत प्रसारण प्रणालीबाट स्थानीय स्तरमा विद्युत सुविधा उपलब्ध तथा विस्तार हुने |
| ३ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ उर्जाको उपयोगमा वृद्धि गर्नु | सालबसाली | ९७३ | २०० घरपरिवार लाभान्वित हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | जलस्रोत व्यवस्थापन कार्यक्रम | वर्षातको पानी निकासका लागि नाला निर्माण, चेक ड्याम निर्माण र जल प्रदूषण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भएको | संवेदनशील स्थानमा ६०० मिटर नाला र १५०० वर्ग मिटर खोल्सा क्षेत्र वरपर वृक्षरोपण कार्य सम्पन्न भएको हुने, वर्षातको पानीलाई व्यवस्थित गर्न २ वटा रिचार्ज पोखरी बनाउने र संरक्षण हुने | संवेदनशील स्थानमा नाला निर्माण, पहिरो संरक्षण, गल्छी खोला तथा खोल्सा क्षेत्र वरपर वृक्षरोपण, वर्षातको पानीलाई सङ्कलनका लागि १ वटा रिचार्ज पोखरी निर्माण |
| २ | विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | केन्द्रिय विद्युत प्रसारण प्रणालीबाट ८० प्रतिशत घरपरिवारमा विद्युत सुविधा उपलब्ध र विस्तार भएको | ९५ प्रतिशत घरपरिवार र व्यवसायमा स्थानीय स्तरमामा उत्पादित विद्युतको प्रयोग भएको हुने | विद्युत लाइन विस्तार, क्षमता स्तरोन्नति, विद्युत उपयोग विस्तार सचेतना |
| ३ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | २०० घरपरिवार लाभान्वित भएको | ७१ प्रतिशत घर परिवारमा स्वच्छ तथा वैकिल्पक उर्जाको प्रयोग भएको हुने | वायोग्यास, विद्युतीय चुल्हो, सुधारिएको चुल्हो र सौर्य उर्जा प्रवर्द्धन, सडक बत्ती जडान |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

विद्युत तथा स्वच्छ उर्जाको विकास तथा विस्तार भइ विद्युत तथा स्वच्छ उर्जाको उपलब्धता र उपयोग सहज भएको हुनेछ। जलाधार क्षेत्रको संरक्षणमा अन्तर सरकार सहकार्य तथा समुदायस्तरको जागरुकतामा अभिवृद्धि भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ।

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ र सूचना प्रविधि सम्बन्धी ऐन, २०७५ अनुसार यस गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाइ सेवा प्रवाहतर्फ अग्रसर रहेको छ। यस गाउँपालिकामा वेवसाइट, सामाजिक सञ्जाल, फोन, इमेल, इन्टरनेट, रेडियो, टेलिभिजन, पत्रपत्रिकाको प्रयोग गरी कार्यालयको कामकाज सहज, गुणस्तरीय, पारदर्शी र सेवाग्राहीमैत्री बनाईएको छ। गाउँपालिका भित्रका ८२ प्रतिशत कार्यालयमा इन्टरनेट पुगेको, ११ वटा क्षेत्रमा अनलाईन मार्फत सेवा प्रदान गरिएको, ई हाजिरी प्रयोग गरी कर्मचारीको उपस्थितिलाई नियमित गरिएको, सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गरी कर्मचारी तथा कर्मचारीको क्षमता विकास गरिएको, SUTRA को प्रयोग गरी आयव्ययलाई व्यवस्थित गरिएको, सूचना, नीति, नियम बजेट तथा कार्यक्रमहरु समयमै अद्यावधिक गरी पारदर्शी बनाईएको, प्रविधिको प्रयोग गरी समस्या, गुनासो र सेवा प्रवाह सम्बन्धमा प्रतिक्रिया लिई गुणस्तरीयता मापन गर्ने गरिएको छ। समग्रमा सेवा प्रवाह तथा कामकाजमा सूचना प्रविधिको प्रयोग ७० प्रतिशत भन्दा बढी रहेको र आगामी वर्षमा सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउने र गाउँपालिकालाई पेपरलेस बनाउने लक्ष्य लिईएको छ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक अवस्थाका कारण इन्टरनेट तथा मोवाइल फोनको गुणस्तरमा कमी, साइवर अपराध सम्बन्धी जनचेतनामा कमी, आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव हुनु, सञ्चारका साधनको उपयोगमा अस्वस्थ प्रतिस्पर्धा, सञ्चार माध्यम पूर्ण रूपमा मर्यादित, जिम्मेवार र जवाफदेही बनाउन आवश्यक कानुन र नीतिगत व्यवस्थाको अभाव, सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर सरकारी समन्वय, उत्तरदायी र विश्वसनीय हुन नसक्नु सूचना प्रविधि क्षेत्रमा समस्याका रुपमा रहेका छन्। प्रविधिमा गोपनियता, पेपरलेस प्रविधि, तार रहित प्रविधिलाई बढावा दिनु र गुणस्तरीय सञ्चार सेवा प्रवाह गर्नु चुनौतीका रुपमा रहेका छन्।

### ६.४.३ सोच

"सूचना प्रविधिमैत्री सेवाः लुङ्ग्रीको सुशासनमा टेवा"

### ६.४.४ उद्देश्य

१. आधुनिक सूचना तथा सञ्चार प्रविधिमा सबैको पहुँच स्थापित गर्नु,
२. सूचना प्रविधिलाई सुरक्षित, उपयोगी र भरपर्दो सहज बनाउनु,
३. स्थानीय सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री बनाउनु।

### ६.४.५ रणनीति

१. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभाबकारी गराउने,
२. गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रबाह तथा कार्यसम्पादनलाई पेपरलेस बनाउने,
३. सूचना प्रविधिमा गाउँवासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने,
४. स्वास्थ्य, शिक्षा, सुरक्षा, पर्यटन, रोजगारी, प्रकोप सेवामा पहुँच अभिवृद्धि गर्न सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने

### ६.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ५० | ६० | ६५ | ७० | ७५ |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | सङ्ख्या | ८ | १० | १२ | १४ | १५ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | सङ्ख्या | ५० | ५८ | ६२ | ६६ | ७० |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | २० | २२ | २५ | २८ | ३२ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | २५८२ | १५४९ | १०३३ | ० | ० | २५८२ | ० | ० |
| २०८२/८३ | २७१२ | १६२७ | १०८५ | ० | ० | २७१२ | ० | ० |
| २०८३/८४ | २८४७ | १७०८ | ११३९ | ० | ० | २८४७ | ० | ० |

### ६.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | स्थानीय शासन सञ्चालन, विकास व्यवस्थापन र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वृद्धि गर्नु | सालबसाली | | विभिन्न १८ प्रकारका सेवाहरू सूचना प्रविधि प्रणालीबाट प्रवाह हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार | ११ वटा सूचना | थप ४ प्रकारका सफ्टवयर | सूचना प्रविधिमैत्री सेवा प्रवाह, सफ्टवयर र सूचना व्यवस्थापन |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | प्रविधि विस्तार कार्यक्रम | व्यवस्थापन प्रणाली सञ्चालनमा रहेका | तथा सूचना व्यवस्थापन प्रणाली स्थापना भइ सेवा सुचारू हुने | प्रणाली तथा उपकरण खरिद र सञ्चालन, विद्यालय र स्वास्थ्य संस्थामा सूचना प्रविधि जडान र सञ्चालन, जिआइएस नक्शाकन सञ्चालन, विद्युतीय हाजिरी प्रणाली, डिजिटल प्रोफाइल तयारी तथा अद्यावधीकरण, डिजिटल वडापत्र, सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम |

### ६.४.९ जोखिम पक्ष र अनुमान

सूचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता वृद्धि हुनेछ । प्रविधि खर्चिलो र दक्ष मानविय स्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सूचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ ।

## परिच्छेद ७ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ७.१ वन, हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण

#### ७.१.१ पृष्ठभूमि

वन तथा प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापनलाई नीति, योजना तथा कार्यमा मूलप्रवाहीकरण गर्न गाउँपालिकामा वन तथा प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापन ऐन, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसैगरी गाउँपालिकाको अधिकार क्षेत्रभित्रका सामाजिक विकास, आर्थिक विकास, पूवार्धार विकास, वातावरण संरक्षण तथा जलवायु न्यूनीकरण र अनुकूलन कार्यबाट वातावरण पर्ने प्रभाव अध्ययन गरी न्यूनीकरणका लागि संक्षिप्त तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि, २०७८ तर्जुमा गरी कार्यान्वयन गरिएको छ । सामुदायिक वन उपभोक्ता समिति, समुदाय, गैर सरकारी संस्था तथा डिजिजन वन कार्यालयको सहयोग, समन्वय र साझेदारीमा वार्षिक वृक्षरोपण गरी हरियाली कायम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिएको छ । यसैगरी जोखिमयुक्त स्थानमा पहिरो, गल्छी तथा नदी नियन्त्रणका लागि बाँध तथा स्पर निर्माण गरिएको छ । पानी रिचार्जको लागि गाउँपालिकाको विभिन्न स्थानमा रिचार्ज पोखरी निर्माण र मर्मत सम्भार, पोखरी मर्मतसम्भार, स्तरोन्नति र विकासका पूर्वाधारको संरक्षणका लागि जैविक तथा इञ्जिनियरिङ संरचना निर्माण गरिएको छ ।

#### ७.१.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा वन डढेलो लाग्नु, मानव तथा वन्यजन्तुबिच द्वन्द्व निरन्तर हुनु, डढेलो, वनक्षेत्र अतिक्रमण, चोर शिकारी आदि मुख्य समस्याका रुपमा रहेका छन् । जलवायु परिवर्तन नकारात्मक असर बढदै जानु, वन डढेलो लाग्नु, भूक्षय तथा तापक्रम वृद्धि हुनु, बाढी तथा नदी कटान आदि चुनौतीका रुपमा रहेका छन् ।

स्थानीय नीति, योजना तथा कार्यक्रममा वन तथा प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापन मूलप्रवाहीकरण गर्नु; सामाजिक, आर्थिक तथा पूवार्धार विकासका कार्यबाट वातावरण पर्ने प्रभाव अध्ययन गरी न्यूनीकरण गर्नु; खाली तथा बाँझो स्थानमा वृक्षरोपण गरी हरियाली कायम गर्नु; जोखिमयुक्त स्थानमा पहिरो, गल्छी तथा नदी नियन्त्रण गरी बस्ती, जग्गाजमिन तथा माटो संरक्षण गर्नु; रिचार्जको पोखरी निर्माण र मर्मतसम्भार गरी पानी रिचार्ज गर्नु र जैविक तथा इञ्जिनियरिङ संरचना निर्माण विकासका पूर्वाधारको संरक्षण गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन्।

#### ७.१.३ सोच

"लुङ्ग्रीको पानी, माटो र वनः दिगो जिविकोपार्जन उन्नतिको आधार"

#### ७.१.४ उद्देश्य

१. जमिन, हरियाली र जलस्रोतको दिगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित गर्नु,
२. वन तथा हरियाली क्षेत्रमा वृद्धि गर्नु,
३. जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण तथा उपयोगमा वृद्धि गर्नु,
४. पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकूलन क्षमता र सुन्दरतामा अभिवृद्धि गर्नु,

#### ७.१.५ रणनीति

१. सार्वजनिक खाली जग्गा तथा स्थानमा वृक्षारोपण गर्ने,
२. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम सञ्चालन गर्ने,
३. रोजगारी र आम्दानीको स्रोत तयार गर्ने,
४. नदी तथा पहिरो नियन्त्रणका लागि कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| वनले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | ६६८५ | ६६८५ | ६६८७ | ६६८७ | ६६८७ |
| जडीबुटी कर वा वन पैदावरको विक्रीबाट प्राप्त आय | रू. हजारमा | ० | ० | ९ | ९९. | १०८९. |
| नियमित रुपमा वन कार्ययोजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने र गाउँपालिकासँग नियमित समन्वयमा रहेका सामुदायिक वन उपभोक्ता समिति | सङ्ख्या | २० | २५ | ३५ | ४० | ४५ |
| पार्क तथा उद्यान | सङ्ख्या | ० | ० | ० | १ | २ |
| संरक्षित तालतलैया तथा पोखरी | सङ्ख्या | ० | ० | ० | १ | ३ |
| नदी नियन्त्रण बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | ५०० | ५५० | ७०० | ८०० | १००० |
| वन, सडक  किनारा संवेदनशील क्षेत्रमा वृक्षरोपण | सङ्ख्या | ५०० | ७०० | १२०० | २००० | ३००० |
| वन हरियाली, भुसंरक्षण तथा नदी नियन्त्रण क्षेत्रमा गाउँपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ०. | ०. | ०.०५ | ०.१० | ०.१ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ३५०० | १५० | ३३५० | ० | ० | ३५०० | ० | ० |
| २०८२/८३ | ४१२५ | १८८ | ३९३८ | ० | ० | ४१२५ | ० | ० |
| २०८३/८४ | ४२८२ | २३५ | ४०४७ | ० | ० | ४२८२ | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तल्लो सेरा सान्चौर तटबन्धन आयोजना | खेतीयोग्य जमिनलाई नदी कटानबाट बचाउनु | २०८१/८२-२०८२/८३ | १०००० | नदीको प्रवाहलाई निश्चित दिशामा बगाई खेतीयोग्य भूमि र बस्ती कटान रोक्नु। |
| २ | वन, भूसंरक्षण र नदी नियन्त्रण सालबसाली कार्यक्रम | वन, जलाधार व्यवस्थापन, भूसंरक्षण र नदी नियन्त्रणलाई प्रभावकारी गराउनु | सालबसाली | २४०० | १० हेक्टर क्षेत्रमा वृक्षरोपण, १.२ कि.मि. लम्बाइमा बाँध तथा स्पर निर्माण भई नदी, ३० स्थानमा गल्छी र खहरे नियन्त्रण भइ जग्गा, बस्ती र विकासका पूर्वाधार संरक्षण हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | तल्लो सेरा सान्चौर तटबन्धन आयोजना | | करिब ३५० मिटर लामो र ३ मिटर अग्लो ग्याबिन वाल लगाई नदीको प्रवाहलाई निश्चित दिशामा बगाई | प्राविधिक अध्ययन गरी डिजाइन इस्टिमेट तयार गर्ने र १५० मिटर जाली लगाउने। |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | | खेतीयोग्य भूमि र बस्ती कटान रोकिने। | |
| २ | वन, भूसंरक्षण र नदी नियन्त्रण सालबसाली कार्यक्रम | गाउँपालिकाको विभिन्न ५-७ स्थान गरी ५०० मिटर लम्बाइ गल्छी, खहरे, पहिरो तथा नदी नियन्त्रण भएको | विभिन्न स्थानका १.५ हेक्टर क्षेत्रफलमा वृक्षरोपण हुने, ४५० मि. लम्बाइमा बाँध तथा स्पर निर्माण भई नदी, गल्छी तथा जग्गा र बस्ती संरक्षण हुने | पहिरोग्रस्त तथा संवेदनशील क्षेत्रमा वृक्षरोपण, आकासे पानी सङ्कलन तथा जलपुनर्भरण पोखरी निर्माण, गल्छी, खहरे तथा पहिरो नियन्त्रण, बाँध तथा तटबन्ध निर्माण, वायोइञ्जिनियरिङ तथा विकासका पूर्वाधार संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण |

#### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

वन तथा जैविक विविधता, जलाधार संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ। वायोइञ्जिनियरिङ, वृक्षरोपण, समुदायको सहभागितालाई पूर्वाधार विकास, मर्मत सम्भार आत्मसात गरिनेछ। उल्लेखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ।

### ७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

#### ७.२.१ पृष्ठभूमि

यस गाउँपालिकाले वातावरण तथा फोहोरमैला व्यवस्थापनला दिगो र सुव्यवस्थित बनाउन २ ऐन, १ कार्यविधि तयार गरेको छ। गाउँपालिकाले फोहोरमैला व्यवस्थापनका लागि स्थानीय साझेदारहरुसँग दिगो फोहोरमैला व्यवस्थापनको अवधारणा अघि सारेको छ। फोहोरमैलाको स्रोतमा वर्गीकरण गर्ने, कुहिने फोहोरबाट मल बनाउने, नकुहिने फोहोर पुन: प्रयोग गर्ने तथा फोहोर नजलाउने अभियान सञ्चालन गर्ने प्रयास अगाडि बढाएको छ। नकुहिने फोहोर विसर्जनको लागि गाउँपालिकामा स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्न प्रस्ताव गरिएको छ। गाउँपालिकाले विकास निर्माण कार्यमा हरित प्रविधि र वातावरणमैत्री विकासलाई प्रोत्साहन गरी हरित अर्थतन्त्रको विकासमा लगानीलाई प्रोत्साहन गर्ने नीति लिएको छ।

#### ७.२.२ समस्या तथा चुनौती

आधुनिक जीवनशैलीको अवलम्बन, औद्योगिक तथा व्यावसायिक गतिविधिमा भएको वृद्धिजस्ता कारणले घरायसी, संस्थागत तथा व्यावसायिक क्षेत्रबाट निष्काशन हुने फोहोरमैलामा समेत वृद्धि हुनु, बजार क्षेत्र तथा सार्वजिनक क्षेत्रमा सार्वजनिक शौचालयको कमी हुनु, फोहोर जलाउँने समस्या निराकरण हुन नसक्नु आदि समस्या रहेका छन्। गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने पर्यटक तथा बटुवा, घुमन्ते र अस्थायी व्यापारीबाट फोहोरमैला सङ्कलन, भण्डारण, पुन:प्रयोग तथा सफाई लगायत फोहोरमैला व्यवस्थापन गर्नु, जनचेतता र सरोकारवालको सहभागिताको कमी कमजोर पूर्वाधार प्रविधिको न्यून उपयोग, कमजोर समन्वय र न्यून संस्थागत क्षमताजस्ता कारणले फोहोरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ।

#### ७.२.३ सोच

"वातावरण र फोहरमैला समोचित व्यवस्थापनः स्वच्छ, स्वस्थ र समुन्नत समाजको निर्माण"

#### ७.२.४ उद्देश्य

१. फोहोरमैला व्यवस्थापन सहज, दिगो र किफायती बनाउनु,
२. जल, वायु, माटो लगायत सबै प्रकारका प्रदूषणको नियन्त्रण र रोकथाम गर्नु,
३. घरेलु, व्यावसायिक तथा सेवा क्षेत्रबाट उत्सर्जित फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु,

#### ७.२.५ रणनीति

१. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा प्रविधि र स्वच्छता अभिवृद्धि गर्ने,

२. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तन प्रक्रियाबाट वातावरणीय स्वच्छता अभिवृद्धि गर्ने,
३. विकास निर्माण तथा उद्यम विकास र स्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था पालना अभिवृद्धि गर्ने,

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती/टोल | सङ्ख्या | ८ | ८ | १२ | १५ | २० |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ९५ | ९७ | १०० | १०० |
| फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | सङ्ख्या | २५०० | ३००० | ४००० | ४५०० | ४८०० |
| सार्वजनिक शौचालय | सङ्ख्या | २ | ३ | २ | ४ | ८ |
| वातावरणमैत्री रूपमा व्यवस्थित फोहोरमैलाको परिमाण | मेटन. | ० | ० | ० | ०.१ | १ |
| कानुन अनुसार वातावरणीय अध्ययन भई कार्यान्वयन हुने आयोजना (वार्षिक) | सङ्ख्या | १ | २ | ४ | ६ | १० |
| वातावरण तथा फोहोरमैला व्यवस्था क्षेत्रमा गाउँपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ०.० | ०.० | ०.०६ | ०.०८ | ०.१ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १०५० | ४२० | ६३० | ० | ३०४ | ७४६ | ० | ० |
| २०८२/८३ | १२६० | ५०४ | ७५६ | ० | ३६२ | ८९८ | ० | ० |
| २०८३/८४ | १५७५ | ६३० | ९४५ | ० | ४५० | ११२५ | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वातावरण व्यवस्थापन कार्यक्रम | उत्सर्जन घटाउनु तथा वातावरण स्वच्छता कायम गर्नु | सालबससाली | ५००० | वातावरण संरक्षण सम्बन्धी सूचक पुरा भइ वातावरणमैत्री गाउँपालिका घोषणा हुने |
| २ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्यद्वारा फोहोरमैलाको विसर्जन न्यूनीकरण गर्नु | सालबससाली | | ४० प्रतिशत घरपरिवारले स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्यद्वारा फोहोरमैलाको व्यवस्थापन प्रभावकारी भएको हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | वातावरण व्यवस्थापन कार्यक्रम | वातावरणमैत्री स्थानीय शासनको अभ्यास थालनी | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन हुने | प्लाष्टिक झोला निरूत्साहत र वैकल्पिक प्रयोग तथा प्लाष्टिक र शिशाजन्य सामाग्री प्रयोग न्यूनीकरण, जलाउने कार्य निरूत्साहन अभियान, वातावरणमैत्री |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | भएको | | स्थानीय शासन कार्यक्रम, स्थानीय आयोजनाको वातावरणीय अध्ययन, वातावरण सम्बन्धी सचेतना कार्यक्रम, विद्यार्थी तथा युवा परिचालन, स्वच्छ उर्जा प्रवर्द्धन, प्रदूषण नियन्त्रण सचेतना अभियान |
| २ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | वातावरण शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन भएको | २५ प्रतिशत घरपरिवारले स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने र विसर्जन लगायत कार्यमा सहभागी भइ लाभान्वित हुने | फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतना तथा क्षमता विकास, फोहोरमैलाको स्रोतमा वर्गीकरण, पुन: प्रयोग कम्पोष्टिङ, फोहोरमैला सङ्कलन विन वितरण |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

वन तथा जैविक विविधता, जलाधार संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ । वायोइञ्जिनियरिङ तथा वृक्षारोपणमा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ । उल्लेखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ ।

## ७.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ७.३.१ पृष्ठभूमि

यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस गाउँपालिका क्षेत्रमा मानव जनजीवनलाई प्रभावित पार्ने प्रकोपहरुमा भुकम्प, पहिरो, मानव वन्यजन्तु द्वन्द, हावाहुरी, खडेरी, आगलागी र महामारी मुख्यरुपमा रहेका छन् । यस गाउँपालिकामा प्राकृतिक प्रकोपमध्ये सबैभन्दा बढी अविरल वर्षा, तिब्र हावाहुरी कारण धेरै क्षति भएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

स्थानीयस्तरमा जलवायु परिवर्तन सम्बन्धी आधिकारिक तथ्याङ्क कायम गर्नु; स्थानीय जलवायु अनुकूलन कार्ययोजना लागू गर्नु; जलवायु अनुकूलन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु; जलवायु परिवर्तन अनुकूलन संरचना निर्माण गर्नु; गाउँपालिकामा विपद् पूर्वानुमान, पूर्व चेतावनी प्रणाली विकास गरी निरन्तर कार्यान्वयन गर्नु; गाउँपालिका क्षेत्रमा मानव जनजीवनलाई प्रभावित पार्ने प्रकोपहरुमा भुकम्प, पहिरो, मानव वन्यजन्तु द्वन्द, हावाहुरी, खडेरी, आगलागी र महामारी निवारण गरी निरन्तर कार्यान्वयन गर्नु चुनौतीका रुपमा रहेका छन् ।

### ७.३.३ सोच

"प्राकृतिक प्रकोप विपद् र जलवायुवाट सुरिक्षत र उत्थानशिल लुङ्ग्री गाउँपालिका"

### ७.३.४ उद्देश्य

१. विपद् जोखिम न्यूनीकरण तथा विपद्बाट हुने क्षति कम गर्नु,
२. जोखिम नक्शाङ्कन, विपद् जोखिम पूर्वानुमान पूर्वतयारी र प्रतिकार्यलाई सुव्यवस्थित बनाउनु,
३. जलवायू परिवर्तनको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्दै अनुकूलन क्षमता अभिवृद्धि गर्नु,
४. जलवायु परिवर्तन र विपद् व्यवस्थापनका लागि सार्वजनिक र निजी क्षेत्रको सहभागिता वृद्धि गर्नु, र
५. जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी सचेतना क्षमता वृद्धि र आवश्यक पूर्वाधार कार्यान्यवन गर्नु ।

### ७.३.५ रणनीति

१. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन अवधारणा लाई सबै विषय क्षेत्रमा मूलप्रवाहीकरण गर्ने,
२. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद् व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने,

३. जलवायु परिवर्तन अनुकूलनलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग एकीकृत गरी स्थानीय शासन तथा विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने,

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विपद्बाट वार्षिक रूपमा हुने मानवीय क्षति | सङ्ख्या | १ | ०.५ | ० | ० | ० |
| वार्षिक विपद्बाट प्रभावित हुने घरपरिवार | सङ्ख्या | ५० | ३५ | २५ | १० | ५ |
| विपद्बाट हुने वार्षिक क्षति | रू. हजारमा | ४५००० | ४०००० | ३०००० | २०००० | १०००० |
| विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजारमा | ० | ६०० | १००० | १५०० | २००० |
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रम वार्षिक बजेटको अंश | प्रतिशत | ० | ०.० | १ | १ | १ |
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसँग सम्बन्धित आयोजना र कार्य | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ |
| विपद्बाट वार्षिक रूपमा हुने मानवीय क्षति | सङ्ख्या | १ | ०.५ | ० | ० | ० |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | २६२५ | ७८८ | १८३८ | ० | १३५३ | ९३३ | ३३८ | ० |
| २०८२/८३ | ३१८८ | ९५६ | २२३१ | ० | १४५२ | १३९१ | ३४५ | ० |
| २०८३/८४ | ३९८५ | ११९६ | २७९० | ० | १५६५ | २०६८ | ३५३ | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण, अल्पीकरण, पूर्व तयारी र प्रतिकार्य र पूनर्लाभलाई योजनवद्ध र प्रभावकारी बनाउनु। | सालबसाली | | विपद्बाट हुने क्षतीमा २५ प्रतिशतले कमी आउने। |
| २ | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रम | जलवायु परिवर्तको असर न्यूनीकरण, अनुकूलन र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | | जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा भइ लागु हुने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | जोखिम रहेका २०० घरधुरीलाई ५ वटाको दरले ग्याबिन वितरण | जोखिम क्षेत्र पहिचान गर्ने र रहेका भवन तथा संरचनालाई ग्याविन र अन्य आवश्यक सामान उपलब्ध गराउने र विपद् व्यवस्थापनको | जोखिम क्षेत्रमा रहेका संरचनालाई संरक्षण गर्न करिब इञ्जिनियरिङ तथा वायोइञ्जिनियरिङ संरचना |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | गरिएको | पूर्वतयारीको अभ्यास हुने। | निर्माण |
| २ | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रम | संरक्षण शिक्षा तथा सचेतना, पोखरी निर्माण तथा संरक्षण, सचेतना तथा परिचालन भैरहेको | नीति, योजना, कार्यक्रममा हरितगृह ग्यास उत्सर्जन तथा जलवायु परिवर्तन न्यूनीकरण एकीकरण हुने। | स्थानीय अनुकूलन योजना तर्जुमा र कार्यान्वयन, बस्ती र टोल, संरक्षण शिक्षा तथा सचेतना, पोखरी निर्माण तथा संरक्षण, विद्यालयमा इको क्लव गठन, सचेतना तथा परिचालन |

### ७.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले विपद् जोखिम तथा व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार गर्ने र उपयुक्त प्रविधि, स्रोत साधन परिचालन गरी विपद् न्यूनीकरणको लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ। मानवीय कारणले हुने विपद् बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा स्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ। भूक्षय, कटान र बाढी लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद् पर्न सक्ने जोखिम रहन्छ।

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस विषय क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान र जोखिम पक्षहरु समावेश गरिएका छन्।

## ८.१ नीति, कानून, न्याय तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४बमोजिम हालसम्म गाउँपालिकामा २ वटा नीति, १० वटा ऐन, ५ वटा नियमावली, ३३ वटा कार्यविधि, २ वटा निर्देशिका, २ वटा मापदण्ड र २ वटा आचारसंहिता प्रमाणीकरण भई कार्यान्वयनमा रहेका छन्। गाउँ कार्यपालिकाको कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन योजना तर्जुमा, अनुगमन तथा सुपरीवेक्षण, शिक्षा समिति, युवा परिषद, बाल संरक्षण समिति लगायतका विषयगत समिति समेत विभिन्न १२ वटा समितिहरू गठन भई तत्सम्बन्धित कार्यमा क्रियाशिल रहेका छन्। कार्यपालिका कार्यालय तथा ७ वटै वडा कार्यालयमा नागरिक वडापत्र जारी भई सोअनुसार सेवा प्रवाहको प्रयास गरिएको छ। गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको सार्वजनिक परीक्षण, सेवा प्रवाहमा पृष्ठपोषण तथा प्रभावकारिता अभिवृद्धि गर्न नियमित रुपमा सार्वजनिक सुनुवाई तथा आयोजनामा सूचना पाटी राख्ने र वेससाइट तथा अनलाइन प्रणालीबाट सेवाग्राहीसँग अन्तरक्रिया गर्ने र पृष्ठपोषण प्राप्त जस्ता जवादेहिता अभिवृद्धिका प्रयासरू भैरहेका छन्। यसबाट नागरिक सन्तुष्टी दर ८५ प्रतिशत पुगेको छ।

### ८.१.२ समस्या तथा चुनौती

संविधान तथा कानुन अनुसार निर्माण भएका नीति, कानुन तथा मापदण्ड प्रवोधीकरण भइ प्रभावकारी कार्यान्वयन हुन नसक्नु, गाउँपालिका तथा वडा कार्यालयले आवधिक रूपमा निर्णय, कार्यक्रम तथा खर्चको विवरण सार्वजनिक गर्न नसक्नु, समिति तथा संस्थागत जिम्मेवारी बाँडफाँड व्यवस्थित गर्न नसक्नु तथा समय सापेक्ष नागरिक बडापत्र अद्यावधिक गरी सो अनुसार सेवा प्रवाह सहज हुन नसक्नु र निर्णय तथा जिम्मेवारी प्रति जनप्रतिनिधि तथा कर्मचारीको दक्षता तथा क्षमता अभिवृद्धि गरी जवाफदेहिता वृद्धि गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू छन्।

स्थानीय सुशासन तथा सेवा प्रवाहमा सुशासन कायम गर्नु; चुस्त, छीटो छरीतो तथा जनमुखी सेवा प्रवाह गर्नु, कानुन अनुसार स्थानीय तहबाट न्यायिक निरूपण तथा विवाद मध्यस्थताका लागि ज्ञान, अनुभव तथा दक्षता बढाउनु; नीति, निर्णय लगायत शासन सञ्चालन, सेवा प्रवाह तथा विकास प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ८.१.३ सोच

"स्वतन्त्र, सक्षम, शीघ्र, पहुँचयोग्य र जनविश्वासिलो न्याय"

### ८.१.४ उद्देश्य

१. स्थानीय नीति तथा निर्णय प्रक्रियालाई प्रमाणमा आधारित, समावेशी तथा जनउत्तरदायी बनाउनु,
२. गाउँपालिकाको कार्यप्रणालीमा पारदर्शीता सुनिश्चित गर्नु।
३. स्थानीय सेवा प्रवाहलाई जवाफदेही र उत्तरदायी बनाउनु।

### ८.१.५ रणनीति

१. योजना तजुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई सहभागितामूलक बनाउने,
२. नीति ,कानून, योजना तथा निर्णयहरु नियमित रुपमा वेभसाइट मार्फत सार्वजनिक गर्ने,
३. गाउँपालिकाको खरिद प्रणालीलाई पारदर्शी,निष्पक्ष बनाउनु,
४. सूचना तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने

### ८.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ८५ | ८७ | ८८ | ९० |
| स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | सङ्ख्या | ६१ | ७० | ८४ | ९७ | १०९ |
| १. नीति | विषय | २ | ३ | ५ | ६ | ७ |
| २. ऐन | विषय | १० | १२ | १४ | १६ | १८ |
| ३. नियम तथा विनियम | विषय | ५ | ६ | ८ | १० | ११ |
| ४. कार्यविधि | विषय | ३६ | ३८ | ४२ | ४६ | ५० |
| ४.निर्देशिका | विषय | ३ | ३ | ४ | ५ | ६ |
| ६ मापदण्ड | विषय | २ | ३ | ४ | ५ | ६ |
| ७.रणनीति | विषय | १ | २ | ३ | ४ | ५ |
| ८.आचारसंहिता | विषय | २ | ३ | ४ | ५ | ६ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | सङ्ख्या | १३ | १५ | १६ | १७ | १८ |
| न्यायिक समिति बाट फस्यौट भएका | सङ्ख्या | | | | | |

### ८.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १८४५ | १८४५ | ० | ० | १८४५ | ० | ० | ० |
| २०८२/८३ | २०२९ | २०२९ | ० | ० | २०२९ | ० | ० | ० |
| २०८३/८४ | २२३२ | २२३२ | ० | ० | २२३२ | ० | ० | ० |

### ८.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्द्धन गर्नु | सालबसाली | | गाउँपालिकाको सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टी दर ८५ बाट ९२ प्रतिशत पुग्ने |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | अधिकार क्षेत्रका ५५ वटा विषयमा ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र आचारंहिता तजुमा भई कार्यान्वयनमा रहेका | विभिन्न १२ प्रकारका कानुन तर्जुमा तथा आवश्यकताका आधारमा कानुन संसोधन गरी नागरिकको सन्तुष्टी दरमा १५ प्रतिशतले वृद्धि हुने | नीति कार्यक्रम तथा बजेट सार्वजनीकरण, सुशासन तथा जवाफदेहिता प्रर्वद्धन कार्यक्रम, नीति, कानून, कार्यविधि, मापदण्ड तर्जुमा प्रकाशन प्रबोधीकरण, स्थानीय विवादको मेलमिलाप तथा निरुपण, न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन, सुशासन तथा जवाफदेहिता प्रवर्द्धन |

### ८.१.९ जोखिम पक्ष र अनुमान

नेपालको संविधानले व्यवस्थाबमोजिम समन्वय, सहकार्य र साझेदारीको अवधारणा अनुसार सङ्घ, प्रदेश तथा स्थानीय तहबिच कार्यजिम्मेवारी थप स्पष्टता आउने र सोअनुसार नीति, कानुन तथा मापदण्ड तयार भइ स्थानीय शासन, सेवा प्रवाह तथा विकास प्रक्रिया उपलब्धिमूलक तथा प्रभावकारी हुनेछ। उपरोक्तबमोजिम नीतिगत तथा कानुनी व्यवस्था र जिम्मेवारीमा

स्पस्टता नभएमा स्थानीय शासन, प्रभावकारी सेवा प्रवाह तथा विकास उपलब्धिलाई नतिजामूलक, प्रभावकारी तथा पारदर्शी हुने जोखिम रहेको छ ।

## ८.२ संगठन,मानव संसाधन र सेवा प्रवाह

### ८.२.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४, करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७९ ले परिकल्पना गरे बमोजिम यस गाउँपालिकामा हाल रहेका प्रशासन तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, सूचना प्रविधि शाखा, रोजगार शाखा, स्वास्थ्य शाखा, आर्थिक प्रशासन शाखा, आन्तरिक लेखापरिक्षण ईकाइ, पशुपन्छी विकास शाखा, कृषि विकास शाखा, योजना तथा अनुगमन शाखा,पञ्जीकरण शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक कल्याण शाखा, वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइमा स्थायी र करार गरी कुल ११७ कर्मचारी कार्यरत रहेका छन् । सेवा प्रवाहका लागि ८७ विभिन्न आधारभूत नीति कानून कार्यविधिहरु स्वीकृत भएका छन् ।

### ८.२.२ समस्या तथा चुनौती

स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षणबमोजिमको संरचना कार्यान्वयन नहुनु, दरबन्दी अनुसारको कर्मचारी नहुनु, कर्मचारीहरुमा जिम्मेवारी अनुसार दक्षता र अनुभव कमी हुनु, जनप्रतिनिधि र कर्मचारीहरुको लागी विषयगत ज्ञान सिप दक्षता अभिवृद्धि सम्बन्धी तालिम कमी हुनु, सेवाप्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून हुनु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन बमोजिम दक्ष जनशक्तिको पूर्णता दिनु, बढ्दो जनअपेक्षा बमोजिम प्रविधिमैत्री सेवाप्रवाह प्रदान गर्नु, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहका अधिकार क्षेत्र भित्रका कार्य जिम्मेवारी कार्यान्वयन हुनु प्रमुख चुनौतीका विषयहरु हुन ।

### ८.२.३ सोच

"व्यावसायिक र सिर्जनशिल प्रशासनः विकास,समृद्धि र प्रभावकारी सुशासन"

### ८.२.४ उद्देश्य

संगठन संरचना कार्यान्वयन, दक्ष जनशक्तिको विकास र गुणस्तरीय सेवा प्रवाहको अभिवृद्धि गर्नु,

### ८.२.५ रणनीति

१. गाउँ कार्यपालिका, न्यायिक समिति तथा वडा समितिको कार्यालयको संगठन विकास, क्षमता विकास तथा कार्य जिम्मेवारी निर्धारण गर्ने,
२. समुदायमा आधारित सङ्घ,संस्था तथा नागरिक समाजको क्षमता अभिवृद्धि गर्ने,
३. जनप्रतिनिधी र कर्मचारीको क्षमता विकास, प्रोत्साहन गरी सेवा प्रवाह र विकास निर्माण प्रक्रियामा सहजता ल्याउनु,

### ८.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | सङ्ख्या | ११७ | १२५ | १३० | १३५ | १४१ |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | सङ्ख्या | १०९ | ११४ | ११९ | १२४ | १२९ |
| नियमित आम्दानी र खर्च सार्वजनिक गर्ने वडा/कार्यालय | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| संस्थागत स्वमूल्याङकनको प्राप्ताङ्क प्रतिशत | प्रतिशत | ६४.२५ | ७४.२५ | ७८ | ८१ | ८३ |
| अनलाईन/सूचना प्रविधि प्रणालीबाट प्रवाहित सेवा | विषय | १.०० | २.०० | ३ | ४ | ५ |

### ८.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ८४४६७ | ८०२४४ | ४२२३ | ० | ८४४६७ | ० | ० | ० |
| २०८२/८३ | ८८६९१ | ८४२५६ | ४४३५ | ० | ८८६९१ | ० | ० | ० |
| २०८३/८४ | ९३१३८ | ८८४८१ | ४६५७ | ० | ९३१३८ | ० | ० | ० |

### ८.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संगठन, मानव संसाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | संगठन, मानव संसाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण गर्नु, | सालबसाली | | संस्थागत स्वमूल्याङकन स्कोर ७४.२५ बाट ८५ पुगेको हुनेछ। |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | संगठन, मानव संसाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | संगठन व्यवस्थापन सर्वेक्षण भइ संगठन संरचना र कार्यविवरण तयार भएको, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबिच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबिच कार्यसम्पादन करार सम्झौता भएको | संस्थागत स्वमूल्याङकन स्कोर ८५ पुगेको हुनेछ। | सेवाग्राही सन्तुष्टि सर्वेक्षणनिर्गम बहिर्गमन / अभिमत सर्क्षेक्षण, सामाजिक परिक्षण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन,अध्ययन अवलोकन भ्रमण,कर्मचारी प्रहोत्साहन तथा पुरस्कार,नागरिक समाज क्षमता विकास, प्रहरी गठन |

### ८.२.९ जोखिम पक्ष र अनुमान

सङ्घीय निजामति सेवा ऐन अविलम्व जारी भई सङ्घ, प्रदेश र स्थानिय सेवाको सामञ्जस्यता कायम भई स्थानीय सेवाको व्यवस्थापनमा सहज हुनेछ। सो हुन नसकेमा संगठन र मानव संसाधनको अपेक्षित उपलब्धि हुन जोखिम रहन सक्छ।

## ८.३ राजस्व तथा स्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

संविधान एवम् प्रचलित कानुन अनुसार विभिन्न शीर्षकमा कर तथा गैरकर सङ्कलन गर्दै आएको छ। गाउँपालिकाकाले राजस्व परिचालन सम्बन्धी कार्यविधि समेत तर्जुमा गरी कर सङ्कलन, व्यवस्थापनमा सहजता र प्रभावकारिता ल्याउने प्रयास गर्दै आएको छ। गाउँपालिकाले बार्षिक रुपमा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गर्ने गरिएको छ। यसैगरी गाउँपालिकाको आन्तरिक स्रोतको रुपमा व्यवसाय कर, वहाल कर, प्रशासनिक सेवा शुल्क र दस्तुरको योगदान सवै भन्दा ठूलो रहेको छ। गाउँपालिकाबाट कर राजस्वमा धैरै प्रयास नगरेको र विगतका बर्षहरुमा आन्तरिक आयको मात्रामा उतार चढाव देखिन्छ। गाउँपालिकाले राजश्व संकलन कार्यमा अनलाईन सफ्टवेयरको प्रयोग गर्दै आएको छ। राजश्व संकलन कार्यलाई मुख्य प्रशासनिक कार्यालय लगायत ७ वटै वडा कार्यालयमा विस्तार गरी राजश्व संकलन गर्दै आएको छ।

### ८.३.२ समस्या तथा चुनौती

गाउँपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहेपनि राजश्व परिचालनका क्षेत्र, दायरा, दर र राजस्व परिचालनलाई सेवा सँग जोड्न नसक्नु, राजस्व परिचालन सम्बन्ध छलफल तथा कानुनी व्यवस्था कमजोर हुनु, जनस्तरमा यस सम्बन्धी सचेतना कम हुनु, राजश्व सुधार योजना अद्यावधिक हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् । नीतिगत तथा कानुनी व्यवस्था र कर्मचारीको कमीले गर्दा सम्भावनाको अधिकतम राजस्व संकलन लक्ष्य प्राप्त गर्न समस्या देखिएको छ । राजश्व लक्ष्य प्राप्त गर्न गर्नुपर्ने अभियान तथा प्रचारात्मक कार्यहरु निरन्तरता दिनुपर्ने भएको छ ।

### ८.३.३ सोच

"समृद्ध गाउँपालिकाको आधार: स्थानीय स्रोत परिचालनमा सुधार"

### ८.३.४ उद्देश्य

१. राजश्वका नयाँ स्रोतको खोजी गरी राजश्वको आधार फराकिलो तुल्याउनु ।
२. राजश्वको दायरा फराकिलो बनाई कर प्रशासनलाई न्यायोचित बनाउनु
३. राजश्व प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाई प्रभावकारी तुल्याउनु ।

### ८.३.५ रणनीति

१. राजश्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
२. सेवा प्रवाहलाई राजश्व परिचालनसँग आबद्धता गर्ने,
३. करका दरलाई प्रगतिशिल बनाउने,
४. कर प्रशासनमा दण्ड र पुरस्कारको व्यवस्था अवलम्बन गर्ने,
५. राजश्व प्रशासनमा सूचना प्रविधि तथा सेवाग्राही मैत्री राजस्व परिचालनमा अभिवृद्धि गर्ने ।

### ८.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. हजार | १२ | १९ | २० | २२ | २३ |
| बार्षिक आन्तरिक आय रकम | रु. लाखमा | १३२ | २८७ | १८५ | २२६ | २७६ |
| कुल बार्षिक बजेट | रु. लाखमा | १९१९ | २८५५ | ३०७८ | ३३३२ | ३६११ |
| बेरुजु रकम (आ.व. २०७८/७९) | रु. हजारमा | १५५६७३ | १३०००० | ११०००० | ९०००० | ६०००० |

### ८.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ६०० | ६०० | ० | ० | ६०० | ० | ० | ० |
| २०८२/८३ | ६६० | ६६० | ० | ० | ६६० | ० | ० | ० |
| २०८३/८४ | ७२६ | ७२६ | ० | ० | ७२६ | ० | ० | ० |

### ८.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक आय बृद्धि बाह्य स्रोत परिचालनमा क्षमता बढाउनु | सालबसाली | १९४६ | आन्तरिक राजस्व परिचालनमा २५ प्रतिशतले वृद्धि हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | कार्यक्रम तथा आयोजना | हालको प्रगति स्थिति | आगामि तीन बर्षको अपेक्षित उपलब्धी | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १. | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | राजस्व सुधार कार्ययोजना तर्जुमा भई सो अनुसार राजस्वको प्रक्षेपण र हुने गरेको | आन्तरिक राजस्व गत वर्षको तुलनामा २५ प्रतिशतले वृद्धि हुने | अनलाइन राजश्व भुक्तानी प्रणाली, राजश्व सुधारका लागी नागरिक सचेतना कार्यक्रम, राजस्व सुधार कार्ययोजना, करदाता प्रोत्साहन, राजस्व परिचालन सम्बन्धी क्षमता विकास कार्यक्रम |

### ८.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

प्रचलित नीतिगत र कानुन व्यवस्था तथा स्थानीय आवश्यकताको आधारमा पर्यटन, कृषि, वन, खनिज र सूचना प्रविधिमा आधारित उद्योग तथा व्यवसाय सिर्जना, विस्तार, विकास र स्तरोन्नतिमा उत्प्रेरित गर्ने उद्यमी तथा व्यवसायीलाई करको दायरामा ल्याउने तथा करको दर र दायरा फराकिलो बनाइ राजस्व संकनल बृद्धि गर्न सकिने सम्भावना रहेको छ । यसो हुन नसकेमा लक्ष्य अनुसारको राजश्व संकलन हुन नसक्ने जोखिम रहको छ ।

### ८.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु.हजार | १७.८९ | १५.५१ | १७.७६ | १८.८९ | २०.१३ |
| वार्षिक आन्तरिक आय रकम | रु.लाखमा | ४३७२ | ७३०० | ७०२६ | ७९६१ | ९०२५ |
| कुल वार्षिक बजेट | रु.लाखमा | ४७०८३८ | ४१८९०७ | ४६७१६५ | ५०५५९१ | ५४७२०७ |
| बेरुजु रकम | रु. हजारमा | १३३५९६ | १२०००० | ११०००० | १००००० | ८०००० |

### ८.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ६०० | ६०० | ० | ० | ६०० | ० | ० | ० |
| २०८२/८३ | ६६० | ६६० | ० | ० | ६६० | ० | ० | ० |
| २०८३/८४ | ७२६ | ७२६ | ० | ० | ७२६ | ० | ० | ० |

### ८.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व सूचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु । | सालबसा ली | ४२५३ | आन्तरिक आय तथा राजस्वमा वार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ । |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | राजस्व सूचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | राजस्व सुधार कार्ययोजना तर्जुमा भई सो अनुसार राजस्वको प्रक्षेपण र हुने गरेको | आन्तरिक राजस्व गत वर्षको तुलनामा २० प्रतिशतले वृद्धि हुने | अनलाइन राजश्व भुक्तानी प्रणाली, राजश्व सुधारका लागी नागरिक सचेतना कार्यक्रम, नदीजन्य सामाग्रीको वातावरणीय अध्ययन, ठेक्का सम्झौता, राजश्व सङ्कलन तथा अनुगमन/सुपरीवेक्षण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि तर्जुमा तथा सम्पत्ति कर व्यवस्थापन, भवन निर्माण मापदण्ड तयारी, पुराना घरको अभिलेखीकरण तथा घर नक्शा पास सम्बन्धी व्यवस्था, अटो-रिक्सा सञ्चालन तथा व्यवस्थापन |

### ८.३.९ जोखिम पक्ष र अनुमान

प्रचलित नीतिगत र कानुन व्यवस्था तथा स्थानीय आवश्यकताको आधारमा पर्यटन, कृषि, वन, खनिज र सूचना प्रविधिमा आधारित उद्योग तथा व्यवसाय सिर्जना, विस्तार, विकास र स्तरोन्नतिमा उत्प्रेरित गर्ने उद्यमी तथा व्यवसायीलाई करको दायरामा ल्याउने तथा सम्पत्त र व्यवसाय करको दर र दायरा फराकिलो बनाइ राजस्व संकनल बृद्धि गर्न सकिने सम्भावना रहेको छ । यसो हुन नसकेमा लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ । यसका साथै संघ तथा प्रदेशबाट हस्तान्तरण हुने स्रोत साधनमा संकुचन आएको अवस्थतामा स्थानीय स्रोत साधन परिचालन गरी विकास कार्यलाई तिब्रता दिन नसकिने जोखिम रहेको छ ।

## ८.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

गाउँपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक विकास योजना (२०७८|७९–२०८२|८३) तर्जुमा गरी कार्यान्वयनमा रहेको छ । सेवाग्राही तथा लक्षित समुदायको अर्थपूर्ण संलग्नतमा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँपालिकाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । गाउँ शिक्षा योजनाको मस्यौदा तयार भएको छ। गाउँ सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा रहेको छ । गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) निर्माण भई अध्यावधिक गर्ने तयारी भइरहेको छ ।

### ८.४.२ समस्या तथा चुनौती

आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता बमोजिम आयोजना तथा कार्यक्रम छनौट र कार्यान्वयन नहुनु, कार्यान्वयनका चरणमा आयोजना तथा कार्यक्रमको अवलोकन, निरीक्षण तथा अनुगमन नियमित र प्रभावकारी नहुनु, आयोजना कार्यक्रमको मूल्याङ्नको अभ्यास नहुनु, आयोजना बैँक र सो अनुसार मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

सूचना तथा तथ्यमा आधारित नीति, योजना, कार्यक्रम तथा आयोजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्थापन गर्नु; स्थानीय विकास नीति योजना तथा कार्यक्रमको असल अभ्यास र सवाल सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नु; अन्तर सरकार नीति, योजना तथा कार्यक्रममा अन्तर सम्बन्ध तथा सामञ्जस्यता कायम गर्नु; नीति योजना तर्जुमा प्रक्रियालाई सहभागितामुलक र समावेशी र पारदर्शी बनाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ८.४.४ सोच

"सुसूचित नीति तथा योजना, उत्तरदायी विकास व्यवस्थापन"

### ८.४.४ उद्देश्य

१. नीति, योजना तथा कार्यक्रम तर्जुमा प्रणाली तथ्यपरक, समावेशी, सहभागितामुलक र नतिजामुलक तुल्याउनु,
२. उपलब्ध स्रोत साधनको कुशल विनियोजन, दक्ष कार्यान्वयन र कार्यान्वयनमा वित्तीय सुशासन कायम गर्नु,
३. बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ वनाउ

### ८.४.५ रणनीति

१. योजना व्यवस्थापनको समग्र प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने,
२. प्रमाणमा आधारित तथा नतिजामुखी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँगको समन्वय, साझेदारी र सहकार्यलाई विस्तार गर्ने,
४. स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, व्यवस्थित बनाउने तथा अद्यावधीकरण गर्ने ।

### ८.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको वास्तविक उपलब्धि | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | २ | ३ | ४ | ५ | ६ |
| गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | सङ्ख्या | २ | २ | ३ | ५ | ६ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ७ | ८ | ९ | १० | १२ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७८ | ८९ | ९० | ९२ | ९५ |

### ८.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | २२५० | २२५० | ० | ० | २२५० | ० | ० | ० |
| २०८२/८३ | २७०० | २७०० | ० | ० | २७०० | ० | ० | ० |
| २०८३/८४ | २९७१ | २९७१ | ० | ० | २९७१ | ० | ० | ० |

### ८.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु। | सालबसाली | | आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा तथा अद्यावधिक हुने र सोबमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ। |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् :

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | आवधिक योजना, वस्तुस्थिति विश्लेषण विवरण, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा भइ कार्यान्वयन भइरहेको | डिजिटल प्रोफाइल समेत आवधिक योजना, २ विषय क्षेत्रको रणनीतिक/गुरूयोजना र आयोजना बैंक समेत मध्यकालीन खर्च संरचना तर्जुमा संस्थागत भइ वार्षिक नीति, कार्यक्रम तथा बजेट तथ्य तथा नतिजामा आधारित हुने | आवधिक योजनाको अध्यवधिक/समिक्षा, डिजिटल प्रोफाइल निर्माण, वस्तुस्थिति विवरण, पर्यटन गुरुयोजना, गाउँ सडक तथा यातायात गुरूयोजना, नतिजामा आधारित वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका अतिरिक्त सेवा र परामर्श, सूचना व्यवस्थापन प्रणाली तयारी, उपभोक्ता समिति क्षमता विकास कार्यक्रम, उत्कृष्ट उपभोक्ता समिति सम्मान तथा प्रोत्साहन कार्यक्रम |

### ८.४.९ जोखिम पक्ष र अनुमान

संघ तथा प्रदेशको नीति, योजना, कार्यक्रमसँग सामाञ्जस्यता कायम गरी संघ तथा प्रदेशको समन्वय र सहकार्यमा गाउँपालिकाले तथ्याङ्क व्यवस्थापन, नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न गर्नेछ । संघ तथा प्रदेश सरकारका सम्बन्धित निकायबाट स्थानीय तहको अधिकार क्षेत्रका विषयमा तथ्याङ्क व्यवस्थापन, दीर्घकालीन तथा मध्यमकालीन योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा नीतिगत, क्षमता विकास वित्तीय र प्राविधिक सहयोग उपलब्ध हुनेछ । सो अनुसार संघ तथा प्रदेशबाट सहयोग र सहजीकरण उपलब्ध नभएमा स्थानीय विकास उपलब्धि नतिजामूलक र प्रभावकारी नहुने जोखिम रहन्छ ।

## अनुसूची २: मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन , २०८१

### १. पृष्ठभूमि

संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधि पहिलो कार्यकालमा स्थानीय शासन, सेवा प्रवाह तथा विकासको आधार तयार गर्ने कार्यमा महत्वपूर्ण उपलब्धि हासिल गर्दै दोस्रो कार्यकालमा सेवा प्रवाह, विकास उपलब्धि र सुशासनमा तिब्रता प्रदान गर्न प्रयासरत छन् । नेपालको संविधानले परिकल्पना अनुसार तीनवटै तहबिचको सहकारीता, समन्वय र सहअस्थित्वको मर्मलाई आत्मसात गरी स्थानीय सरकाले अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिकबिचको साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउँदै लगेका छन् । राजनीतिक संक्रमण अन्त्यको संघारको हालको अवस्थामा स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धि हासिल गर्ने गति तिब्र बनाउँदै जनआवश्यकता तथा अपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ ।

संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाबमोजिम स्थानीय सरकारले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने आफ्ना प्रयास अगाडि बढाउनु पर्ने पर्दछ । स्थानीय आवश्यकताको सम्बोधन गर्दै जनअपेक्षाबमोजिम राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ । स्थानीय सरकारले विकास प्रक्रियालाई निदृष्ट गन्तब्यतर्फ उन्मुख गराई अपेक्षित उपलब्धि हासिल गर्न नागरिक तथा सरोकारवाला समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणाबमोजिम नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्न आवश्यक हुन्छ । नीति तथा दीर्घकालीन, आवधिक र विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरेअनुसारको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा मध्यमकालीन खर्च संरचना र सोको आधारमा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्दछ । नीति, योजना तथा कार्यक्रमले उपलब्ध हुन सक्ने सम्भाव्य स्रोत साधन पहिचान गरी अनुमानित र विनियोजन बजेटबिचको खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ ।

संविधान अधिकार तथा प्रचलित कानुन बमोजिम स्थानीय सरकारलाई योजना तर्जुमा तथा कार्यान्वयनको महत्वपूर्ण जिम्मेबारी रहेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३)बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ । यसै गरी ऐनको दफा १६ को उपदफा (१) ले स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्रका विषयमा सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने पनि व्यवस्था गरेको छ ।

यस मार्गदर्शनको उद्देश्य नेपालको संविधना, स्थानीय शासन सञ्चालन ऐन लगायत प्रचलित तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन अनुसार मध्यमकालीन खर्च तथा वार्षिक विकास कार्यक्रम तर्जुमा प्रक्रियालाई मार्गदर्शन रहेको छ । आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । गाउँ कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाबमोजिम यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचनाको प्रस्ताव तयार गर्नुपर्नेछ ।

## २. कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यक्रम, अस्थिर राजनीति सन्तुलन तथा नीति, तरल राष्टिय अर्थतन्त्र र विश्वव्यापी आर्थिक शीथिलताको परिवेशमा प्रदेश तथा संङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख गराउने प्रयास गरिएको छ । चालु आर्थिक वर्षका स्वीकृत केही कार्यक्रम तथा आयोजना सम्पन्न हुने अवस्थामा, केही कार्यान्वयन भैरहेका र केही शुरू हुने अवस्थामा रहेका छन् । स्वीकृत नीति, कार्यक्रम तथा बजेट क कार्यान्वयनमा समय तालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न अनुभव, सिप तथा क्षमता, कार्यविधि तथा मापदण्डको कमी महशुस गरिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र अनुगमन तथा मूल्याङ्कन योजना बनाई यसलाई व्यवस्थित गर्ने सिकाई समेत भएको छ । विषयगत योजना, कार्यक्रम तथा आयोजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धि समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथाशक्य आयोजना र कार्यक्रमगत रूपमा नभएमा उपक्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने प्रयास गरिएको छ ।

## ३. योजना तथा बजेट तर्जुमाका आधार

मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधारका रुपमा लिइनेछ :

१ . नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)

२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली लगागत गाउँपालिकाबाट स्वीकृत नीति, कानुन, नियम, कार्यविधि, मापदण्ड

३. प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

५. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्यवको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सावर्जनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सान्रदभिक बुँदाहरू

१०. गाउँपालिकाको आवधिक योजना, दीर्घकालीन नीति तथा कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

## ४. बजेट सीमा

बजेट वर्ष आ .व.२०८१/८२ सहित ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि उपक्षेत्रगत रूपमा बजेट सीमा देहायअनुसार निर्धारण गरिएको छ।

| क्रसं. | विषय क्षेत्र तथा उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (हजारमा .रू) | | | | बजेटको स्रोत हजारमा .रू) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋणा तथा अन्य |
| | आर्थिक क्षेत्र | २०८१/८२ | ४७९३९ | ३२००१ | १५९३८ | ० | २९७५ | ४३२७१ | १६९२ | ० |
| | | २०८२/८३ | ५१८८२ | ३४६३३ | १७२४९ | ० | ३१९२ | ४६९६४ | १७२६ | ० |
| | | २०८३/८४ | ५६१५२ | ३७४८४ | १८६६९ | ० | ३४४० | ५०९४९ | १७६३ | ० |
| | कृषि, खाद्य सुरक्षा तथा सिंचाइ | २०८१/८२ | १३४४८ | ८७४१ | ४७०७ | ० | १३५२ | ११४१९ | ६७७ | ० |
| | | २०८२/८३ | १४५५४ | ९४६० | ५०९४ | ० | १४५१ | १२४१३ | ६९१ | ० |
| | | २०८३/८४ | १५७५२ | १०२३९ | ५५१३ | ० | १५६४ | १३४८४ | ७०५ | ० |
| | पशुपन्छी सेवा | २०८१/८२ | १६३२७ | १३०६२ | ३२६५ | ० | ० | १५६५० | ६७७ | ० |
| | | २०८२/८३ | १७६७० | १४१३६ | ३५३४ | ० | ० | १६९८० | ६९१ | ० |
| | | २०८३/८४ | १९१२५ | १५३०० | ३८२५ | ० | ० | १८४१९ | ७०५ | ० |
| | पर्यटन, संस्कृति तथा सम्पदा | २०८१/८२ | ५५३३ | ३८७३ | १६६० | ० | ६७६ | ४५१८ | ३३८ | ० |
| | | २०८२/८३ | ५९८८ | ४१९१ | १७९६ | ० | ७२५ | ४९१७ | ३४५ | ० |
| | | २०८३/८४ | ६४८० | ४५३६ | १९४४ | ० | ७८२ | ५३४६ | ३५३ | ० |
| | उद्योग, व्यापार तथा व्यवसाय | २०८१/८२ | १९७० | ५९१ | १३७९ | ० | ६७६ | १२९४ | ० | ० |
| | | २०८२/८३ | २१३२ | ६४० | १४९३ | ० | ७२५ | १४०७ | ० | ० |
| | | २०८३/८४ | २३०८ | ६९२ | १६१५ | ० | ७८२ | १५२६ | ० | ० |
| | भूमि व्यवस्था, सहकारी तथा वित्त सेवा | २०८१/८२ | १३४६ | १०७६ | २६९ | ० | २७० | १०७५ | ० | ० |
| | | २०८२/८३ | १४५६ | ११६५ | २९१ | ० | २९० | ११६६ | ० | ० |
| | | २०८३/८४ | १५७६ | १२६१ | ३१५ | ० | ३१३ | १२६३ | ० | ० |
| | श्रम, रोजगारी तथा गरिबी निवारण | २०८१/८२ | ९३१५ | ४६५८ | ४६५८ | ० | ० | ९३१५ | ० | ० |
| | | २०८२/८३ | १००८१ | ५०४१ | ५०४१ | ० | ० | १००८१ | ० | ० |
| | | २०८३/८४ | १०९११ | ५४५६ | ५४५६ | ० | ० | १०९११ | ० | ० |
| | **सामाजिक विकास** | २०८१/८२ | २६४०५५ | १९६४४१ | ६७६१३ | ० | १०१४३ | २४४७७५ | ९१३६ | ० |
| | | २०८२/८३ | २८५७७४ | २१२५९९ | ७३१७४ | ० | १०८८० | २६५५७१ | ९३२३ | ० |
| | | २०८३/८४ | ३०९२९६ | २३००९८ | ७९१९८ | ० | ११७२७ | २८८०५० | ९५१९ | ० |
| | जनस्वास्वास्थ्य तथा पोषण | २०८१/८२ | ७५२३३ | ५६४२५ | १८८०८ | ० | ० | ७४२१८ | १०१५ | ० |
| | | २०८२/८३ | ८१४२१ | ६१०६६ | २०३५५ | ० | ० | ८०३८५ | १०३६ | ० |
| | | २०८३/८४ | ८८१२३ | ६६०९२ | २२०३१ | ० | ० | ८७०६५ | १०५८ | ० |
| | शिक्षा, कला तथा साहित्य | २०८१/८२ | १६२३३७ | १२९८७० | ३२४६७ | ० | ० | १५८२७७ | ४०६० | ० |
| | | २०८२/८३ | १७५६९० | १४०५५२ | ३५१३८ | ० | ० | १७१५४६ | ४१४३ | ० |
| | | २०८३/८४ | १९०१५१ | १५२१२१ | ३८०३० | ० | ० | १८५९२० | ४२३१ | ० |
| | खानेपानी, सरसफाइ तथा स्वच्छता | २०८१/८२ | १२६०२ | २५२ | १२३५० | ० | ६७६२ | २४५६ | ३३८४ | ० |
| | | २०८२/८३ | १३६३८ | २७३ | १३३६६ | ० | ७२५४ | २९३२ | ३४५३ | ० |
| | | २०८३/८४ | १४७६१ | २९५ | १४४६६ | ० | ७८१८ | ३४१७ | ३५२६ | ० |
| | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०८१/८२ | ९६४९ | ८२०१ | १४४७ | ० | २७०५ | ६६०५ | ३३८ | ० |
| | | २०८२/८३ | १०४४२ | ८८७६ | १५६६ | ० | २९०१ | ७१९६ | ३४५ | ० |
| | | २०८३/८४ | ११३०२ | ९६०७ | १६९५ | ० | ३१२७ | ७८२२ | ३५३ | ० |
| | युवा, खेलकुद तथा नवप्रवर्तन | २०८१/८२ | ४२३४ | १६९४ | २५४० | ० | ६७६ | ३२१९ | ३३८ | ० |
| | | २०८२/८३ | ४५८२ | १८३३ | २७४९ | ० | ७२५ | ३५१२ | ३४५ | ० |
| | | २०८३/८४ | ४९५९ | १९८४ | २९७६ | ० | ७८२ | ३८२५ | ३५३ | ० |
| | **पूर्वाधार विकास क्षेत्र** | २०८१/८२ | ६२०६२ | १२६० | ६०८०३ | ० | ३५२९४ | ४०९७ | २२६७१ | ० |
| | | २०८२/८३ | ६७१६७ | १३६३ | ६५८०४ | ० | ३७०४२ | ६९९१ | २३१३४ | ० |
| | | २०८३/८४ | ७२६९६ | १४७५ | ७१२२० | ० | ३९५१० | ९५६४ | २३६२१ | ० |
| | बस्ती विकास, आवास तथा भवन | २०८१/८२ | २४६०१ | ४९२ | २४१०९ | ० | १३५२५ | २४८ | १०८२८ | ० |
| | | २०८२/८३ | २६६२४ | ५३२ | २६०९२ | ० | १४५०७ | १०६८ | ११०४९ | ० |
| | | २०८३/८४ | २८८१६ | ५७६ | २८२३९ | ० | १५६३६ | १८९८ | ११२८२ | ० |
| | सडक, पुल तथा यातायात | २०८१/८२ | ३४०१३ | ३४० | ३३६७३ | ० | २१७७० | ४०१ | ११८४३ | ० |

| क्रसं. | विषय क्षेत्र तथा उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (हजारमा .रू) | | | | बजेटको स्रोत हजारमा .रू) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | | २०८२/८३ | ३६८११ | ३६८ | ३६४४३ | ० | २२५३५ | २१९१ | १२०८५ | ० |
| | | २०८३/८४ | ३९८४१ | ३९८ | ३९४४३ | ० | २३८७४ | ३६२८ | १२३३९ | ० |
| | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८१/८२ | ८९८ | ४५ | ८५३ | ० | ० | ८९८ | ० | ० |
| | | २०८२/८३ | ९७२ | ४९ | ९२३ | ० | ० | ९७२ | ० | ० |
| | | २०८३/८४ | १०५२ | ५३ | ९९९ | ० | ० | १०५२ | ० | ० |
| | सूचना, सञ्चार तथा प्रविधि | २०८१/८२ | २५५० | ३८३ | २१६८ | ० | ० | २५५० | ० | ० |
| | | २०८२/८३ | २७६० | ४१४ | २३४६ | ० | ० | २७६० | ० | ० |
| | | २०८३/८४ | २९८७ | ४४८ | २५३९ | ० | ० | २९८७ | ० | ० |
| | **वन तथा वातावरण क्षेत्र** | २०८१/८२ | **७८७५** | **१६७०** | **६२०५** | **०** | **१६८९** | **५८४८** | **३३८** | **०** |
| | | २०८२/८३ | **८५२३** | **१८०७** | **६७१६** | **०** | **१८१२** | **६३६६** | **३४५** | **०** |
| | | २०८३/८४ | **५७५४** | **१६०९** | **४१४५** | **०** | **१९५५** | **३४४६** | **३५३** | **०** |
| | वन, हरियाली, भू तथा जैविक विविधता संरक्षण | २०८१/८२ | ३५०० | ३५० | ३१५० | ० | ० | ३५०० | ० | ० |
| | | २०८२/८३ | ३७८८ | ३७९ | ३४०९ | ० | ० | ३७८८ | ० | ० |
| | | २०८३/८४ | ६३० | ६३ | ५६७ | ० | ० | ६३० | ० | ० |
| | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २०८१/८२ | ११६२ | ३५ | ११२७ | ० | ३३६ | ८२६ | ० | ० |
| | | २०८२/८३ | १२५८ | ३८ | १२२० | ० | ३६१ | ८९७ | ० | ० |
| | | २०८३/८४ | १३६१ | ४१ | १३२० | ० | ३९२ | ९७० | ० | ० |
| | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | २०८१/८२ | ३२१३ | १२८५ | १९२८ | ० | १३५२ | १५२२ | ३३८ | ० |
| | | २०८२/८३ | ३४७७ | १३९१ | २०८६ | ० | १४५१ | १६८१ | ३४५ | ० |
| | | २०८३/८४ | ३७६३ | १५०५ | २२५८ | ० | १५६४ | १८४७ | ३५३ | ० |
| | **संस्थागत विकास क्षेत्र** | २०८१/८२ | **८५१४३** | **८०७२३** | **४४२०** | **०** | **८५१४३** | **०** | **०** | **०** |
| | | २०८२/८३ | **९२१४७** | **८७३६३** | **४७८४** | **०** | **९२१४७** | **०** | **०** | **०** |
| | | २०८३/८४ | **९९७३१** | **९४५५३** | **५१७८** | **०** | **९९७३१** | **०** | **०** | **०** |
| | नीति, कानून, न्याय तथा सुशासन | २०८१/८२ | १७०० | १६१५ | ८५ | ० | १७०० | ० | ० | ० |
| | | २०८२/८३ | १८४० | १७४८ | ९२ | ० | १८४० | ० | ० | ० |
| | | २०८३/८४ | १९९१ | १८९२ | १०० | ० | १९९१ | ० | ० | ० |
| | संगठन, मानव संशाधन तथा क्षमता विकास | २०८१/८२ | ८०१७७ | ७६१६८ | ४००९ | ० | ८०१७७ | ० | ० | ० |
| | | २०८२/८३ | ८६७७२ | ८२४३३ | ४३३९ | ० | ८६७७२ | ० | ० | ० |
| | | २०८३/८४ | ९३९१४ | ८९२१८ | ४६९६ | ० | ९३९१४ | ० | ० | ० |
| | राजस्व तथा श्रोत परिचालन | २०८१/८२ | ४६७ | ४२० | ४७ | ० | ४६७ | ० | ० | ० |
| | | २०८२/८३ | ५०५ | ४५४ | ५० | ० | ५०५ | ० | ० | ० |
| | | २०८३/८४ | ५४७ | ४९२ | ५५ | ० | ५४७ | ० | ० | ० |
| | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८१/८२ | २८०० | २५२० | २८० | ० | २८०० | ० | ० | ० |
| | | २०८२/८३ | ३०३० | २७२७ | ३०३ | ० | ३०३० | ० | ० | ० |
| | | २०८३/८४ | ३२७९ | २९५१ | ३२८ | ० | ३२७९ | ० | ० | ० |
| **जम्मा** | | २०८१/८२ | **४६७०७४** | **३१२०९५** | **१५४९७९** | **०** | **१३५२४५** | **२९७९९२** | **३३८३७** | **०** |
| | | २०८२/८३ | **५०५४९२** | **३३७७६५** | **१६७७२७** | **०** | **१४५०७२** | **३२५८९१** | **३४५२९** | **०** |
| | | २०८३/८४ | **५४३६२९** | **३६५२२०** | **१७८४०९** | **०** | **१५६३६४** | **३५२०१०** | **३५२५५** | **०** |

क्रमागत र प्राथमिकता क्षेत्रका देहायमा उल्लेखित कार्यक्रम तथा आयोजनामा स्रोतको सुनिश्चितता हुने गरी बजेटको सीमामा रही उपक्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजना छनौट गर्नुहुन अनुरोध छः

रकम रू. हजारमा

| उपक्षेत्र | कार्यक्रम तथा आयोजना | कुल लागत | २०७९/८० खर्च | २०८०/८१ प्र. अनुमान | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| पर्यटन, संस्कृति तथा | लेक टु लेक पदमार्ग निर्माण आयोजना | ६०००० | | | २००० | २३०० | ३५०० |

| उपक्षेत्र | कार्यक्रम तथा आयोजना | कुल लागत | २०७९/८० खर्च | २०८०/८१ प्र. अनुमान | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| सम्पदा | जम्मा | ६००० | | | २००० | २३०० | २६४५ |
| स्वास्थ्य तथा पोषण | आधारभूत अस्पताल निर्माण आयोजना | १८०००० | ० | ० | ५००० | २५००० | ४५००० |
| | जम्मा | १८०००० | | | ५००० | २५००० | ४५००० |
| शिक्षा, विज्ञान, कला साहित्य | बराहक्षेत्र मा.वि. किलाचौर नमूना विद्यालय | ४५००० | | | ६००० | १०००० | ७०००० |
| | जम्मा | ४५००० | | | ६००० | १०००० | ७०००० |
| खानेपानी तथा सरसफाइ | बोज्याङखोला नम्जा लिफ्ट खानेपानी आयोजना | ३०००० | ५००० | ५००० | १००० | ४००० | ५००० |
| | जम्मा | ३०००० | | ५००० | १००० | ४००० | ५००० |
| भवन, आवास, बस्ती तथा शहरी विकास | प्रशासकीय भवन निर्माण | ८३५८४ | २५००० | २७२०० | ३२३८४ | 0 | ० |
| | वडा कार्यालय भवन निर्माण आयोजना, वडा नम्बर ४ | १५००० | | | ७००० | ८००० | ० |
| | जम्मा | ९८५८४ | २५००० | २७२०० | ३९३८४ | ८००० | ० |
| सडक, पुल तथा यातायात | किलाचौर नम्जा जुतुङखोला हुँदै सुनिल स्मृती जोड्ने सडक निर्माण आयोजना | ८४००३२ | | | ४००० | ४००० | ५००० |
| | राजिपाटी हार्जन सडक स्तरोन्नति आयोजना (समपुरक) | ५३००४८ | | | ७००० | १७६०० | १४५७८ |
| | जम्मा | १३७००८० | | | ११००० | २१६०० | १९५७८ |
| वातावरणा तथा फोहोरमैला व्यवस्थापन | तल्लो सेरा सान्चौर तटबन्धन आयोजना | १८००० | | | ३००० | ३१५० | ३३०८ |
| | जम्मा | १८००० | | | ३००० | ३१५० | ३३०८ |

## वडाका बजेट सिलिङ

| वडा नम्बर | बजेट सीमा (रू. हजारमा) | | |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | ५५०० | ५७७५ | ६०६४ |
| २ | ५००० | ५२५० | ५५१३ |
| ३ | ५००० | ५२५० | ५५१३ |
| ४ | ५००० | ५२५० | ५५१३ |
| ५ | ४५०० | ४७२५ | ४९६१ |

| वडा नम्बर | बजेट सीमा (रू. हजारमा) | | |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ६ | ४८०० | ५०४० | ५२९२ |
| ७ | ५००० | ५२५० | ५५१३ |
| जम्मा | ३४८०० | ३६५४० | ३८३६७ |

## ५. मध्यमकालीन खर्च संरचना तथा बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष २०८१/८२ सहित आगामी दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही गाउँपालिकाको विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लेखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा साङ्केतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लेखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ।

३. गाउँपालिकाको तर्जुमा हुने आवधिक योजना, वार्षिक नीति कार्यक्रम, विषयक्षेत्र रणनीतिक गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

४. चालु आर्थिक वर्षमा संचालित स्थानीय गौरव/स्वर्णीम, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र सङ्ख्यात्मक रूपमा धैरै आयोजना छनौट भन्दा ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ।

६. गाउँपालिका स्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन् लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका तथा स्रोत सुनिश्चतता भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तिकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभिका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

९. कृषि, उद्योग, वन तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको नीति, विषयगत रणनीतिक/गुरूयोजना तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१३. योग, ज्ञान तथा सिप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ।

१२. भूउपयोग योजना र क्षेत्र, बस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

१४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकूल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, लैंङ्गिक समानता र सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ। महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाई  प्रस्ताव गर्नु पर्नेछ। यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा सञ्चालन गर्न र बजेट अपुग हुन पाउँदैन।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र सङ्घ/राय परामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्र अनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

२१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेखित ढाँचा तथा फाराममा मध्यमकालीन खर्च संरचना, नतिजा खाका, आयोजना र कार्यक्रम तथा बजेट विवरण तयार गर्नु पर्नेछ।

२२. योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल), स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन, कार्यसम्पादन मूल्यांकन, लैससास परीक्षण, वित्तीय जोखिम तथा सुशासन कार्ययोजना आदिले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्नु पर्नेछ।

२३. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्नेछ।